सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२६ मंसिर २०८१, बुधबार (11 Dec 2024, Wednesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २३४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ घरजग्गा व्यवसायी लामामाथि रड प्रहार प्रकरण



राई र सिलवालविरुद्ध पक्राउ पुर्जी, मनाङेको पनि देखियो संलग्नता

(विस्तृत पृष्ठ ३)

माओवादीलाई जनतामाझ जान सन्देश



माओवादीलाई उपनिर्वाचनले मिहिनेतपूर्वक जनतासँगको संवादलाई निरन्तरता दिन र योजनाबद्ध रूपमा जनताका पक्षमा काम गर्न सन्देश दिएको छ

● माधव सापकोटा

(पृष्ठ ४)


युद्धमा हालसम्म ४३ हजार युक्रेनी मारिएको जेलेन्स्कीको स्वीकारोक्ति



फेब्रुअरी २०२२ मा रुसले युक्रेनमाथि आक्रमण सुरु गरेयता करिब ४३ हजार युक्रेनी सैनिक युद्ध मैदानमा मारिएका भोलोदिमिर जेलेन्स्कीले बताएका छन् । यो रुस-युक्रेन युद्धमा भएको हताहतीबारे कुनै पक्षबाट आएको दुर्लभ स्वीकारोक्ति हो ।

(विस्तृत पृष्ठ ५)

डिजाइन परिवर्तनले एमसिसी प्रसारणलाइनको लागत २५% बढ्ने



२२ करोड ६ लाख डलर अनुमान गरिएका चार प्रसारणलाइन निर्माणको लागत डिजाइन परिमार्जन गर्दा २७ करोड ६५ लाख ६० हजार डलर पुग्ने

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

स्काउटको जग्गा हडपेर व्यवसाय गरेका मन्त्री खड्काको शक्तिसामु संसद्समेत लाचार

न्यायिक पहल गरिदिन संसद्का तीन समितिमा स्काउटले दिएको उजुरी भन्डै एक वर्षसम्म राखियो गुपचुप

राज्य व्यवस्था समितिकी सदस्य दुर्गा राईले स्काउटको उजुरी किन गुपचुप राखियो भनेर प्रश्न उठाएपछि सांसदहरूले बल्ल पाए थाहा



कांग्रेस नेता तथा ऊर्जामन्त्री दीपक खड्काको कम्पनी खड्काल्यान्डले लैनचौरस्थित नेपाल स्काउटको जग्गा र संरचना सत्ता र शक्तिको बलमा कौडीको भाउमा लिजमा मात्र लिएन, साढे पाँच करोड भाडासमेत तिरेको छैन । भाडा तिर्न अदालतले दिएको आदेश अवज्ञा गरेका खड्काको शक्तिअगाडि संसदीय समिति पनि निरीह देखिएका छन् ।

कमलराज भट्ट, सुवास भट्ट

ऊर्जामन्त्री दीपक खड्काको कम्पनी खड्काल्यान्ड डेभलपमेन्ट प्रालिले वर्षौंदेखि लैनचौरको जग्गा कौडीको भाउमा भोगचलन गरेर पनि नतिरेको करोडौं बक्यौता दिलाइदिन तथा घरजग्गा खाली गराइदिन माग गर्दै नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयले तीन संसदीय समितिमा दिएको उजुरी एक वर्षसम्म गोप्य राखिएको सार्वजनिक भएको छ । स्काउटले राज्य व्यवस्था तथा सुशासन समिति, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति र सार्वजनिक लेखा समितिमा ११ पुस ०८० मै उजुरी दिएको थियो । तर, शक्तिसामु लाचार भएर समितिहरूले दराजमा 'कैद' गरेको उजुरीबारे सार्वजनिक सवाल उठेपछि मंगलबार राज्य व्यवस्था तथा सुशासन समितिले सांसदहरूलाई उजुरी बाँडेको छ । अन्य दुई समितिमा भने अझै गुपचुप नै छ ।

स्काउट स्रोतका अनुसार मन्त्री खड्का मुख्य सञ्चालक रहेको खड्काल्यान्डले जग्गा र व्यावसायिक भवनसहितको करिब साढे पाँच करोड बक्यौता तिर्न

» पृष्ठ २ मा क्रमशः

■ के भन्छन् उजुरी परेका समिति सभापति र सदस्य ?

● **रामहरि खतिवडा**, सभापति, राज्य व्यवस्था तथा सुशासन समिति



सत्तापक्षको मान्छे भएकाले नहेरेको भन्ने होइन । अन्य विषय पनि हेर्नुपरेको र धेरै बैठकसमेत बस्न नपाएकाले ढिलाइ भएको हो । समितिमा तेरो-मेरो पार्टी भन्ने हुँदैन । नभ्याएरै ढिलाइ भएको हो ।

● **अम्मरबहादुर थापा**
सभापति, शिक्षा समिति



स्काउटको उजुरी आएको सम्बन्धमा मलाई नै अहिलेसम्म जानकारी छैन । त्यहाँ बदमासी भएको रहेछ भने समितिले अब के भएको हो भनेर सोध्छ ।

● **ऋषिकेश पोखरेल**
सभापति, लेखा समिति



स्काउटको पुरानो उजुरी हो । त्यसबारे सम्बन्धित निकायसँग जवाफ मागिएको छ । प्रतिक्रिया कसरी आउँछ, त्यस आधारमा मात्रै छलफल गर्छौं ।

● **रघुजी पन्त**, एमाले



स्काउटले समितिमा उजुरी दिएको विषय अहिलेसम्म थाहा थिएन, छलफल पनि भएको थिएन । समितिमै प्रश्न उठेपछि मंगलबार मात्रै हात परेको छ । उजुरीबारे अब समितिमा छलफल हुनुपर्छ ।

● **हितराज पाण्डे**, माओवादी



यति महत्त्वपूर्ण उजुरीलाई अहिलेसम्म गुपचुप राख्नु निकै संवेदनशील विषय हो । समितिकै एकजना माननीयले प्रश्न उठाएपछि सत्तापक्षलाई गलत गर्दा पनि केही नगर्ने एक ज्वलन्त उदाहरण सार्वजनिक भएको छ ।

● **छविलाल विश्वकर्मा**, एमाले



उजुरीका विषयमा मलाई जानकारी नै छैन । थाहा पाइसकेपछि कार्यक्षेत्रअनुसार अगाडि बढ्ने होला । कहिले अगाडि बढाउने भन्ने सभापतिलाई सोध्नुस् ।

● **सुमना श्रेष्ठ**, रास्वपा



स्काउटको विषयमा मैले अनौपचारिक रूपमा सभापतिलाई भनेकी छु । उहाँले अब बैठक राख्छु भन्नुभएको छ । यति गम्भीर विषयमा तत्काल ताकेता गर्नुपर्छ, समितिमा एजेन्डा राख्नुपर्‍यो भनेर डिमान्ड गरेका छौं ।

● **अर्जुननरसिंह केसी**, कांग्रेस



अहिलेसम्म उजुरी समितिमा पेस भएकै छैन । उजुरीमाथि छानबिन गरेर समितिले राय दिने हो । सत्ता र शक्तिमा रहेको भन्दैमा कसैलाई उन्मुक्ति दिन मिल्दैन । गल्ती छ भने जुनसुकै पार्टीको भए पनि नियमन गर्नुपर्छ ।

● **अमनलाल मोदी**, माओवादी



अहिलेसम्म उजुरीबारे केही थाहा दिइएको छैन । सभापति सत्तापक्षकै हुनुहुन्छ । उहाँको भूमिका शंकास्पद देखियो, समिति सत्ताको मतियार बन्न सक्दैन ।

■ लेखा समितिका पूर्वसभापति हृदयेश त्रिपाठी भन्छन्-

गम्भीर विषयको उजुरीमा वर्ष दिनसम्म छलफल नहुनु संसदीय अभ्यासकै उपहास



उजुरी आइसकेपछि सभापति र समिति सचिवालयले सदस्यहरूलाई वितरण गर्नुपर्छ । उजुरीको गाम्भीर्यताका आधारमा प्राथमिकीकरण गरेर सम्बन्धित निकायबाट कागजात झिकाउनुपर्छ । मन्त्रालयका सचिवसहित अधिकारी राखेर समितिले निर्देशन दिन सक्छ । गहन विषय छ भने अध्ययन गर्न उपसमिति गठन गर्न सकिन्छ । तर, अहिले त सभापति र सचिवालयले उजुरी नै लुकाउने अवस्था देखिएको छ । गम्भीर विषयको उजुरीमा वर्ष दिनसम्म छलफल नहुने भनेको संसदीय अभ्यासकै उपहास हो । संसद् त प्रभावहीन भइरहेकै थियो, समिति पनि साह्रै प्रभावहीन भए । हाम्रो वेला उजुरीमा कुनै विषय थप अनुसन्धान गर्न अख्तियार पठाउँथ्यौं । मुद्दा चल्ने भए चलाउँथ्यो, नभए सरकारलाई निर्देशन दिनुस् भनेर सुझाव दिन्थ्यो । अहिले त समितिहरू जागिर खाने ठाउँजस्तो मात्रै भए ।

■ कार्यपालिका र व्यवस्थापिकामा हारगुहार गर्दा पनि सुनुवाइ नभएपछि फेरि न्यायालयकै दैलोमा

०७९ असारमा उच्च अदालतले स्काउटको जग्गा खाली गर्न आदेश दिए पनि खड्काल्यान्डले अटेर गरेपछि एक वर्षअघि ११ पुस ०८० मा एकै दिन स्काउटले बक्यौता उठाउन महत गरिदिन भन्दै गृहमन्त्री, खेलकुदमन्त्री, काठमाडौं महानगरका मेयर मात्रै होइन, प्रतिनिधिसभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, सबै दलका संसदीय दलको कार्यालय र तीन संसदीय समितिलाई एउटै व्यहोराको पत्र पठाएको थियो । रास्वपा सभापति रवि लामिछाने गृहमन्त्री बनेर आएपछि र स्काउट हेर्ने खेलकुदमन्त्री पनि रास्वपाकै सांसद विराजभक्त श्रेष्ठ रहँदा उनीहरूकै पहलमा खड्काल्यान्डविरुद्ध सरकारले कारबाही अघि बढायो । बक्यौता तिर्न पटक-पटक आग्रह गर्दा अटेर गरेपछि जिल्ला प्रशासनले सिल गरेको छ । तर, सञ्चालक दीपक खड्का नै मन्त्री भएर आएपछि बक्यौता असुलीको प्रयास नै भएन । संसदीय समितिले त स्काउटको उजुरीबारे सांसदहरूलाई जानकारी नै गराएनन् । कार्यपालिका र व्यवस्थापिकाबाट न्याय नपाएपछि स्काउट पुनः न्यायालयको दैलोमा पुगेको छ । 'बहाल रकम दिलाई घरजग्गाबाट निष्कासन गरेर खाली गराइदिन' माग गर्दै स्काउटले गत २४ असारमा काठमाडौं जिल्ला अदालतमा फिराद-पत्र (मुद्दा) दायर गरेको छ, जुन विचाराधीन छ ।

■ बाजुराकी १४ वर्षीया शर्मिलाको काँधमा पाँच बहिनी हुर्काउने जिम्मेवारी



बाजुरामा **गगन अयडी**

बाजुराको गौमूल गाउँपालिका- १, दुर्गालीकी शर्मिला रोकाया मात्र १४ वर्षकी भइन् । तर, उनको काँधमा पाँच बहिनीको पूर्ण जिम्मेवारी छ । ११ वर्षकी सविना, नौ वर्षकी सरला, सात वर्षकी संगीता, पाँच वर्षकी सृष्टि र तीन वर्षकी समृद्धिको एक मात्र अभिभावक हुन् शर्मिला । ०७७ मा भिरबाट लडेर बुबाको मृत्यु भएको केही समयमै आमाले पनि अर्कैसँग विवाह गरेपछि ६ दिदीबहिनी बिचल्लीमा परेको वडाध्यक्ष देविन्द्रबहादुर रोकायाले बताए । आफ्नो घर पनि नभएका उनीहरूले गाउँलेको पुरानो कच्ची घरमा आश्रय लिएका छन् । पेटभरि खान नपाएका आफूहरूलाई पढ्ने अधिकार त सपना लाग्न थालिसकेको बालिकाहरू बताउँछन् । कलिला बालिकाहरू यत्रो बिचल्लीमा पर्दा पनि स्थानीय सरकारदेखि कुनै सरकारी तथा गैरसरकारी संघसंस्थाले वास्ता गरेका छैनन् ।

बिआरआई फ्रेमवर्क सम्झौताको पूर्णपाठ

परियोजनामा अनुदान वा ऋण दुवै विकल्प खुला

मूल ६ बुँदामा तयार दस्ताबेजमा सहकार्यको पृष्ठभूमि, सिद्धान्त, उद्देश्य, प्राथमिकता, छलफलका लागि तय परियोजना र सहकार्यका संयन्त्रबारे अलग-अलग व्याख्या



बेइजिङमा १९ मंसिरमा बिआरआई फ्रेमवर्क सम्झौतामा हस्ताक्षर गर्दै नेपाल र चीनका अधिकारी

पर्शुराम काफ्ले/नयाँ पत्रिका

नेपाल र चीनले आवश्यकताअनुसार परियोजनाहरूको वित्तीय मोडालिटी (अनुदान र ऋण) तय गर्ने गरी बिआरआई फ्रेमवर्क सम्झौता गरेको पाइएको छ । परराष्ट्र मन्त्रालयले मंगलबार सार्वजनिक गरेको 'आर्थिक र परियोजना विकास साझेदारीको लागि बेल्ट एन्ड रोड को-अपरेसनको फ्रेमवर्क' अर्थात् बिआरआई फ्रेमवर्क सम्झौताको पूर्णपाठमा आर्थिक सहकार्यको ढाँचा उल्लेख छ ।

नेपाल र चीनबिच बेइजिङमा १९ मंसिरमा हस्ताक्षर भएको बिआरआई फ्रेमवर्क सम्झौतालाई लिएर मूलतः सत्तारूढ दल कांग्रेसभित्र संशय पैदा भएपछि उसैले नेतृत्व गरेको परराष्ट्र मन्त्रालयले वेबसाइटमार्फत पूर्णपाठ सार्वजनिक गरेको हो । अनुदानमा आधारित परियोजना लिने कांग्रेसको निर्णय थियो । ०७४ वैशाख २९ मा हस्ताक्षर भएको बिआरआईको पहिलो सम्झौता दस्ताबेज भने सार्वजनिक गरिएको छैन ।

मूल ६ बुँदामा तयार दस्ताबेजमा सहकार्यको पृष्ठभूमि, सिद्धान्त, उद्देश्य, प्राथमिकता, छलफलका लागि तय परियोजना र सहकार्यका संयन्त्रबारे अलग-अलग व्याख्या छ । सम्झौतामा नेपालको विशिष्ट विकास आवश्यकता

» पृष्ठ २ मा क्रमशः

■ बिआरआई फ्रेमवर्क सम्झौताका मुख्य बुँदा

● चिनियाँ पक्षले बेल्ट एन्ड रोड संयुक्त रूपमा निर्माण गर्ने ढाँचाअन्तर्गत नेपालको विकास प्रयासलाई प्राविधिक र आर्थिक सहायता प्रदान गर्नेछ । दुवै पक्षले प्राविधिक सहायता सुनिश्चित गर्न र प्रारम्भ गरिएका परियोजनाहरूका लागि दुवै पक्षको आवश्यकताअनुरूप सहयोग गर्ने वित्तीय मोडालिटीहरू सुनिश्चित गर्न काम गर्नेछन् ।

● दुवै पक्षले वार्ताका माध्यमबाट प्राथमिकताका आयोजनाका लागि सहयोग दस्ताबेज वा सम्झौताहरू टुंग्याउनेछन् र प्राथमिकतामा परेका आयोजनाहरूको विकास र कार्यान्वयनका लागि चरणबद्ध कार्यान्वयन योजना तयार गर्नेछन् । हरेक परियोजनामा वित्तीय व्यवस्था र विकास मोडालिटी छुट्टै छलफल हुनेछ ।


● दुई देशका उद्यमहरू लगानी सहयोगका लागि आ-आफ्ना निर्णयहरू गर्न स्वतन्त्र हुनेछन् र आफ्नो नाफा-नोक्सान र जोखिमको आफैं जिम्मेवारी लिनेछन् । परियोजनाहरूबारे समन्वय र नीतिगत संवाद सुदृढ गर्न अन्तरसरकारी सहयोग संयन्त्रको स्थापना र त्यसमा निरन्तर सुधार गरिनेछ ।

● दुवै पक्षले अन्तर्राष्ट्रिय बहुपक्षीय वित्तीय विकास संस्था वा संयन्त्रलाई कनेक्टिभिटी र विकास प्रवर्द्धन गर्न थप आर्थिक सहयोग उपलब्ध गराउन आह्वान गर्नेछन् ।

एक वर्षमा २२५५ बालिकामाथि यौनजन्य हिंसा

लैंगिक हिंसा मधेशमा र यौनजन्य हिंसा कोशीमा बढी

■ कुन उमेर समूहका पीडित कति ?



१० वर्षमुनिका १४ र ११-१४ वर्ष उमेर समूहका ६ बालक पनि पीडित, लैंगिक तथा यौनिक अल्पसंख्यक एकजना

शिल्पा कर्ण/नयाँ पत्रिका

बालबालिकामाथि यौन हिंसाका घटना बढ्दै गएको प्रहरीले जनाएको छ । एक वर्षको अवधिमा दुई हजार २५५ जना बालबालिकामाथि यौन हिंसा भएको छ । यो आर्थिक वर्ष ०८०/८१ मा प्रहरीमा परेको उजुरीको तथ्यांक हो । उजुरी नपर्ने घटना धेरै हुन सक्ने प्रहरीले जनाएको छ ।

प्रहरी प्रधान कार्यालयले मंगलबार सार्वजनिक गरेको लैंगिक हिंसाको वार्षिक तथ्यांकअनुसार एक वर्षमा महिलामाथि


» पृष्ठ २ मा क्रमशः

पीडकको उमेर समूह

१० वर्षमुनि १६ । ११-१४ वर्षका ११० । १५-१६ वर्षका १३६ । १७-१८ वर्षका १९१ । १९-२५ वर्षका १२८१ । २६-३५ वर्षका ९३२ । ३६-४५ वर्षका ५८५ । ४६-५९ वर्षका ३६१ । र ६० वर्षमाथिका १४३ । २० जना नखुलेको ।

३८ सय ५ पीडकमध्ये सबैभन्दा धेरै १९-२५ वर्ष समूहका १२ सय ८१ युवक । ३० महिला पनि पीडक ।

अभियुक्तमध्ये ९१.१% चिनजानका



■ घटनास्थलका आधारमा यौन हिंसा

आर्थिक वर्ष ०८०/८१ मा दर्ता घटनाका आधारमा सबैभन्दा धेरै घरकोठामा यौन हिंसा भएको छ । घरकोठामा २३ सय ३५, सार्वजनिक स्थलमा ९२७, होटेल तथा गेस्ट हाउसमा २०५ र सवारीसाधनमा २१ यौन हिंसाका घटना भएका छन् । एकजनाको घटनास्थल खुलेको छैन ।

■ हिंसाको तरिकाका आधारमा

धेरैजसो यौन हिंसा डरधाक देखाएर हुने गरेका छन् । प्रहरीको लैंगिक हिंसाको वार्षिक तथ्यपत्रअनुसार डरधाक देखाएर दुई हजार ७८, ललाइफकाई १३ सय ५९ र नसालु पदार्थ सेवन गराई (लठ्याई, बेहोस गराई) ५२ जनामाथि यौन हिंसा भएको छ ।

कांग्रेस र एमालेको प्रस्ताव स्वीकार नगरेपछि रविलाई आतंकित पार्ने र ज्यादती गर्ने काम भएको प्रचण्डको दाबी

काठमाडौं/ माओवादी अध्यक्ष प्रचण्डले सबैभन्दा बढी सहकारी ठगहरू अहिले सत्ताको नेतृत्व गर्ने पार्टीहरूसँग सम्बन्धित रहेको दाबी गरेका छन्। देशभर पालिकास्तरमा खबरदारी सभा गर्ने क्रममा मंगलबार चितवनमा आयोजित खबरदारी सभालाई सम्बोधन गर्दै प्रचण्डले कांग्रेस र एमालेका ठुला नेताहरू नै सहकारी ठगको रूपमा देखा परिसकेको तथ्य नछिपेको दाबी गरे। सत्तारूढ दलसँग सम्बन्धित व्यक्ति बचाउन सरकार लागेको भन्दै प्रचण्डले रास्वपा सभापति रवि लामिछानेलाई प्रतिशोधपूर्ण व्यवहार गरिएको र एमाले-कांग्रेसलाई यसको मूल्य धेरै चर्को पर्ने चेतावनी दिए। 'अहिले उहाँहरूले एउटा पाउनुभएको छ- रवि लामिछाने। मानौँ यो देशका सहकारीपीडितहरू सबै रवि लामिछानेबाट भएका हुन् जस्तो गरी। जो दुई-दुईपटक यही चितवन जिल्लाबाट निर्वाचित भए, अत्यधिक मतद्वारा तपाईंहरूले नै भोट दिएर। म धेरै त भन्दिनँ अहिले। कांग्रेस र एमालेका नेताले रविलाई तपाईं प्रधानमन्त्री भइदिनुस्, हाम्रो साथमा आउनुस् भनेको मैले आफ्नै आँखाले र कानले देखेको र सुनेको छु,' प्रचण्डले भने, 'आफ्नो पार्टीमा आइदियो भने प्रधानमन्त्री बनाउन प्रस्ताव गर्ने यिनीहरू अहिले मानौँ महान् अपराधी फेला पारियो भने जसरी रविलाई कहिले मध्यरातमा आतंकित पार्दै एक ठाउँबाट अर्को ठाउँमा सार्ने गरेका छन्। यसको मूल्य एमाले र कांग्रेसलाई धेरै चर्को पर्नेछ।'

वीरगन्जमा पनि रविको इन्कारी बयान

झन्डै चार घण्टा बयान, पूरकसहित ५४ प्रश्न

वीरगन्ज/ प्रहरी हिरासतमा रहेका रास्वपा सभापति रवि लामिछानेले वीरगन्जमा रहेको सानो पाइला सहकारीको बचत अपचलन कसुरमा इन्कारी बयान दिएका छन्। लामिछानेलाई सोमबार पोखराबाट काठमाडौं-सिमरा हुँदै वीरगन्ज पुर्‍याइएकामा मंगलबार जिल्ला सरकारी वकिलको कार्यालय पर्सामा झन्डै चार घण्टा बयान लिइएको थियो। ४० मूल र बाँकी पूरक गरी ५४ प्रश्न सोधिएकामा लामिछानेले बचत अपचलनको कसुरमा इन्कारी बयान दिएका हुन्। रविले यसअघि पोखरा, बुटवल, चितवन र काठमाडौंमा पनि इन्कारी बयान दिएका छन्। लामिछानेको मानव अधिकार हनन भएको भन्दै प्रहरीको आलोचना भइरहेको वेला मंगलवार उनको बयान लिइएको हो।

उनलाई बयानका लागि बिहान ९ बजे सरकारी वकिलको कार्यालय लगिएकामा बयान प्रमाणीकरण गरी जिल्ला प्रहरी कार्यालय फर्काउँदा साँझ ५ बजेको थियो। सरकारी वकिलको कार्यालयका न्यायाधिवक्ता भोला निरौलाले लामिछानेको बयान सकिएको बताए। बयान जारी रहँदा रास्वपाका नेता-कार्यकर्ताले घण्टाघरबाट ऱ्यालीसहित प्रदर्शन गरेका थिए। जिल्ला प्रहरी कार्यालयअगाडि केहीबेर प्रहरी र प्रदर्शनकारीबिच धकेलाधकेल भएको थियो। लामिछानेलाई बुधबार कास्की पठाउने तयारी रहेको पर्साका प्रहरी प्रवक्ता डिएसपी किशोर लम्सालले बताए।

स्काउटको...

पृष्ठ १ बाट क्रमशः

बाँकी छ। ०६५ देखि स्काउटको तीन रोपनी जग्गा भाडामा लिएकोमा आसपासको करिब १२ रोपनी कब्जा गरेको खड्काल्यान्डले ०७३ देखि स्काउटकै दुई व्यावसायिक भवन पनि भाडामा लिएर पार्टी प्यालेस र रेस्टुराँ चलाएको थियो। तर, भाडा नतिरेपछि र जग्गा खाली गर्न पनि नमानेपछि स्काउटले दायर गरेको मुद्दामा उच्च अदालतले ०७९ असारमै 'जग्गा खाली गर्न' आदेश दिएको थियो। अदालतको आदेश पनि नमानेपछि ११ पुस ०८० मा एकैदिन स्काउटले 'उच्च अदालतको फैसला कार्यान्वयनका लागि आवश्यक सहयोग गरिदिन' भन्दै गृहमन्त्री, खेलकुदमन्त्री, काठमाडौं महानगरका मेयर मात्रै होइन, प्रतिनिधिसभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, सबै दलका संसदीय दलको कार्यालय र तीन संसदीय समितिलाई एउटै व्यहोराको पत्र (उजुरी) पठाएको थियो। तर, सत्ता र शक्तिको बलमा भएका बेथितिविरुद्ध परेका उजुरीमा छलफल गराउने र सकारलाई जवाफदेही बनाउने भूमिकामा रहेका संसदीय समितिहरू नै सत्ता र शक्तिसामु लाचार बने।

राज्य व्यवस्था तथा सुशासन समितिको आइतबारको बैठकमा माओवादी सांसद दुर्गा राईले स्काउटको उजुरी एक वर्षदेखि किन गुपचुप राखियो भनेर प्रश्न ण्उठाएकी थिइन्। आफ्नो दल (कांग्रेस)को व्यक्ति परेको भन्दै उजुरी नलुकाउन समिति सभापति रामहरि खतिवडालाई चेतावनी दिएकी थिइन्। '१० महिनाअघि नै नेपाल स्काउटले समितिमा निवेदन दिइसक्यो कि ऊर्जामन्त्री दीपक खड्काको कम्पनीले तिनुपर्ने करोडौँ पैसा तिरेन। तर, हामीलाई नै थाहा छैन। यसमा कञ्जुस्याइँ किन गरियो ? हामीले बाहिर मिडियाबाट सूचना पाउनुपर्ने अवस्था कसरी आयो ? किन यस्तो भयो ? अबदेखि यस्तो दोहोरियो भने राम्रो हुँदैन। बाहिर अरूले हामीलाई सोधे के जवाफ दिने ? ऊर्जामन्त्रीको ठूलो फोटोसहित आएको छ। दल हेर्नुपर्ने हो कि, व्यक्ति हेर्नुपर्ने हो कि, के हो ? यसमा मेरो असहमति छ। यस्तो हुनुहुँदैन,' राईले आपत्ति जनाएकी थिइन्।

राईले समिति सदस्यहरूलाई उजुरी बाँडेर छलफल चलाउन माग गरेकी थिइन्। '०७५ सालको कुरा हो। पाँच करोड तिरेको छैन। के गर्ने हो, छलफल त गर्नुपऱ्यो, यो हाम्रो अधिकारको कुरा हो नि। समितिमा बसेर यहाँ आएर हाजिर गरेर जाने होइन नि। समितिमा आएका समस्यामा छलफल गर्न पाउनुपर्छ। निर्णय के गर्ने भन्ने कुरा पछि होला,' उनले भनेकी थिइन्।

राईको मागपछि सभापति खड्का उजुरीमा छलफल चलाउने प्रतिबद्धता जनाउन बाध्य भएका थिए। लगत्तै उनले भनेका थिए, 'समिति कुनै पार्टीको होइन। एकताबद्ध भएर काम गर्छौं। अब उजुरी हेर्न उपसमिति गठन गरेर अगाडि बढ्छौं।'

मंगलबार समिति सदस्यहरूलाई उजुरीपत्र वितरण गरेपछि भने सभापति खतिवडाले नभ्याएका कारण स्काउटको विषय छलफलमा ढिलाइ भएको दाबी गरे। 'सत्तापक्षको भएकाले नहेरेको भन्ने होइन। अन्य विषय पनि हेर्नुपरेको र धेरै बैठकसमेत बस्न नपाएकाले ढिलाइ भएको हो,' उनले भने, 'समितिमा तेरो-मेरो पार्टी भन्ने हुँदैन। नभ्याएरै ढिलाइ भएको हो।' थप विवरण उपलब्ध गराउन स्काउटलाई समेत पत्राचार गरिएको सभापति खतिवडाले बताए। 'के-कसो भएको हो, सम्बन्धित सबै विवरण उपलब्ध गराउन भनेका छौँ,' उनले भने, 'प्राप्त भइसकेपछि छलफल अगाडि बढाउँछौँ।' उनले १४ माघ ०८० मै उजुरी दर्ता भने गरेका थिए।

समितिका अन्य सदस्यले पनि स्काउटको उजुरीबारे विगतमा थाहा नपाएको र मंगलबार उक्त विवरण प्राप्त गरेको बताएका छन्। कांग्रेसका हृदयराम थानीले भने, 'स्काउटको उजुरीका सम्बन्धमा आइतबार समितिमा विषय उठ्नुअघि थाहा थिएन। छलफलको विषय पनि बनाइएको थिएन,' उनले भने, 'अब उजुरी प्राप्त भएको छ। सभापतिजीले छलफलको सूचीमा राख्नुहोला।' स्काउटका प्रशासकीय अधिकृत सन्तोष चौहानले दिएको उजुरी निवेदनमा 'बाँकी बक्यौता रकम चुक्ता गर्न र स्थान खाली गर्न गराउन समितिमा छलफल चलाई नेपाल सरकारलाई आवश्यक निर्देशन दिई सम्मानित अदालतको फैसलाको कार्यान्वयन गर्ने वातावरणको सुनिश्चितताका लागि आवश्यक सहयोग गरिदिन' अनुरोध गरिएको छ।

अर्का सदस्य एमालेका रघुजी पन्तले पनि विगतमा स्काउटको उजुरी परेको विषयमा थाहा नपाएको र बैठकमा छलफल पनि नभएको बताए। आइतबारको बैठकमा सदस्य राईले कुरा उठाएपछि मंगलबार उजुरी हात परेको पनि उनको भनाइ छ। 'यसअघि स्काउटले समितिमा उजुरी दिएको विषय थाहा थिएन, बैठकमा छलफल पनि भएको थिएन। सदस्य दुर्गा राईले कुरा उठाएपछि थाहा भयो,' उनले भने, 'मंगलबार उक्त उजुरी हात परेको छ, तर पढ्न भ्याएको छैन। उजुरीबारे अब समितिमा छलफल हुनुपर्छ।'

समिति सदस्य माओवादीका हितराज पाण्डेले समितिमा आएको एक वर्षसम्म पनि त्यति महत्त्वपूर्ण विषयमा सदस्यहरूलाई नै थाहा नदिनु गम्भीर विषय भएको बताए। उनले यो सत्ता र शक्तिमा रहेकाहरूले गल्ती गर्दा पनि संरक्षण कसरी हुन्छ भन्ने एक उदाहरण भएको दाबी गरे। 'यति महत्त्वपूर्ण उजुरीलाई अहिलेसम्म गुपचुप राख्नु निकै संवेदनशील विषय हो। हाम्रो माननीयले बैठकमा विषय उठाएपछि मंगलबार उजुरी हात परेको छ,' उनले भने, 'सरकार र सत्तापक्षमा बसेकालाई गलत गर्दा पनि केही नगर्ने एक ज्वलन्त उदाहरण सार्वजनिक भएको छ।'

रास्वपाकी चन्दा कार्की भण्डारीले पनि समितिमा आएको उजुरी एक वर्षपछि पत्रिका पढेर थाहा पाउनुपर्ने अवस्था चिन्ताजनक भएको बताइन्। यति लामो समयसम्म किन छलफलमा ल्याइएन भनेर सभापति खतिवडालाई प्रश्न गर्ने उनको भनाइ छ।

राप्रपाका बुद्धिमान तामाङले भने उजुरी आएको भन्ने आफूले पहिल्यै जानकारी पाएको बताए। 'स्काउटको उजुरी समितिमा आएको थाहा पाएरै मैले तत्कालीन गृहमन्त्री रविजीलाई सोधेको पनि हो। हामीले ताला लगाइसकेका छौँ भन्ने उहाँको जवाफ थियो। त्यसपछि थप केही भएन। अहिले फेरि समितिमा प्रवेश गरेको छ, फेरि सल्लाह गर्छौं,' उनले भने।

ऊर्जामन्त्री खड्काको कम्पनीले तिरेन स्काउटको जग्गा र संरचना प्रयोग गरेको साढे पाँच करोड भाडा

नेपाल स्काउटको लैनचौरस्थित मूल्यवान जग्गा र संरचना वर्षौंदेखि कौडीको मूल्यमा भाडामा लिएको ऊर्जामन्त्री दीपक खड्काको कम्पनीले करिब साढे पाँच करोड रुपैयाँ बक्यौता अझै तिरेको छैन। सम्झौताभन्दा बढी जग्गा कब्जा गरेर व्यापारिक गतिविधि गर्दै आएको खड्काको कम्पनी खड्काल्यान्ड डेभलपमेन्ट प्रालिले बक्यौता तिर्न आनाकानी गर्दै आएको छ। मन्त्री खड्काले सत्ता र शक्तिको बलमा बक्यौता तिर्न अटेर गर्दै आएका छन्।

खड्का मुख्य सञ्चालक रहेको खड्काल्यान्डले ०६५ देखि स्काउटको तीन रोपनी जग्गा भाडामा लिएको थियो। तर, आसपासको करिब १२ रोपनीसमेत कब्जा गऱ्यो। ०७५ मा सम्झौताको अवधि सकिए पनि जिल्ला अदालतबाट आदेश लिएर कम्पनीले जग्गा छाडेन। त्यसविरुद्ध स्काउट उच्च अदालत गएपछि उच्चले ०७९ असारमा जिल्लाको फैसला बदर गर्दै जग्गा खाली गर्न खड्काल्यान्डलाई आदेश गऱ्यो। तर, जग्गा खाली नगरी खड्काल्यान्डले निर्बाध उपभोग गऱ्यो। स्काउटकै दुई व्यावसायिक भवन पनि खड्काल्यान्डले ०७३ देखि भाडामा लिएको थियो।

'जग्गा र व्यावसायिक भवनसहित अहिले खड्काल्यान्डको नाममा साढे पाँच करोड रुपैयाँ बक्यौता छ,' स्काउट स्रोतले भन्यो, 'स्काउटले पटक-पटक आग्रह गर्दा पनि बक्यौता बुझाएको छैन। गत दसैँयता भने खड्काल्यान्डले बक्यौताबापतको ७५ लाख स्काउटको खातामा हालेको छ। बाँकी रकममा भने छुट सुविधा मागिरहेको स्काउट स्रोतले बतायो।

त्यसो त वर्षौंदेखिको भाडा नपाएको स्काउटले खड्काल्यान्ड प्रालिसँग गत असारमै सबैखाले सम्झौता तोडिसकेको छ। तर, भाडाको लफडाकै कारण नयाँ ठेक्का प्रक्रिया पनि अगाडि बढाउन सकेको छैन।

एक वर्षमा...

पृष्ठ १ बाट क्रमशः

तीन हजार ४८९ यौन हिंसा भएका छन्, जसमा दुई हजार २५५ बालिका छन्। कुल संख्याको यो ६४ प्रतिशत हुन्छ। यौन हिंसाअन्तर्गत बलात्कार, बलात्कार प्रयास, अप्राकृतिक मैथुन, सार्वजनिक स्थलमा यौनजन्य दुर्व्यवहार तथा बालयौन दुर्व्यवहारजस्ता अपराध पर्दछन्।

११ देखि १४ वर्ष उमेरका बालिका सबैभन्दा धेरै हिंसा भोग्नेमा पर्दछन्। एक वर्षमा यो उमेर समूहका ७७७ जनाले प्रहरीमा उजुरी दिएका छन्। त्यस्तै, १० वर्षमुनिका ३७६, १५ र १६ वर्षका ६७३ तथा १७ र १८ वर्ष उमेरका ४२९ जना पीडित छन्। आरोपीतर्फ भने १९ देखि २५ वर्ष उमेर समूहका धेरै हुने गरेका छन्।

आर्थिक वर्ष ०८०/८१ मा दर्ता घटनाका आधारमा प्रहरीले विश्लेषण गरेको हो। एक वर्षमा बलात्कारका दुई हजार ५०७, बलत्कार प्रयासका ४६०, बालयौन दुरुपयोग/दुर्व्यवहारका ३६३ र बलात्कार गरी हत्याका ६ घटना भएका छन्। त्यस्तै, ५४ जनालाई बन्धक बनाएर बलात्कार भएको छ भने १९ जनालाई मानव बेचबिखन गरी बलात्कार भएको छ।

यौनजन्य हिंसाका घटना सबैभन्दा धेरै कोशी प्रदेशमा दर्ता भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ। कोशीमा ७३६, लुम्बिनीमा ५८४, मधेशमा ४६६, काठमाडौं उपत्यकामा ४६२, बागमतीमा ४११, सुदूरपश्चिममा २८९, कर्णालीमा २५७ तथा गण्डकीमा २३६ घटना दर्ता भएका छन्। घटनामा आरोपितमध्ये अधिकांश चिनजानकै छन्। घरेलु हिंसाका घटना भने सबैभन्दा धेरै मधेश प्रदेशमा दर्ता भएका छन्। कुल १६ हजार ४३४ घटनामध्ये पाँच हजार ५९६ मधेश प्रदेशका छन्। त्यसपछि धेरै लुम्बिनी प्रदेशमा दुई हजार ७९६, काठमाडौं उपत्यकामा दुई हजार २५८, कोशीमा एक हजार ६३३, बागमतीमा एक हजार ३३८, सुदूरपश्चिममा एक हजार २१४, कर्णालीमा ८८० र गण्डकीमा ५०१ घटना दर्ता भएका छन्।

सडक विभाग
योजना तथा अनुगमन महाशाखा
सडक सुरक्षा तथा ट्राफिक शाखा
सूचना नं: DOR/RSTS/01/081/82
प्रथम पटक प्रकाशित मिति : २०८१/०८/२६

यस कार्यालयबाट निम्न निर्माण कार्यको लागि बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागि WebSite (https://bolpatra.gov.np/egp) visit गर्नुहुन वा यस शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ।

S. N.	Contract Identification No.	Name of Works	Estimate Amount (excluding P.S, VAT and Contingency) (NRs)	Bid Security Amount (NRs)	non-refundable fee of Bidding Document (NRs)
1	DOR/RSTS/ 33701136/ 081/82-W01	Synchronization of Traffic Signal Controller at Lazimpat , Lainchaur and Kesharmahal Intersection.	4,612,664.40	1,35,000.00	3,000.00

युनिट प्रमुख

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Rajapur Irrigation Management Office (RIMO)
Rajapur, Bardiya

Amendment to Invitation for Bids

(Date of Publication: 11th December 2024)

This is Notify to all eligible bidders, that the Invitation of Bid for OCB No. IMEP/RIP/B-1a/CW-117 & IMEP/RIP/B-1a/CW-118 of Project No. 56218-001, published on 6th December 2024 via Naya Patrika Daily has been amended as mentioned below.

1. The last sentence of clause 2 "Bidders can bid in both the contracts but as a same entity in both the contracts, i.e. if the bidder is a single entity in CW-117, it should be single in CW-118 or if the bidder is a JV in CW-117 it should be the same JV partner in CW-118 and vice-versa" has been deleted and so no more remains valid.
2. All other bid conditions remain unchanged.

Office Chief

परियोजनामा...

पृष्ठ १ बाट क्रमशः

र प्राथमिकताहरूलाई विशेष जोड दिइने उल्लेख छ।

'साझा विकासका लागि संयुक्त परामर्श'अन्तर्गत दुवै पक्षले शान्ति र सहयोग, खुलापन र समावेशिता, आपसी सिकाइ र पारस्परिक लाभका सिद्धान्त कायम राख्दै साझा लाभका लागि परामर्श र संयुक्त योगदान गर्ने सम्झौतामा उल्लेख छ। 'दुई पक्षले एक-अर्काको सार्वभौमसत्ता र साझा हितको सम्मान गर्नेछन् र पारस्परिक रूपमा लाभदायक सहयोगको माध्यमबाट जनताको जीविकोपार्जनमा सुधार गर्न मिलेर काम गर्नेछन्,' सम्झौतामा छ।

अनुदान कि ऋण भन्ने बहस भइरहेका वेला सम्झौतामा भने आवश्यकताअनुसार परियोजनाहरूको वित्तीय मोडालिटी तय गर्ने उल्लेख छ। 'चिनियाँ पक्षले बेल्ट एन्ड रोड संयुक्त रूपमा निर्माण गर्ने ढाँचाअन्तर्गत नेपालको विकास प्रयासलाई प्राविधिक र आर्थिक सहायता प्रदान गर्नेछ,' सम्झौतामा छ, 'दुवै पक्षले प्राविधिक सहायता सुनिश्चित गर्न र प्रारम्भ गरिएका परियोजनाहरूका लागि दुवै पक्षको आवश्यकताअनुरूप सहयोग गर्ने वित्तीय मोडालिटीहरू सुनिश्चित गर्न काम गर्नेछन्।'

सम्झौतामा राखिएका १० परियोजनालाई प्रारम्भिक रूपमा दुई पक्षबिचको संयुक्त कार्यान्वयनका लागि सम्भावित परियोजनाको रूपमा पहिचान गरिएको छ। यसमा दुवै पक्षले आवश्यकताको आधारमा परियोजनालाई प्राथमिकता दिने, संयुक्त कार्यान्वयनका लागि परियोजना परिवर्तन वा नयाँ पहिचान गर्ने पनि अवसर खुला राखेका छन्। 'दुवै पक्षले वार्ताका माध्यमबाट प्राथमिकताका आयोजनाका लागि सहयोग दस्तावेज वा सम्झौताहरू टुंग्याउनेछन् र प्राथमिकतामा परेका आयोजनाहरूको विकास र कार्यान्वयनका लागि चरणबद्ध कार्यान्वयन योजना तयार गर्नेछन्,' सम्झौतामा भनिएको छ, 'हरेक परियोजनामा वित्तीय व्यवस्था र विकास मोडालिटी छुट्टै छलफल हुनेछ।'

बिआरआई फ्रेमवर्कमा टोखा-छहरे सुरुङमार्ग, हिल्सा-सिमीकोट सडक आयोजना, किमाथांका-खाँदबारी सडक र किमाथांका पुल तथा एकीकृत जाँच चौकी आयोजना, चीन-नेपाल सीमापार रेलमार्ग परियोजनाको नेपाली खण्ड, अमरगढी सिटी हल, जिलोङ (केरुङ)-रसुवागढी-चिलिमे २२० केभी क्रस बोर्डर विद्युत् प्रसारण लाइन, मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय, काठमाडौं वैज्ञानिक केन्द्र र विज्ञान संग्रहालय, चीन-नेपाल मैत्री औद्योगिक पार्क र झापा खेलकुद तथा एथलेटिक्स कम्प्लेक्स राखिएको छ।

चिनियाँ पक्षले राष्ट्रिय विकास तथा सुधार आयोग, परराष्ट्र मन्त्रालय र वाणिज्य मन्त्रालयलाई सम्पर्क निकाय तोकेको छ भने नेपालले परराष्ट्र र अर्थ मन्त्रालयलाई तोकेको छ। तोकिएका मन्त्रालयहरूले द्विपक्षीय सहयोग समन्वय गर्नेछन्। छानिएका आयोजनाहरू नेपालमा कार्यान्वयन गर्ने जिम्मेवारी नेपाल सरकारका सम्बन्धित मन्त्रालय र सरकारी निकायले लिने भनिएको छ।

दुवै पक्षले एकअर्काका उद्यमहरूलाई बजारसम्बन्धी नियम र लागू हुने अन्तर्राष्ट्रिय मापदण्ड तथा नियमहरूअनुरूप कार्य गर्न र आ-आफ्नो देशको राष्ट्रिय कानुन र नियमहरूको सम्मान गर्न प्रोत्साहन गर्ने सम्झौतामा छ। 'दुई देशका उद्यमहरू लगानी सहयोगका लागि आ-आफ्ना निर्णयहरू गर्न स्वतन्त्र हुनेछन् र आफ्नो नाफा-नोक्सान र जोखिमको आफैँ जिम्मेवारी लिन्छन्,' सम्झौतामा छ, 'परियोजनाहरूको बारेमा समन्वय र नीतिगत संवाद सुदृढ गर्न अन्तरसरकारी सहयोग संयन्त्रको स्थापना र त्यसमा निरन्तर सुधार गरिनेछ।'

प्राथमिकता प्राप्त आयोजनाहरूको विकास तीव्र बनाएर व्यापार, पूर्वाधार र कनेक्टिभिटी सहकार्यलाई नयाँ गति दिने पनि समझदारीमा उल्लेख छ। विशेष गरी चिनियाँ राष्ट्रपति सी जिनपिङको पछिल्लो नेपाल भ्रमण र त्यसअघि तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीको चीन भ्रमणमा भएका सहमति कार्यान्वयनलाई सम्झौताले जोड दिएको छ। आर्थिक र प्राविधिक स्रोतको बाँडफाँट, वित्तीय व्यवस्था, खरिद विधि र कार्यान्वयनका लागि जिम्मेवार निकायहरूको नामकरणजस्ता क्षेत्रहरूमा पछिल्ला वार्ताहरूमार्फत परियोजनाहरूको विकासलाई सहजीकरण मजबुत बनाउने सहमति भएको छ। सम्झौतामा दुवै पक्षले प्राविधिक, वित्तीय, व्यावसायिक र आर्थिक सम्भाव्यताको वस्तुनिष्ठ विश्लेषण गर्ने र प्राथमिकतामा परेका आयोजना नाफायोग्य भएको सुनिश्चित गर्ने उल्लेख छ। 'दुवै पक्षले अन्तर्राष्ट्रिय बहुपक्षीय वित्तीय विकास संस्था वा संयन्त्रलाई कनेक्टिभिटी र विकास प्रवर्द्धन गर्न थप आर्थिक सहयोग उपलब्ध गराउन आह्वान गर्नेछन्,' सम्झौतामा छ।

सम्झौतामा नेपालमा चिनियाँ बैंक तथा वित्तीय संस्थाको शाखा स्थापनामा नेपाली पक्षले स्वागत र सहजीकरण गर्ने उल्लेख छ। द्विपक्षीय व्यापार लेनदेन र व्यावहारिक परिस्थितिअनुसार लगानीमा राष्ट्रिय मुद्राको प्रयोग विस्तार गर्ने, चिनियाँ पक्षले नेपाल सरकारबाट स्वीकृत नेपाली संस्थागत एवं लगानीकर्तालाई चिनियाँ वित्तीय बजारमा लगानी गर्न स्वागत गर्ने पनि उल्लेख छ। नेपाल राष्ट्र बैंक र चाइना बैंकिङ नियामक आयोगबिच द्विपक्षीय बैंकिङ नियमन सहयोग सुदृढीकरण र समझदारीपत्रको ढाँचाअन्तर्गत बैंक, नियामक निकायबिच सूचना आदानप्रदान र सीमापार नियमनमा दुवै पक्षले सहयोग अझ गहिरो बनाउने सम्झौतामा भनिएको छ।

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, व्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, व्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्वद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण
१)	**१) ऋणी कम्पनी: नमुना ह्याचिङ एण्ड पोल्ट्री प्रा.लि.,** अध्यक्ष तथा जमानीकर्ता: बलराम अर्याल, दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. ७७३५०/०६७/६८, दर्ता मिति: २०६७/०७/१७, ठेगाना: जिल्ला चितवन, विरेन्द्रनगर गा.वि.स. वडा नं. ७	१) सुमन अर्याल (संचालक) २) मिलन अर्याल (संचालक) ३) भगवती अर्याल
	२) ऋणी: राधा देवी अर्जेल स्थायी ठेगाना: चितवन जिल्ला, खैरहनी गा.प. वडा नं. ३, हालको ठेगाना: चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ३, ससुरा: रिखेश्वर अर्याल, पति: रुद्र प्रसाद अर्याल **तथा** **मिलन अर्याल** स्थायी ठेगाना: चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. २, हालको ठेगाना: चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ९ बाबु: बलराम अर्याल, बाजे: रुद्र प्रसाद अर्याल	
२)	**१) ऋणी कम्पनी: कैड नेपाल ट्रेडर्स प्रा.लि.,** अध्यक्ष तथा जमानीकर्ता: संतोष कुमार ठाकुर दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २५३९१९/०७७/०७८, दर्ता मिति: २०७७/१०/१३, ठेगाना: जिल्ला धनुषा, जनकपुरधाम उ.म.न.पा. वडा नं. ४	१) संतोष कुमार ठाकुर २) माया देवी ठाकुर ३) राम विलास ठाकुर ४) रेखा शर्मा ५) सुनिल ठाकुर ६) पुनिता कुमारी ठाकुर
	२) संतोष कुमार ठाकुर स्थायी ठेगाना: धनुषा जिल्ला, नगराइन गा.वि.स. वडा नं. ३, हालको ठेगाना: धनुषा जिल्ला, नगराईन न.पा वडा नं. २, बाबु: राम विलास ठाकुर, बाजे: बाल बोध ठाकुर	१) माया देवी ठाकुर २) राम विलास ठाकुर ३) रेखा शर्मा ४) पुनिता कुमारी ठाकुर
३)	**१) ऋणी फर्म: अर्घाखाँची निन्यूपाटा सप्लायर्स,** प्रोप्राइटर तथा जमानीकर्ता: काजी बहादुर रायमाझी क्षेत्री, दर्ता नं.: पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देनालय, पर्यटन तथा उपभोग कार्यालय नवलपुर नवलपरासी (वर्दघाट सुस्ता पूर्व), गण्डकी प्रदेश नेपालमा प्रा.फ.द.नं. ३५६३/०७९/०८०, दर्ता मिति: २०८०/०२/११, ठेगाना: जिल्ला नवलपरासी (ब.सु.पू. मध्यविन्दु न.पा. वडा नं. १० **२) ऋणी: काजी बहादुर रायमाझी क्षेत्री** स्थायी ठेगाना: अर्घाखाँची जिल्ला, भुमिकास्थान न.पा. वडा नं. १०, हालको ठेगाना: नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं. १०, बाबु: भुवन बहादुर रायमाझी क्षेत्री, बाजे: जय बहादुर रायमाझी क्षेत्री	१) आदेश रायमाझी २) सकुन्तला कार्की ३) सन्देश रायमाझी ४) काजी बहादुर रायमाझी क्षेत्री

नोट: ऋणी तथा जमानीकर्ता/संचालक बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

ललितपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
(पूर्वाधार निर्माण महाशाखा)
पुल्चोक, ललितपुर
बागमती प्रदेश, नेपाल

लागत सहभागिता साझेदारी कार्यक्रमको लागि प्रस्ताव माग गरिएको सूचना

प्रकाशित मिति : २०८१/०८/२६ गते

ललितपुर महानगरपालिका अन्तर्गत सबै वडाहरुमा सन्तुलित विकासका लागि तथा महानगरवासीको आवश्यकता अनुसार जनताको प्रत्यक्ष संलग्नतालाई थप व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले कानुन अनुसार दर्ता भएका संघ, संस्था, समूह, उपभोक्ता समूह र महानगरपालिका बीच योजनाहरु सञ्चालन तथा व्यवस्थापन गर्नको लागि ललितपुर महानगरपालिका "लागत साझेदारी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७९" को परिच्छेद ३ अन्तर्गत दफा ४ मा भएको व्यवस्था बमोजिम आर्थिक वर्ष २०८१/०८२ भित्र बढिमा रु. एक करोड सम्मका पूर्वाधार निर्माण तर्फका आयोजना सञ्चालन गर्नका लागि लागत सहभागिताको रुपमा न्यूनतम ४० प्रतिशत वा सो भन्दा बढी रकम व्यवस्थापन गरि सञ्चालन गर्न ईच्छुक संघ, संस्था, समूह र उपभोक्ता समूहले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र बिषय खुल्ने कागजात र ललितपुर महानगरपालिकामा सम्बन्धित वडा कार्यालयको सिफारिस सहित तोकिएको ढाँचामा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

आयोजना सञ्चालन क्षेत्रहरू:

क)	सडक निर्माण तथा मर्मत संभार	ख)	कृषि तथा सिंचाई
ग)	खानेपानी	घ)	स्वास्थ्य तथा सरसफाइ
ङ)	शिक्षा	च)	वन तथा जलाधार
छ)	पर्यटन		

■ घरजग्गा व्यवसायी लामामाथि रड प्रहार प्रकरण

राई र सिलवालविरुद्ध पक्राउ पुर्जी, मनाडेको पनि देखियो संलग्नता



● **एसपी नवराज अधिकारी**
प्रवक्ता, जिल्ला प्रहरी परिसर काठमाडौं

गत ११ कात्तिकमा एक युवामाथि सांघातिक हमला भएको थियो। त्यसबारे अनुसन्धान जारी छ। यस सम्बन्धमा अहिले बोल्ने वेला भएको छैन।

टेकराज थामी/नयाँ पत्रिका

काठमाडौंको लाजिम्पाटस्थित इनोभा अस्पतालको पार्किङमा भएको रड प्रहारमा गण्डकी प्रदेशका सांसद दीपक मनाङे (राजीव गुरुङ)को समेत संलग्नता रहेको खुलेको छ। ज्यान मार्ने उद्योगमा दोषी ठहर भएका मनाङे अहिले डिल्लीबजारस्थित सदरखोर कारागारमा कैद सजाय भुक्तान गरिरहेका छन्।

गत ११ कात्तिकमा घरजग्गा व्यवसायी विक्रम लामामाथि पेसेवर गिरोहले सांघातिक आक्रमण गरेको थियो। टाउको, शरीर, हात र खुट्टामा गम्भीर चोट लागेका उनको चार दिनपछि मात्रै होस खुलेको थियो। प्रहरीका अनुसार बेलायतमा बस्दै आएकी लक्ष्मी राईको योजनामा मनांडेले लामामाथि सांघातिक हमला गर्न लगाएका थिए। जिल्ला अदालत काठमाडौंले लक्ष्मी राई र धादिङका रमेश सिलवालविरुद्ध पक्राउ पुर्जी जारी गरेको छ।

'संगठित तवरले भएको घटनामा दीपक मनाङे पनि संलग्न रहेको देखिन्छ। लक्ष्मी राईको आग्रहपछि मनाडेले हमला गर्न युवा परिचालन गरेको खुलेको छ। हाल बेलायतमा रहेकी राईविरुद्ध पक्राउ पुर्जी जारी भएको छ। उनीविरुद्ध 'डिफ्युजन नोटिस' जारी गर्ने तयारी भइरहेको छ,' अनुसन्धानमा संलग्न प्रहरी अधिकृतले भने।

हमलाको योजना बनाउने, कार्यान्वयनका लागि जिम्मा लिने र कार्यान्वयन गर्न 'फिल्ड'मा खटिने व्यक्ति फरक-फरक भूमिकामा बसेर हमला गराइएको हुँदा प्रहरीले घटनालाई ज्यान मार्ने उद्योगसहित संगठित कसुरअन्तर्गत अनुसन्धान गरिरहेको छ। हमला गर्ने उद्देश्यले राई-मनाङे र मनाङे-हमलाकर्ताबीच पटक-पटक टेलिफोन वार्ता भएको अनुसन्धानबाट खुलेको छ। जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी नवराज अधिकारीले अनुसन्धान भइरहेकाले घटना सम्बन्धमा केही नबोल्ने बताए। 'गत ११ कात्तिकमा एक युवामाथि सांघातिक हमला भएको थियो। त्यसबारे अनुसन्धान जारी छ। यस सम्बन्धमा अहिले बोल्ने वेला भएको छैन,' उनले भने।

घटनामा संलग्नमध्ये मार्सल भनिने शैलेन्द्र तामाङलाई प्रहरीले सोही दिन पक्राउ गरेको थियो। अजय लामा, निश्चल सुनार र दीपक ब्झामू भने फरार थिए। पछि सुनारलाई पनि प्रहरी पक्राउ गरेको छ। नुवाकोट बेलकोटगढी नगरपालिका- २ का शैलेन्द्ररुद्ध एक वर्षअघि ज्यान मार्ने उद्योगमा मुद्दा चलाएको थियो। उनी छाया सेन्टरस्थित प्लेब्वाई क्लबको पार्किङमा भएको सांघातिक हमलामा संलग्न थिए।



दीपक मनाडेका साथमा लक्ष्मी राई

त्यस्तै, अजय ठगी मुद्दामा ४० हजार जरिवानासहित तीन वर्ष ६ महिना जेल भुक्तान गरेर चार महिनाअघि मात्रै छुटेका प्रतिवादी हुन्। उनले ९ पुस ०८० मा ठमेलमा बर्दीधारी प्रहरीमाथि 'किक' प्रहार गरेका थिए। घटनामा ड्युटी गरिरहेका प्रहरी जवान लोकबहादुर बुढाको टाउकोमा गम्भीर चोट लागेको थियो। उनीसहित तीनजनाविरुद्ध प्रहरीले त्यसवेला अभद्र व्यवहारको कसुरमा मुद्दा चलाएको थियो।

प्रहरीका अनुसार घरजग्गा व्यवसायी लामामाथि आक्रमण योजनाबद्ध ढंगले गरिएको छ। रड प्रहारका लागि योजनाकारले अजय, शैलेन्द्र, निश्चल र दीपकलाई ६० लाख रुपैयाँको सुपारी दिएको पीडित लामाको दाबी छ। घटनामा संलग्नमध्ये शैलेन्द्रले '६० लाखको सुपारी प्राप्त भएको' भन्दै हत्याका निम्ति गाउँमा युवाको खोजी गरेको रड प्रहारबाट घाइते विक्रम लामाले बताए। 'मलाई रड प्रहार गर्नेमध्ये शैलेन्द्रले मेरै गाउँमा गएर '६० लाखको सुपारी आएको' भन्दै हत्या गर्ने युवाको खोजी गरेको रहेछ। उसको प्रस्तावलाई युवाहरूले अस्वीकार गरेछन्। ती युवा मकहाँ आएर सबै वृत्तान्त बताए। म छक्क परेँ,' उनले भने। नुवाकोट ककनी गाउँपालिका- ६ का ३५ वर्षीय लामा नेपाल भूमि रियल इस्टेटका सञ्चालक हुन्। उनीमाथि रड प्रहार गरिएको भिडियो सामाजिक सञ्जालमा भाइरल छ।

■ सफल 'इन्टरप्रेनर'को हवाला दिँदै 'हाई प्रोफाइल'सँग फोटो खिच्दै

लक्ष्मी राई आफूलाई सफल गहना व्यवसायी र समाजसेवीका रूपमा चिनाउँछिन्। उनको बेलायत अल्डरसट भिक्टोरिया रोडमा 'न्यु लक्ष्मी ज्वेलर्स' नामको गहना पसल छ। १२ वर्षअघि उनले नुवाकोट ककनी गाउँपालिका- ६ का दीपेश लामाको सहकार्यमा गहना पसल खोलेकी थिइन्। पछि दुईबिच विवाह भएको थियो। पसल श्रीमान् दीपेशलाई सञ्चालन गर्न दिइन्। मनमुटावपछि दुईबिच पाँच वर्षअघि नै सम्बन्धविच्छेद भइसकेको छ।

नेपालमा रहँदा उनको उठबस हुन्डी र सुन तस्करीमा संलग्न जीवन चलाउनेसँग थियो। त्यसबाहेक उनको गण्डकी प्रदेशका सांसद दीपक मनाङे उर्फ राजीव गुरुङसँग पनि बाक्लो उठबस थियो। उनले आफ्नो गहना पसलको शाखा अमेरिका र क्यानडामा पनि रहेको तथा कारोबार ८५ भन्दा धेरै मुलुकसँग हुने गरेको बताउँथिन्। त्यसबाहेक उनले बेलायतका तत्कालीन प्रधानमन्त्री ऋषि सुनक र उनका मन्त्रिपरिषद्का अन्य मन्त्रीसँग पनि राम्रो सम्बन्ध रहेको दाबी गर्थिन्। सोही हवाला दिएर उनले नेपालका प्रधानमन्त्री केपी ओली, तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, पूर्वपर्यटनमन्त्री सुदन किराँतीसँग पनि फोटो खिच्न भ्याएकी थिइन्।

■ राईसँग दुई मुलुकको राहदानी र नागरिकता

ज्यान मार्ने उद्योग तथा संगठित अपराध कसुरमा पक्राउ पुर्जी जारी भएकी लक्ष्मी राईसँग नेपाल र बेलायतबाट जारी भएको नागरिकता र राहदानी छ। दुवै मुलुकबाट जारी भएको नागरिकता र राहदानी उनले हालसम्म पनि प्रयोग गर्दै आएकी छिन्।

प्राप्त विवरणअनुसार उनको नेपाली राहदानी २८ फेब्रुअरी २०२४ मा जारी भएको देखिन्छ। जसको म्यादावधि २७ फेब्रुअरी २०२४ सम्म छ। भोजपुर जन्मस्थान उल्लेख भएको राहदानीमा उनको जन्ममिति ८ फेब्रुअरी १९७५ उल्लेख छ। राहदानी नम्बर ०७११३०३४ उल्लेख गरिएको छ भने नागरिकता नम्बर २२३७५-२०६०-०६१ लेखिएको छ। बेलायतबाट जारी भएको राहदानीमा जारी मिति २५ जुलाई २०१४ आइपिएस उल्लेख छ। राहदानीको म्यादावधि २५ जुलाई २०२४ छ। राहदानीमा उनलाई ब्रिटिस नागरिक भनिएको छ। राहदानी नम्बर भने ५१९१८२२० उल्लेख छ। यस विषयमा प्रतिक्रिया लिन नयाँ पत्रिकाले राईलाई गत २७ कात्तिकमै इमेल गरेको थियो। तर, उनले हालसम्म कुनै प्रतिक्रिया दिएकी छैनन्।

२५ ग्रामको सुनको सिक्री छुटाउन विमानस्थलका कर्मचारीले ३० हजार घुस मागेको आरोप

भैरहवामा दिपेश पछाई



वैदेशिक रोजगारीबाट स्वेदश फर्किएकी महिलाले ल्याएको २५ ग्रामको सुनको सिक्री छुटाउन गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका एक कर्मचारीले ३० हजार घुस मागेको आरोप लागेको छ।

दुबईबाट नेपाल फर्किएकी अर्घाखाँचीकी धनमाया पाण्डेका अनुसार विमानस्थलको भन्सारमा खटिएका कर्मचारीले २१ मंसिरमा सिक्री छुटाउन घुस मागेका हुन्। कर्मचारीले २५ हजार घुस मागेको भन्दै पाण्डेले मंगलबार जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा उजुरी दिएर कर्मचारीलाई कारबाही र सिक्री फिर्ताको माग गरेकी हुन्।

'विमानस्थल भन्सारका कर्मचारीले चेकजाँच गर्ने क्रममा मैले लगाएको २५ ग्रामको सुनको सिक्री जबर्जस्ती निकाली मलाई ३० हजार रुपैयाँ सात दिनभित्र दिनुस्, होइन भने तपाईंको सुनको सिक्री जफत हुन्छ भनी भन्सारका कर्मचारीले सुनको सिक्री राखिदिएका थिए,' पाण्डेले उजुरीमा भनेकी छिन्, 'वैदेशिक रोजगारीबाट महिलाले घर फर्किआउँदा ५० ग्रामसम्मको सुनको गहना ल्याउन पाउने कानुनी व्यवस्था हुँदा पनि डराई-हप्काई रकम माग गरेको र रकम दिन नसकेपछि सुनको सिक्री लिइ राखेकाले भन्सारका कर्मचारीलाई आवश्यक कारबाही र सिक्री फिर्ता दिलाउन निवेदन दिएकी छु।'

०८० मा संशोधन भएको भिटीगुन्टा नियमावलीअनुसार वैदेशिक रोजगारीमा गएका नेपालीले स्वदेश फर्किँदा पुरुषको हकमा २५ ग्राम सुनका गरगहना र महिलाको हकमा ५० ग्राम सुनका गरहगना ल्याउन पाउने प्रावधान छ। जसको शुल्क वा भन्सार तिर्नुपर्दैन। तर, सामान्य गहनाको आकार मात्रै दिएर बनाइएका बेरुवा औँठी, बाला, सिक्रीजस्ता रसायन प्रयोग नगरिएका वस्तुलाई गहनाका रूपमा मान्यता नदिइने नियमावलीमा उल्लेख छ। पाण्डेले आफू सन् २०१३ देखि दुबईमा रोजगारीको सिलसिलामा रहेको र आफूसँग ल्याएको २५ ग्रामको सुनको सिक्री पहिलेदेखि नै नियमित प्रयोग गर्दै आएको बताइन्। रुपन्देहीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले २५ ग्रामको सिक्री छुटाउन पैसा मागेको विषयमा उजुरी प्राप्त भएको र यसबारे विमानस्थल भन्सार शाखालाई पत्राचार गरिएको बताए। 'विमानस्थल भन्सार शाखाबाट के जवाफ आउँछ, त्यसपछि कारबाही प्रक्रिया अगाडि बढ्छ,' उनले भने।

विमानस्थल भन्सार अधिकृत पवित्रा ज्ञवालीले भैरहवा विमानस्थल बल्ल सञ्चालन हुन थालेको र यात्रुलाई भन्सार नियम बुझाउन नसक्दा गलत आरोप खेप्नुपरेको जिकिर गरिन्। 'कर्मचारीले सुनको सिक्री छुटाउन ३० हजारजति पैसा लाग्छ, पैसा जम्मा गर्नुस् र लैजानुहोस् भनेका हुन्। तर, यात्रुले त्यो कुरालाई घुसको रकम भनेर गलत व्याख्या गरेको पाइएको छ,' उनले भनिन्। भन्सारका कर्मचारीले ३० हजार रकम मागेपछि पाण्डेले भिडियो पनि बनाएकी थिइन्। तर, उक्त भिडियो डिलिट गर्न लगाइएको थियो। ज्ञवालीले भने यात्रुले विमानस्थलभित्र होहल्ला गरेको र अनावश्यक भिडियो बनाएकाले भिडियो डिलिट गर्न लगाइएको बताइन्।

सहरी जनमत घटेको एमालेको समीक्षा

'प्रधानमन्त्री ओलीको चीन भ्रमण दीर्घकालीन हिसाबले उपलब्धिपूर्ण'

नयाँ पत्रिका

एमालेले सहरी क्षेत्रको जनमतसँग पार्टीलाई जोडेर लैजानुपर्ने निष्कर्ष निकालेको छ। मंगलबार बसेको एमाले केन्द्रीय सचिवालयको बैठकले १६ मंसिरमा सम्पन्न स्थानीय तहको निर्वाचन परिणामको समीक्षापछि त्यस्तो निष्कर्ष निकालेको हो। सहरी क्षेत्रमा पार्टीको जनमत खस्किँदै गएको स्वीकार्दै एमालेले सम्पूर्ण ध्यान सहरी क्षेत्रमा लगाउनुपर्ने निष्कर्ष निकालेको हो।

कीर्तिपुर नगर प्रमुख र काठमाडौं- १६ जिते सूचीमा राखे पनि एमाले उम्मेदवारले तेस्रो स्थान प्राप्त गरेका थिए। 'खासगरी कीर्तिपुर नगरपालिका, काठमाडौं- १६ र कीर्तिपुरका केही वडा रहेका सहरी क्षेत्रमा हामीले जे अपेक्षा गरेका थियौँ, त्यसअनुसार परिणाम आउन नसकेकोमा गम्भीर भएका छौँ। त्यसैले अझ बढी सहरी जनमतसँग पार्टीलाई जोडेर लैजानुपर्ने निष्कर्ष निकालेका छौँ,' उपमहासचिव प्रदीप ज्ञवालीले भने।

समग्रतामा भने उपनिर्वाचनबाट थप उपलब्धि हासिल भएको एमालेले मूल्यांकन गरेको छ। ०७९ को निर्वाचनमा सातवटा वडामा प्रतिनिधित्व भएकोमा ४२ सिटमा भएको निर्वाचनमा एक अध्यक्ष, दुई उपाध्यक्षसहित आठ सिटमा विजय हासिल गरिएकाले समग्रतामा भने थप उपलब्धिकै रूपमा लिइएको पनि ज्ञवालीले बताए। तर, अघिल्लो निर्वाचनमा जितेका अधिकांश वडाको नेतृत्व प्रमुख दलले गुमाएको स्थिति हेर्दा जनमत परिवर्तन भएको देखिएकाले जनप्रतिनिधिले राम्रोसँग काम गर्न नसकेको पनि उसले समीक्षा गरेको छ।



● **प्रदीप ज्ञवाली,**
उपमहासचिव, एमाले

'दुई वर्षको बिचमा प्रायः जुन पार्टीले जितेको छ, परिणाम फरक आएर स्थानीय तहमा जनमत परिवर्तन भएको छ। के कारणले जनप्रतिनिधिले प्रभाव छोड्न सकेनन्, अर्कोले जित्ने जुन हिसाबले मत परिवर्तनलाई गम्भीरतापूर्वक लिएर जनताको मत जित्ने गरी जनप्रतिनिधिले काम गर्नुपर्ने बैठकले निष्कर्ष निकालेको छ,' ज्ञवालीले भने। एमालेले अघिल्लो निर्वाचनमा जितेका सातमध्ये एक वडामा मात्र जित दोहोऱ्याएर बाँकी ६ वटा वडा गुमाएको थियो। कांग्रेस र माओवादीले पनि पुराना वडा गुमाएर नयाँमा जित हासिल गरेका छन्।

एमालेले प्रधानमन्त्री केपी ओलीको १६-१९ मंसिरसम्म सम्पन्न चीन भ्रमण र त्यसक्रममा भएका दुई देशबिचको सम्झौताको पनि समीक्षा गर्दै दीर्घकालीन हिसाबले निकै उपलब्धिपूर्ण भएको निष्कर्ष निकालेको छ। 'मूलतः चीन भ्रमण, भ्रमणमा भएका सहमति र त्यसले नेपालको समग्र विकास र नेपाल-चीन सम्बन्धमा पार्ने प्रभावहरूको समीक्षा गर्‍यौँ र भ्रमण निकै सफल रहेको निष्कर्ष निकाल्यौँ,' बैठकको निष्कर्ष छ, 'अन्य सहमतिको अतिरिक्त बिआरआई परियोजना कार्यान्वयन फ्रेमवर्कमा भएको सम्झौता नेपालको दीर्घकालीन विकासका लागि निकै उपलब्धिपूर्ण भएको बैठकले निष्कर्ष निकालेको छ।'

चीनसँग बिआरआई कार्यान्वयनका सवालमा नयाँ समझदारी गर्ने क्रममा सत्तासाझेदार कांग्रेस र एमालेबिच भएको उच्चस्तरको समझदारी पररा्ष्ट्र नीति सञ्चालनमा राष्ट्रिय सहमति निर्माणको आधार बनेको समेत बैठकको निष्कर्ष छ। 'सत्ताको नेतृत्व गर्ने दुई महत्त्वपूर्ण पार्टीबिच भएको समझदारीले बिआरआईलाई निष्कर्षमा पुऱ्याउन निर्णायक भूमिका खेलेको छ नै। भोलिका दिनमा पररा्ष्ट्र नीति सञ्चालन गर्दा दिगोपन, राष्ट्रिय सहमति निर्माण हुने आधार पनि सिर्जना गरेको छ,' एमालेले भनेको छ।

ट्रेड युनियनबारे राष्ट्रिय सहमतिको प्रस्ताव

कमलराज भट्ट/नयाँ पत्रिका

निजामती प्रशासनमा एउटा मात्र आधिकारिक ट्रेड युनियन राख्ने कि दलगत ट्रेड युनियनलाई पनि वैधता दिएर जाने भन्ने विषय राजनीतिक तहबाटै टुंग्याउनुपर्ने प्रस्ताव आएको छ। आधिकारिक ट्रेड युनियन र दलगत ट्रेड युनियनका विषयमा दलहरू विभाजित छन्।

हाल राज्य व्यवस्था तथा सुशासन समितिमा छलफलका क्रममा रहेको संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा संशोधन राखेका सांसदहरूले आधिकारिक र दलगत दुवै ट्रेड युनियनको वकालत गरिरहेका वेला राष्ट्रिय सहमति गरेर जानुपर्ने प्रस्ताव आएको हो। मंगलबारको समिति बैठकमा संशोधनकर्ता एमाले सचिव योगेश भट्टराईले जवाफदेही ट्रेड युनियनका लागि दलहरूबिचमा बृहत् छलफलबाट राष्ट्रिय सहमति बनाउनुपर्ने बताए। 'ट्रेड युनियन चाहिँदैन वा यो सर्वेसर्वा हो, सम्पूर्ण निजामती प्रशासन चलाउँछ भन्ने एक्स्ट्रिम बहस नगरौँ। यसलाई एउटा राजनीतिक सहमतिका आधारमा ट्रेड युनियनहरूलाई हिजोको परम्परागत मान्यताबाट बदलौँ,' उनले भने।

भट्टराईले अब पेसागत र जवाफदेही ट्रेड युनियन जरुरी रहेको पनि बताए। 'ट्रेड युनियन चाहिन्छ, कस्तो प्रकृतिको ट्रेड युनियन, राजनीतिक संलग्नता कसरी व्यवस्थित गर्ने, व्यावसायिक कसरी बनाउने, पेसागत मर्यादा कसरी राख्ने भन्ने हेर्नुपर्छ,' उनले भने, 'हिजोको जस्तो एकदम पोलिटिकल मोटिभ ट्रेड युनियनलाई पेसागत मोटिभमा बदल्नुपर्छ। उहाँहरूलाई त्योअनुसारको जवाफदेही बनाउनुपर्छ।'

बैठकमा एमालेकै अन्य सांसदले फरक-फरक धारणा राखेका थिए। सांसद अम्मरबहादुर रायमाझीले एउटा मात्रै आधिकारिक ट्रेड युनियन राख्नुपर्ने बताए। 'ट्रेड युनियन एउटा अवस्थामा दलहरूले बनाए। अब भूमिका फरक पार्नुपर्छ। आधिकारिक टेड्र युनियन मात्रै राखौँ,' उनले भने।

एमालेकै अर्का सांसद दामोदर पौडेल बैरागीले आधिकारिकसहित दलगत ट्रेड युनियनको वकालत मात्रै गरेनन् प्रदेश र स्थानीय तहमा पनि स्वतन्त्र ढंगले गतिविधि गर्न पाउनुपर्ने धारणा राखे। आफ्नै पार्टीबाट फरक धारणा आएपछि सचिव भट्टराईले राष्ट्रिय सहमतिको प्रस्ताव गरेका हुन्। जसपा नेपालकी रेखा यादवले ट्रेड युनियन राष्ट्रियस्तरकालाई मान्यता दिनुपर्ने भन्दै कानुनबमोजिम दर्ता भएकाको प्रतिनिधित्व हुनुपर्ने बताइन्। संशोधनकर्ता सांसदले निजामती कर्मचारीको सरुवा मापदण्डमा जोड दिएका छन्। एकीकृत समाजवादीका शेरबहादुर कुँवरले सरुवा चक्रिय प्रणालीमा चल्नुपर्ने बताए। 'सरुवा प्रणालीमार्फत चलोस्, चक्रीय प्रणालीबाट होस्। राजनीतिक रूपमा असुरक्षित छैन भन्ने हो। कसैले पनि डराउनुपर्दैन। स्थायी सरकार स्थायी रूपले सञ्चालन गर्ने गरी हुनुपर्छ,' उनले भने। कुँवरले अवकाश भएका पूर्वप्रशासकलाई कम्तीमा दुई वर्ष होल्डमा राख्नुपर्ने बताए। सांसद नारायणप्रसाद अधिकारीले सरुवा प्रणाली स्वचालित हुनुपर्ने बताए।


मिति सभापति रामहरि खतिवडाले विधेयकमा संशोधन राखेका ११ जना सांसद मंगलबार उपस्थित रहेको बताए। आइतबार आठजना थिए। अहिलेसम्म १९ जनाले छलफलमा भाग लिएका छन्।

मदन स्मारक माविको जग्गामा बालबालिकामैत्री पार्क बनाइने

शिवहरि घिमिरे/नयाँ पत्रिका

ललितपुरको पुल्चोकस्थित मदन स्मारक स्कुलको खाली जग्गामा ललितपुर महानगरपालिकाले बालबालिकामैत्री खेलमैदानसहितको पार्क र पार्किङस्थल बनाउने भएको छ। सर्वोच्च अदालतले विद्यालयको जग्गा भाडामा लगाउन नहुने र संरक्षण गर्नुपर्ने आदेश दिएपछि महानगरपालिकाले जग्गाको उपयोग गर्नीतर चासो दिएको हो।

अदालतको आदेशपछि महानगरले खाली जग्गामा लगाइएको बार हटाउन थालेको छ। महानगरपालिकाले विद्यालयको जग्गावरिपरि ठेकेदार कम्पनीले लगाएको बार मंगलबार भत्काएको छ। ललितपुर महानगरपालिकाको नगर प्रहरीसहितको टोली पुगेर ठेकेदार कम्पनीले कार्यालय चलाएको कोठाको ढोका खोल्ने र एकातर्फको बार भत्काइएको हो। महानगरपालिकाका मेयर चिरीबाबु महर्जनले खाली जग्गालाई बर्गैचा र पार्किङका रूपमा सदुपयोग गरिने बताए। 'केही दिनअघिसम्म सो जग्गा छुन मिलेको थिएन, तर अब सर्वोच्चको अन्तिम फैसला आएपछि हामीले जग्गा संरक्षण गर्न थालेका हौँ,' उनले भने, 'अब जग्गामा बालबालिका खेल्न र रमाउन मिल्ने हरियालीसहितको पार्क बनाउँछौँ, बाँकी रहेको केही जग्गा पार्किङमा प्रयोग गर्न सक्छौँ, तर यहाँ पूर्वाधार निर्माण गर्दैनौँ, अदालतको आदेशले सार्वजनिक जग्गा संरक्षण गर्न सफलता मिलेको छ।' महर्जनले पाटन दरबार क्षेत्रमा आउने पर्यटक तथा आगन्तुकको सवारीसाधनका लागि पार्किङस्थल निर्माण गरिने बताए।



महानगरपालिका नगर प्रहरी प्रमुख सीताराम हाछेथूले सो जग्गामा अब पार्क तथा पार्किङ प्रयोजनका लागि प्रयोग गर्दा उपयुक्त हुने बताए। 'कानुनको दुरुपयोग गरेर भाडामा लगाएको जग्गा अदालतले बचाइदिएको छ, अब यसको थप संरक्षण र सदुपयोग गर्छौँ,' उनले भने, 'यहाँ अब पार्किङ र पार्क बनाउन सकिन्छ, यस क्षेत्रमा पार्किङका लागि अन्य ठाउँ छैन, यो ठाउँ उपयुक्त हुन सक्छ।'

महानगरपालिकाका अनुसार सो जग्गाको भाडासमेत ठेकेदार कम्पनी भ्याली कन्स्ट्रक्सन प्रालिले तिरेको छैन। करिब पाँच वर्षको भाडा नतिरेपछि अब सो कम्पाउन्डमा रहेका कम्पनीका सामान बेचेरै भए पनि त्यसबाटै रकम उठाउन सकिने महानगरपालिका- ३ का वडाध्यक्ष श्रीगोपाल महर्जनले बताए। उनका अनुसार कम्पनीले करिब ११ वर्षअघि जग्गा भाडामा लिएको थियो।

करिब १० रोपनी एक आना विद्यालयको जग्गा ४० वर्षका लागि गैरकानुनी रूपमा लिजमा लगाएपछि दरबार टोल विकास संस्था र स्थानीय व्यक्तिले सर्वोच्चमा मुद्दा हालेका थिए। सो मुद्दामाथि सर्वोच्चले अन्तरिम आदेश जारी गर्दै भाडामा नलगाउन भनेपछि महानगरपालिकाले जग्गा संरक्षण गर्न लागेको हो। मुद्दा सर्वोच्चमा पुगेपछि कम्पनी भाडा नै नतिरी भागेको थियो। हाल महानगरपालिकाले भाडा तिराउन कम्पनीका प्रतिनिधिको खोजीसमेत गरेको छ।

विद्यालयको वरिपरि रहेको जग्गामा कुनै संरचना निर्माण नगरिएपछि झार उम्रिएको छ। ठेकेदार कम्पनीले सस्तोमा भाडामा लिएर सो जग्गामा निर्माण सामग्री राख्ने गरेको थियो। विद्यालयका प्रधानाध्यापक गोविन्द पौडेलले सो जग्गामा अब खेलमैदान बनाइने बताए। 'यो जग्गामा अब बालबालिकाका लागि खेलमैदान बनाउनुपर्छ, पार्किङ गर्नु उचित हुँदैन,' उनले भने। पौडेलका अनुसार ठेकेदार कम्पनीसँग २० साउन ०७९ मा लिज सम्झौता भएको थियो। सम्झौताअनुसार प्रति रोपनी मासिक भाडा तीन हजार पाँच सय रुपैयाँ मात्रै तोकिएको थियो। सो जग्गामा संरचना निर्माणपछि प्रतिरोपनी मासिक ४० हजार रुपैयाँ तिर्ने सम्झौता भएको थियो। तर, लिज सम्झौता विवादित बनेपछि ठेकेदार कम्पनीले संरचना निर्माण गर्न सकेको थिएन। स्थानीय व्यक्तिहरू न्यायका लागि अदालत पुगेपछि अदालतले लिज सम्झौता भंग गरेसँगै सो जग्गा पूर्ण रूपमा स्कुलले नै प्रयोग गर्न पाउने भएको हो।

UAE मा बैदेशिक रोजगार | कम्पनी : Green Ston Landscaping LLC OPC शहर : UAE

पूर्व स्वीकृत मिति : २०८१/८/२४ चलानी नं. ६०२२९४९८ LT. No.: 315037

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना/बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		AED	ने.रु.						
1.	Horticulturist	50	0	स. कामका दक्ष	800	२९,६८३	क.नि. अनुसार	८ घण्टा	६ दिन	क. नि. अनुसार	छ	२ वर्ष
2.	Agriculture Worker	100	0		800	२९,६८३						
3.	Tree and Shrub Crop Grower	50	0		800	२९,६८३						

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ पुष ३ गते (18 Dec. 2024) मा हुने छ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क रुले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा कसले व्यहोर्ने/ कति लाग्ने	रोजगारमा बिना हुने/खुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले व्यहोर्ने	भिषा रद्दाभिडत कति लाग्ने र कसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने
कामदारले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदारले व्यहोर्ने	बिना हुने/ प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	रोजगारदाताले व्यहोर्ने	कामदारले व्यहोर्ने	रु. ७००/- कामदारले तिर्ने	रु. ५५००/- कामदारले तिर्ने	५०,०००/-

वैदेशिक रोजगार विभागबाट मराईएको जानकारी: १. आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। २. बुझाएको रकमको भरपाई अनिवार्यरुमा लिनुहोला। ३. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला। आफू कहिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचनामा उल्लेख भएको भन्दा बढी रकम कसैसाई नदिनु होला। ४. विदेश जानुअघि अभिमुखीकरण वा ड्राफ्टमन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, तथा सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसँग राख्नुहोला। ६. कामका विदेश जाँदा नेपालके विमानस्थल प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, चाहरुसमा सम्पर्क गर्नुहोला।

Rainbow Overseas Pvt. Ltd.
Nepal Govt. Labour Lic No 352/ 059/060, Mitrapark-07, Chabahil KTM, Nepal
Phone : 01- 5910277 / 5910278, 9801199802 / 9801199803

इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेड
Infomerics Ratings Nepal
रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं. १०, बानेश्वर हाइट, काठमाडौं
फोन : ०१-४५८५५०६

चौथौं वार्षिक साधारण सभा बस्नेसम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति : २०८१/०८/२६

श्री सेयरधनी महानुभावहरू,

यस कम्पनीको सञ्चालक समितिको मिति २०८१/०८/२४ गते बसेको बैठकको निर्णयानुसार कम्पनीको चौथौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरूउपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण सेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. सभा हुने मिति, स्थान र समय :
मिति : २०८१ साल पौष १९ गते, शुक्रबार (तदनुसार ०३ जनवरी, २०२५)
स्थान : इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडको कार्यालय, बानेश्वर हाइट, काठमाडौं
समय : दिनको १२:४५ बजे

२. छलफलका विषयहरू :
(क) सामान्य प्रस्तावहरू :
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदनउपर छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदनसहितको आ.व. २०८०/८१ को आर्थिक विवरणउपर छलफल गरी पारित गर्ने।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८१/८२ को हरहिसाबहरू लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने।
४. स्वतन्त्र सञ्चालकको नियुक्ति।
(ख) विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

माओवादीलाई जनतामाझ जान सन्देश

माओवादीलाई उपनिर्वाचनले मिहिनेतपूर्वक जनतासँगको संवादलाई निरन्तरता दिन र योजनाबद्ध रूपमा जनताका पक्षमा काम गर्न सन्देश दिएको छ



● माधव सापकोटा

अग्रलेख

विषय प्रवेश : प्रतिनिधिसभामा पहिलो र दोस्रो दल मिलेर गत ३० असारमा नयाँ सरकार गठन भएपछि प्रमुख विपक्षी दल नेकपा (माओवादी केन्द्र) विरुद्ध लगातार राजनीतिक आक्रमण, अपमान र दुर्इतिहाइनजिकको दम्भ प्रदर्शनको प्रयास भइरहेका छन्। यतिसम्म कि नेपालको व्यवस्था परिवर्तनका लागि भएको जनयुद्ध र त्यसको नेतृत्व गरेको दलविरुद्ध संसद्मा समेत अपमानको प्रयास भयो। यद्यपि त्यसको सशक्त प्रतिवाद भयो।

यसबिच माओवादीले जनतासँग जोडिन सबै प्रदेशमा परामर्श बैठक गऱ्यो। जनताको आवाज सुनेर सुशासन कायम गर्न खोज्दा माओवादी सत्ताबाहिर हुनुपरेको विषय बुझाउने काम भयो। यसै सन्दर्भमा निर्वाचन आयोगले १६ मंसिरका लागि स्थानीय तहमा रिक्त रहेका पदहरूको उपनिर्वाचन कार्यतालिका सार्वजनिक गऱ्यो। दलहरू आआफ्ना तयारीमा जुटे। माओवादीलाई होच्याएर 'सत्ताबाहिर पुगेपछि माओवादी हतास देखियो, गठबन्धन गरेर चुनावमा होमिएका माओवादी एक्लै चुनाव लड्न सक्दैनन्, कथं लडिहाले भने पनि पत्तासाफ हुन्छन्' जस्ता भाष्य निर्माणको जबर्जस्त प्रयास सत्तानिकट दलहरूबाट भए। तर, अरूले के भन्छन् भन्नेमा चासो नदिई माओवादी केन्द्रले एक्लै चुनावमा होमिने निर्णय सार्वजनिक गऱ्यो। केन्द्रीय नेतृत्व नै चुनावी माहोल निर्माणमा जुटेपछि पार्टीपंक्ति एकाकार भएर चुनावमा होमियो। सत्ताधारी दलले माओवादीको उदयको जग बिर्सेर होच्याउने र अपमान गर्ने कार्य जारी राखे। माओवादीले प्रतिवाद गर्नुभन्दा जनतामाझ जाने विषयलाई मुख्य कार्यसूची बनायो। यसपटक माओवादीले जनतामाझ फर्केको उद्घोष मात्रै गरेन, साँच्चै गयो पनि। आमनागरिकका सुखदु:खमा एकाकार भयो, तिनका पीडा, महसुस गऱ्यो, गुनासा सुन्यो। आफ्ना वर्तमान एजेन्डा सुनायो। विगतमा भएका कमी-कमजोरीप्रति आत्मालोचित भयो।

उपचुनावको सन्देश : मिनी जनमत संग्रहका रूपमा पनि हेरिएको यसपटकको उपनिर्वाचनले राजनीतिक दलहरूको प्रभाव र जनताको विश्वासलाई पुनः परीक्षण गऱ्यो। यो निर्वाचन पहिलो दल नेपाली कांग्रेस, दोस्रो दल नेकपा (एमाले), प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्र र अन्य दलबिचको प्रतिस्पर्धा मात्र थिएन, बरु वर्तमान जनमतको प्रवृत्ति बुझ्ने अवसरसमेत थियो। चुनावी परिणाम माओवादी केन्द्रका लागि अझ महत्त्वपूर्ण बन्न पुग्यो। माओवादीका लागि उपचुनावले पुनः जनविश्वास जित्ने र प्रमुख राजनीतिक शक्तिका रूपमा उदाउने अवसरको पथप्रदर्शन गरेको छ। यसले माओवादीलाई निराश नहुन र जनतासँग जोडिएर अगाडि बढ्न प्रस्ट सन्देश दिएको छ। साथै, चलायमान जनमतलाई सम्बोधन गरेर जाने मार्ग पनि पहिल्याएको छ। अर्को महत्त्वपूर्ण विषय, माओवादी केन्द्रले सहर र मधेश क्षेत्रमा भोट बैंक सुधार र विस्तार गरेको देखिएको छ। निर्वाचनमा माओवादी केन्द्रले परिपक्व रणनीति अपनाएको देखियो। जनसरोकारका विषयमा संवाद, पार्टीभित्रको सुदृढ एकता र कार्यकर्ताको सक्रियताले पार्टीको जनाधारलाई बलियो बनाउन मद्दत पुऱ्याएको छ। यसले आगामी निर्वाचनमा माओवादी केन्द्रले थप बलियो प्रदर्शन गर्न सक्ने सम्भावनाको संकेत गरेको छ। स्थानीय मुद्दालाई प्राथमिकता दिँदै जनताको सरोकारका विषयमा काम गर्ने नेताहरूको सक्रियता यसमा प्रमुख कारण बनेको छ।

नेपाली कांग्रेस र नेकपा (एमाले) दुवैको 'चुनावअघि गठबन्धन नगर्ने' घोषणामा अडिग हुन नसकेको र जनताले यस कदमलाई अस्वीकृत गरेको देखियो। विशेषतः एमालेले ओखलढुंगामा नेपाली कांग्रेसलाई मैदान छोडिदिनु र रुकुमपूर्वमा पार्टीकै जिल्ला उपसचिवले अर्को पार्टीको चुनाव चिह्नबाट उम्मेदवारी दिनुजस्ता कदमले जनताको नजरमा विश्वसनीयतामा नकारात्मक प्रभाव पारेको छ। सत्ताधारी दलहरूलाई निर्वाचनले 'माओवादीलाई कम नआँक' भन्ने सन्देश दिएको छ।

एक्लै चुनाव लड्ने निर्णयलाई समर्थन : माओवादी केन्द्रलाई एकल रूपमा चुनाव लड्न नसक्ने पार्टीका रूपमा चित्रण गर्ने प्रयास भए पनि यो उपचुनावले त्यसलाई खारेज गरिदिएको छ। जनताले माओवादीको निर्णयलाई सानदार ढंगले अनुमोदन गरेका छन्। उपनिर्वाचनको परिणाम सार्वजनिक हुँदा माओवादीको एक्लै चुनाव लड्ने निर्णयलाई जनताले समर्थन गरेको देखियो। यसअघि माओवादीले जितेका रुकुमपूर्वको पुथाउत्तरगंगा र हुम्लाको सर्केगाड गाउँपालिकामा पुनः जित हासिल गर्दै पालिका र वडामा थप सफलता प्राप्त गऱ्यो। माओवादी लोकप्रिय जनमतका आधारमा दोस्रो बन्यो। सबै दल मिलेर गठबन्धन गर्दा पनि रुकुमपूर्वको पुथाउत्तरगंगा गाउँपालिकामा भारी मतान्तरले विजयी हुनुका साथै वडामा निर्विरोध नै भयो। जाजरकोटको नलगाड नगरपालिका, मोरङको ग्रामथान गाउँपालिका, नुवाकोट, उदयपुर, गोरखा, धनुषा, डोल्पाका वडामा भारी मतान्तरले हाम्रो पार्टी विजयी भयो। पहिले तेस्रोमा पनि कमजोर स्थितिमा रहेको कामाडौंको कीर्तिपुर नगरपालिकासहित १२ स्थानमा उल्लेख्य मतसहित माओवादी दोस्रो भएर प्रतिस्पर्धामा उभियो।

यसले जनतामा माओवादीप्रति विश्वास र उत्साह मात्रै देखाएन, २० मंसिरमा बसेको माओवादी केन्द्रीय कार्यालयको बैठकले जितेका सिट संख्या र लोकप्रिय जनमत दुवै हिसाबले प्राप्त परिणामलाई उत्साहजनक मान्दै स्थानीय तह उपनिर्वाचनको परिणामले आगामी निर्वाचन एक्लै लड्ने आधार तयार गरेको निष्कर्ष सार्वजनिक गऱ्यो।

अबको बाटो : माओवादी पार्टीभित्र एकता र आन्तरिक सुदृढीकरणको खाँचो अझै देखिन्छ। सिद्धान्त र दर्शनलाई यथार्थपरक व्याख्या गर्दै नयाँ पुस्तालाई आकर्षित गर्न माओवादी केन्द्रले विशेष ध्यान दिनुपर्छ। गाउँ-गाउँमा जनतासँग प्रत्यक्ष संवाद गर्दै स्थानीय मुद्दामा प्राथमिकता दिनु, शिक्षा, स्वास्थ्य, रोजगारी र पूर्वाधार विकासमा जनतालाई सम्बोधन गर्ने नीति अवलम्बन गर्नु अबको आवश्यकता हो। आफ्ना नेता-कार्यकर्ता फिल्डमा जमेर काम गर्ने माओवादीको नीति दीर्घकालीन रूपमा प्रभावकारी साबित हुन सक्छ।



> माओवादी केन्द्रलाई एकल रूपमा चुनाव लड्न नसक्ने पार्टीका रूपमा चित्रण गर्ने प्रयास भए पनि यो उपचुनावले त्यसलाई खारेज गरिदिएको छ। जनताले माओवादीको निर्णयलाई सानदार ढंगले अनुमोदन गरेका छन्।

> माओवादीका लागि उपचुनावले पुनः जनविश्वास जित्ने र प्रमुख राजनीतिक शक्तिका रूपमा उदाउने अवसरको पथप्रदर्शन गरेको छ। यसले माओवादीलाई निराश नहुन र जनतासँग जोडिएर अगाडि बढ्न प्रस्ट सन्देश दिएको छ।

जितेका क्षेत्रमा परिणाममुखी काम गरेर उदाहरण प्रस्तुत गर्नु र हार भएका क्षेत्रमा आत्मसमीक्षा गर्दै यथार्थपरक योजना निर्माण गर्नु रणनीतिक दृष्टिले महत्त्वपूर्ण हुनेछ।

पार्टीको संगठनात्मक बललाई स्थानीय स्तरमा पुनः सक्रिय बनाउनुपर्छ। जनसरोकारका विषयमा मात्र होइन, युवापुस्तालाई पार्टीमा आकर्षित गर्न नवीन कार्यक्रम ल्याउनु आवश्यक देखिएको छ। हार भएका क्षेत्रका कार्यकर्ताले ध्वंसात्मक बहस गर्ने होइन, जनतासँग निरन्तर संवाद गर्दै आफ्नो कमजोरी सच्याउने प्रयास गर्नुपर्छ। उपचुनावको परिणामलाई माओवादी केन्द्रले आफ्नो पुनर्जागरणको सुरुवातको रूपमा लिनुपर्छ। जितेका क्षेत्रमा उदाहरणीय काम गरेर र हार भएका ठाउँमा आत्मसमीक्षा गर्दै पार्टीलाई सशक्त बनाउने यो सही समय हो। माओवादी केन्द्रले अब आफ्ना गतिविधिलाई 'जनता, जनता र फेरि पनि जनता' भन्ने आधारमा अघि बढाउनु आवश्यक छ। यसका लागि सबै नेता-कार्यकर्ताले आफ्ना कार्यक्षेत्रमा केन्द्रित भएर योजनाबद्ध रूपमा काम गर्नुपर्छ। माओवादी घटकमाझ एकता गर्न सकिने हो भने पार्टीको शक्ति अझ सुदृढ हुनेछ। माओवादी केन्द्रले अबको यात्रालाई स्पष्ट दृष्टिकोण र दीर्घकालीन योजनासहित अघि बढाउनुपर्छ। पार्टीले 'प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्र प्रमुख'को मुद्दालाई प्रमुख मुद्दा बनाउँदै नयाँ राजनीतिक आधार तयार गर्न सक्छ। यसै क्रममा माओवादी केन्द्रले आफ्नो संगठनात्मक बललाई सुदृढ गर्दै लोकप्रिय जनमतलाई मजबुत बनाउनुपर्छ। परिणाममुखी प्रयास र एकताको बलले माओवादी केन्द्रलाई प्रमुख राजनीतिक शक्तिका रूपमा उभ्याउनेछ। यो उपनिर्वाचनले दिएको सन्देश मिहिनेतपूर्वक जनतासँगको संवादलाई निरन्तरता दिनु र योजनाबद्ध रूपमा जनताका पक्षमा काम गर्नु हो।

हामी निकै मिहिनेतले यहाँसम्मको यात्रामा छौं। विगतका कठिन संघर्षलाई नबिर्सौं। हिजो हामी एकातिर थियौं, सम्पूर्ण राज्य शक्ति अर्कातिर थियो। आमनागरिकलाई आफ्ना कुरा राख्ने विषय निकै अप्ठेरो र पेचिलो थियो। भर्खर-भर्खर सुरु भएको मोबाइल फोन पनि हामीले प्रयोग गरेको भनेर अवरुद्ध गरिएको थियो। सत्ताले 'दिन' हाम्रो भन्थ्यो, हामी रातारात जनतासम्म पुगेर सन्देश प्रवाह गर्थ्यौं। राज्यले सहर हाम्रो भन्थ्यो भने हामी गाउँमा हुन्थ्यौं। गाउँ-गाउँमा हामीलाई सिध्याउन विभिन्न नामधारी 'अपरेसन' चलाइन्थे, तर हामीलाई आमनागरिकले गाँस र वास दिएर जोगाउँथे। ती महान् जनतालाई हामीले कति सम्झेर भेटेका छौं र सुनेका छौं भन्ने प्रश्न अहिलेको मुख्य विषय हो। अहिले जनतासम्म जान, सुन्न र सन्देश प्रवाह गर्न आधुनिक प्रविधि, सञ्चार माध्यम, सामाजिक सञ्जाल र अन्य विधि विकास भएका छन्। ती विधि सबैका सहज पहुँचमा छन्। आफ्ना विषय सजिलै राख्न सक्ने अवस्था छ। वडादेखि पालिका, प्रदेश र संघीय संसद्सम्म माओवादीको अर्थपूर्ण उपस्थिति छ। यी सबै अनुकूलताको प्रयोग गर्न माओवादीले सिपालु हुनुको विकल्प छैन।

(सापकोटा प्रतिनिधिसभा सदस्य हुन्)

---

३ प्रश्न

नेपाल प्रहरीका पूर्वएआइजी **राजेन्द्रसिंह भण्डारी**लाई



बढुवा भएका डिआइजीले जिम्मेवारी नपाउने अवस्था आउनुको कारण के होला ?

संगठनलाई आवश्यक नै नभएका पदमा संगठनबाहिरको आवश्यकता र चाहनामा बढुवा गरेपछि यस्तै हुन्छ। संगठनलाई आवश्यक नै नभएको अवस्थामा जहिले पदस्थापन गरे पनि हुन्छ। एक वर्षपछि गरे पनि के नै फरक पर्छ र ? पहिले एकजना मात्र एआइजीले पुग्थ्यो भने कुनैबेला १५ पुऱ्याइएको थियो। डिआइजीको पद संख्या पनि त्यसैगरी संगठनको भन्दा पनि बाहिरको आवश्यकताले थपिएको छ। ठाउँ नै नभएपछि कसरी होस् त समयमै पदस्थापन ?

प्रहरीमा यस्तो अवस्था पटकपटक दोहोरिइरहनुको कारण के होला ?

प्रहरी संगठनलाई आन्तरिक प्रशासनमा कमजोर र थिल्थिलो पारिएको छ। प्रहरीमा संगठनको नेतृत्वभन्दा बाहिरको राजनीतिक नेतृत्व हाबी छ। उसले आफूखुसी, पद सिर्जना गर्ने, आफ्ना मान्छेलाई छानीछानी बढुवा गर्ने गर्दै आएको छ। जुनियर प्रहरी अधिकृतको वृत्तिविकासमा कसैको ध्यान छैन। डिआइजीदेखि माथिका अधिकृतको नीति निर्माणमा भूमिका हुने हो, तर यहाँ उनीहरूलाई नीति निर्माणमा कुनै भूमिका नै दिइन्न। यहाँ माथिबाट लादिएको नीति हाबी देखिने गरेको छ। त्यसैले, प्रहरीमा यस्तो अवस्था दोहोरिइरहन्छ।

वृत्तिविकासलाई स्वचालित बनाएर प्रहरीलाई राजनीतिको छायाबाट मुक्त गर्न सकिन्न ?

यहाँनिर संगठन स्वचालित हुने कि सञ्चालित हुने भन्ने प्रश्न मुख्य हो। दैनिक प्रशासनिक र 'अपरेसनल' कार्यलाई स्वचालित नै रहन दिनुपर्छ। प्रहरीलाई जिम्मेवारी दिने र सरकारले जवाफदेहिता लिनुपर्ने हो। तर, हामीकहाँ प्रहरीका हरेक दैनिक गतिविधि स्वचालितभन्दा पनि सञ्चालित भएकाले प्रहरी संगठनलाई राजनीतिको छायाबाट मुक्त राख्न कठिन छ।

प्रेरक प्रसंग

कर्तव्य पूरा गरौं

एकपटक घनश्याम दास बिडला कार्यालय जाँदै थिए। तर, विशेष कारणवश उनलाई कार्यालय पुग्न ढिलो भइरहेको थियो। त्यसैले, उनका चालकले गाडी तीव्र गतिमा हाँकिरहेका थिए। उनको गाडी एउटा पोखरीको छेउबाट अघि बढ्दै थियो। त्यहाँ मानिसको निकै ठुलो भिड थियो। सबैजना बचाऊ, बचाऊ भन्दै चिच्याइरहेका थिए।



घनश्यामले चालकसित सोधे– यहाँ मानिसको भिड किन लागेको रहेछ ? फेरि उनीहरू बचाऊ, बचाऊ भनेर कसलाई बचाउन भनिरहेका छन् ? चालकले जवाफ दिए- खै सर, सबै कुरा त बुझिएन। तर, कोही पोखरीमा डुबिरहेको हुनुपर्छ। घनश्याम दासले तत्कालै चालकलाई गाडी रोक्न लगाए। उनी हतारहतार गाडीबाट बाहिर निस्किए। भिडको छेउबाट हेर्दा एउटा नौ-दश वर्षको बालक पोखरीमा डुब्दै गरेको देखियो। तर, पोखरीमा डुब्दै गरेका बालक निकाल्न पोखरीमा हाम फाल्नुको साटो वरिपरि भएका सबै रमिता हेर्दै बचाऊ, बचाऊ भनेर चिच्याइरहेका थिए।

यो सब देखेपछि घनश्याम दास तत्कालै पोखरीमा झ्वाम्म हामफाले र पौडँदै गई बालकको हात समातेर बाहिर ल्याए। बालकले निकै पानी पिइसकेका थिए। उनी बेहोस अवस्थामा थिए। त्यसैले, घनश्याम दासले आफ्नै गाडीमा राखेर बालकलाई अस्पताल पुऱ्याए। केहीबेरमै बालकका अभिभावक पनि आइपुगे। चिकित्सकले बालक खतरामुक्त रहेको बताएपछि मात्र उनी कार्यालयतर्फ गए। तर, उनका लुगा, जुत्ता सबै भिजेकै अवस्थामा थिए, सुकेका थिएनन्।

घनश्याम दासलाई यस्तो अवस्थामा कार्यालय आएको देख्दा उनका कर्मचारी सबै छक्क परे। जब उनले गरेको कामबारे पछि थाहा पाए, सबैले उनको खुलेर प्रशंसा गरे। तर, घनश्याम दासले भने- मैले यो कुनै प्रशंसायोग्य काम गरेको होइन, आफ्नो कर्तव्य निभाएको मात्र हुँ। सबैले मौका आइपर्दा यसैगरी आआफ्नो कर्तव्य निभाउनबाट कहिल्यै पछि हट्नु हुँदैन।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

ट्राफिक प्रहरीले ठिक गऱ्यो

ट्राफिक प्रहरीले ध्वनि प्रदूषण गराउने ५२ मोटरसाइकल नियन्त्रणमा लिएको समाचार पढ्दा खुसी लाग्यो। काठमाडौंका सडकमा अति तीव्र गतिमा मोटरसाइकल हाँकेर चर्को ध्वनि निकाल्ने चालकको कमी छैन। यस्तो समस्या जतातै देख्न सकिन्छ। यस्ता चालकलाई ड्युटीमा खटिएका कतिपय ट्राफिक प्रहरीले वास्ता नगरेको पनि देखिन्छ। यस्ता चालकले एकातिर चर्को आवाजले ध्वनि प्रदूषण बढाइरहेका छन् भने अर्कातिर चर्को आवाज निकाल्न तीव्र गतिमा सवारीसाधन कुदाउँदा गम्भीर दुर्घटना हुने जोखिम पनि उत्तिकै छ। त्यसैले, यस्ता चालक र सवारीसाधनलाई खोजीखोजी पक्राउ गरिनुपर्छ। ट्राफिक प्रहरीले सुरु गरेको अभियान स्वागतयोग्य छ।

● **कुमारी पुर्कोटी**, सतुंगल, काठमाडौं

दलगत ट्रेड युनियन चाहिँदैन

अहिले संसद्मा विचाराधीन रहेको निजामती सेवासम्बन्धी विधेयकमा दलगत ट्रेड युनियन राख्ने या नराख्ने विषयमा छलफल भइरहेको र अधिकांश दल दलगत ट्रेड युनियन हटाउन तयार रहेको भन्ने समाचार पढियो। निजामती कर्मचारीमा दलगत ट्रेड युनियन भएकै कारण कर्मचारी अनुशासनको घेरा तोडेर राजनीतिक गतिविधिमा रमाउने गरेको देखिन्छ। यसले उनीहरूको कार्यसम्पादनमै असर गरिरहेको छ। कर्मचारीले दलहरूका झन्डा बोक्नु कुनै हालतमा जायज छैन। यसलाई हटाउनु नै राम्रो हुन्छ।

● **गौरव पाखिन**
कोटेश्वर, काठमाडौं

यति कामलाई चार महिना ?

काठमाडौं महानगरपालिकाको नाकैमुनि भासिएको सडक बनाउन चार महिना लाग्यो भने यहाँका अन्य संरचना बनाउन कति समय लाग्ला ? हुन त यो महानगरको जिम्मामा पर्ने सडक होइन। सडककिनारका पोलमा 'सवि' अर्थात् 'सडक विभाग' लेखिएको सडक हो। त्यसैले, यसमा भएको ढिलासुस्तीका लागि पनि सडक विभाग नै जिम्मेवार छ। यति थोरै काम सम्पन्न गर्न चार महिना लगाउने सडक विभागले दूरदराजका लामा सडक निर्माण कसरी समयमा गर्ला र ?

● **सुमित्रा चाम्लिङ**
सानेपा, ललितपुर

राज्यको दमनकारी रवैया

सरकारको पछिल्लो रवैया यो कुनै लोकतान्त्रिक राज्य होइन, बरु एउटा दमनकारी राज्य हो भन्ने देखिँदै छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति तथा पूर्वगृहमन्त्री रवि लामिछानेमाथि लगाइएका आरोप र त्यसको अनुसन्धान प्रक्रियाले स्पष्ट देखाउँछ कि राज्य संयन्त्रहरूलाई राजनीतिक प्रतिशोध साध्ने औजारका रूपमा प्रयोग गरिँदै छ। लामिछानेलाई मध्यरातमा उठाएर चितवनबाट पोखरा लगिएको घटनाले सरकारको चरित्रलाई उदांगो मात्र बनाएको छैन, लोकतन्त्रका आधारभूत मान्यतालाई गम्भीर चुनौतीसमेत दिएको छ। रातारात चितवनबाट पोखरा अनि त्यसपछि सिमरा हुँदै वीरगन्ज लैजाने कार्य कुनै कानुनी प्रक्रियाको हिस्सा होइन। यो त केवल रवि लामिछानेको प्रतिष्ठा ध्वस्त पार्ने र उनलाई मानसिक तथा शारीरिक पीडामा धकेल्ने सुनियोजित षड्यन्त्र हो। समर्थनमा आएका नागरिकको आवाज दमन गर्ने, मध्यराति उठाएर लाने, अस्पताल नलानेजस्ता क्रियाकलापले राज्यले मानव अधिकारको खुलेआम उल्लंघन गरेको पुष्टि गर्छ।

सरकारको यस्तो कार्यले नेपाली जनता, विशेषगरी लामिछानेजस्ता नेता र उनीप्रति विश्वास व्यक्त गर्ने नागरिकको विश्वासमाथि चोट पुऱ्याएको छ। रविमाथि सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणका आरोप लगाउँदै उनलाई विभिन्न जिल्ला घुमाएर अनावश्यक मानसिक तनाव सिर्जना गर्नु केवल उनीमाथिको मात्र आक्रमण होइन, यो नेपालका सबै स्वतन्त्र सोचका नागरिकमाथिको आक्रमण हो। गृह मन्त्रालय र प्रहरीको यो दमनकारी रवैया कुनै व्यक्तिमाथिको अन्यायमा मात्र सीमित छैन। यसले नेपालका हरेक नागरिकको मौलिक अधिकारमाथि खतरा निम्त्याएको छ।

● **सन्तोष सिम्खडा**, हाल : टोकियो, जापान

सिरियाली सत्तापलटमा बसर आफैं जिम्मेवार

इरान र रुसी सहयोगी आफ्नै समस्याले जेलिएका अवस्थामा असदको पतन सहज बने पनि यसका मूल कारक बसर आफैं हुन्



देश / विदेश

● बाराक बर्फी

सिरियामा हाफिज अल-असदले सत्ताकब्जा गरेको ५४ वर्षपछि त्यहाँका विद्रोहीले उनका उत्तराधिकारी एवं छोरा बसर अल-असदले छिन्नभिन्न बनाएको सत्ताको अन्त्य गरेका छन्। इरान र रुसी सहयोगी आफ्नै समस्याले जेलिएका अवस्थामा असदको पतन सहज बन्यो, तर यो पतन मूलतः उनकै कमजोरीले भएको हो। परजीवी अर्थतन्त्र र कठोर राजनीतिक प्रणालीलाई सुधार गर्न अक्षम बसर एक कमजोर नेता हुन्। वास्तवमा उनलाई नेतृत्वका लागि तयार पारिएकै थिएन। उनका दाजु बासिललाई उत्तराधिकारी बनाइएको थियो। तर, सन् १९९४ मा बासिलको निधनपछि लन्डनमा आँखा चिकित्साको अध्ययन गरिरहेका बसर स्वदेश फर्कनुपरेको थियो। सन् २००० मा बसरका लागि बलियो र स्थिर सिरिया छाडेर हाफिजको निधन भयो। त्यसवेला सिरियाको अमेरिकासँग टकराव थिएन। १९९१ मा यसले इराकबाट कुवेतको मुक्तिमा सहयोग गरेपछि शान्तिका लागि साझेदार बनेको थियो। यो अवस्थामा पश्चिमा विश्वको अनुभव लिएका बसरले सन् १९६३ देखि सत्तामा रहेको बाथ पार्टीलाई उदार बनाउने आशा जन्मेको थियो। सुरुमा बसर सुधारकको भूमिकामा देखा परेका थिए, जहाँ उनले राजनीतिक बन्दीलाई रिहा गरेर बौद्धिक छलफललाई प्रोत्साहन गरेका थिए। समयक्रममा बसर आफ्नो सुधारवादी छविबाट पछि हटे, असहमतिमाथि दमन हुन थाल्यो र भ्रष्टाचार व्यापक बन्यो। जनताको असन्तोष मोड्न उनले विदेशी दुस्मनलाई दोषी ठहऱ्याएर यहुदीले यशुलाई धोका दिएको आरोप लगाए र जिहादीलाई इराकमा अमेरिकीसँग भिड्न यात्रा अनुमति दिए। उनले आफ्ना बुबाको क्रूर शैली अनुसरण गर्दै लेबनानी प्रधानमन्त्री रफिक हरिरीलाई 'लेबनान टुक्र्याउने' धम्की दिँदै हेजबुल्लाहसँग मिलेर उनको हत्या गर्ने षड्यन्त्रसमेत रच्चे। बसरको बाथ पार्टीले अल्पसंख्यकलाई एकत्रित गरी ६४ प्रतिशत जनसंख्या रहेका अरब सुन्नी समुदायलाई दबाएको थियो। यसले प्रान्तीय सुन्नीलाई पनि आकर्षित गरेको थियो, जो लामो समयदेखि सहरी कुलीनबाट विभेदको सामना गर्दै आएका थिए। यस्तो अवस्थामा कुनै पनि सुधारले जनसंख्याको करिब १२ प्रतिशत हिस्सा रहेको सिया पन्थका अलवी समुदायको वर्चस्वलाई जोखिममा पार्न सक्थ्यो। सन् २००६ सम्ममा सिरियाका पश्चिमा समर्थकले समेत बसरलाई साथ दिन छाडिसकेका थिए। फ्रान्सका राष्ट्रपति ज्याक सिराकले उनलाई 'सुरक्षा र शान्ति कायम गर्न अक्षम' भन्दै आलोचना गरेका थिए। उनलाई 'दृष्टिविहीन आँखा चिकित्सक' भनेर उपहास गरियो। सन् २०११ मा सुरु भएको अरब वसन्तको लहर सिरियामा पनि फैलिनु स्वाभाविक थियो। तर, बसर सिरियाली जनताका गुनासाबारे अनजान थिए वा तिनलाई अनदेखा गरे। विद्रोहअघि उनले वाल स्ट्रिट जर्नललाई 'हामी अरब वसन्तबाहिर छौं' र सिरिया 'स्थिर' छ भन्ने दाबी गरे। उनले आफू 'जनविश्वासमाँग निकट रहेको' बताएका थिए। तर, ग्रामीण जनाधारले उनलाई छाडेपछि प्रदर्शन सुरु भयो। विद्रोह दबाउन असद ग्रामीण समस्यालाई कहिल्यै आफ्नो नमान्ने सहरी कुलीन वर्ग र श्रमिक वर्गमा भर परे।

बसरले विद्रोहबाट जोगिन रुसी हवाई समर्थन र इरान समर्थित लडाकु समूह विशेषतः हेजबुल्लाहको सहारा लिएका थिए। वर्षौंको संघर्षपछि बसर बहुसंख्यक सिरियाली जनता बसोवास गर्ने उत्तरको अलेप्पोदेखि दक्षिणमा दमास्कससम्मका महत्त्वपूर्ण क्षेत्रमा नियन्त्रण जमाउन सफल भए। तर, बसरले पुनरागमनपछिको दोस्रो अवसर गुमाए। राजनीतिक सुधारमा असफल भएपछि स्रोत वितरण र पुनर्निर्माणमा ध्यान केन्द्रित गर्न उनका समर्थकले आर्थिक परिवर्तनको माग गरेका थिए। तर, एक माफियाजस्तो सत्ताले आफ्ना आसेपासेको लाभलाई कहिल्यै त्याग्न सक्दैन, भलै यस्ता सुधारले सामाजिक सद्भाव ल्याओस्। बसर सत्ताले व्यवसायीबाट घुस र विदेशीलाई शोषण गर्ने काम गऱ्यो। विश्व खाद्य कार्यक्रमले सिरियाली बन्दरगाहमा घुस नदिँदा चामलको आपूर्ति भण्डारण नै कुहियो। यसैगरी बसरका काकाले अमेरिकी कूटनीतिज्ञलाई आफूलाई बिक्री एजेन्ट बनाएपछि मात्र सिरियाले बोइङ विमान खरिद गर्ने बताएका थिए। स्रोतको सक्दो दोहन गर्दै बसर सत्ताले खुला बजार आर्थिक मोडेल तयार गऱ्यो, जहाँ समाजलाई अनुदान प्राप्त वस्तुबाट सन्तुष्ट पार्दै आफूलाई भ्रष्टाचारबाट समृद्ध बनायो। तर, आन्तरिक राजस्व आधार घटेपछि र विदेशी शोषणको अवसर सकिएपछि सिरियाले कानुनी व्यापारभन्दा दुई गुणा बढी 'अम्फेटामिन क्याप्टागन' लागुऔषधको अवैध निर्यातबाट आम्दानी गर्न थाल्यो। अर्थतन्त्र संकुचित हुँदै गर्दा भएको अनुदान कटौतीले दैनिक आवश्यक वस्तु सामान्य मजदुरी गर्नेको पहुँचबाहिर पुग्यो। आज सिरियाली घरपरिवारका करिब ७० प्रतिशतले आफ्ना आधारभूत आवश्यकता पूरा गर्न सक्दैनन्। विपन्न तप्का मात्र नभई बसरको सत्ताले आफ्नै सत्तालाई समर्थन गर्दै आएका उद्यमी र व्यवसायी नेतालाई पनि पीडित बनायो।



तस्बिर : एनाडोलु

उदाहरणका लागि सामेर अल-डिब्स सत्तानजिकका कुलीन वर्गका सदस्य थिए र कागज उद्योगदेखि बैंकिङसम्मका क्षेत्रमा संलग्न थिए। तिनै अल-डिब्सलाई यही जुलाईको संसदीय निर्वाचनमा बसर सत्ताले १७ वर्षदेखि जित्दै आएको सिटबाट चुनाव लड्न वञ्चित गऱ्यो। नतिजा उनले व्यवसाय फैलाउन प्रयोग गर्ने विशेषाधिकार खोसियो। र, जब विद्रोहीले आक्रमण गरे अल-डिब्सजस्ता व्यक्तिले सत्ताको समर्थन गर्न इन्कार गरे। त्यसैगरी इरान र रुसजस्ता बसर सत्ताका समर्थक जो इजरायल र युक्रेनका संघर्षमा व्यस्त थिए, तिनले पनि बसरलाई जोगाउन सकेनन्। अन्ततः अहंकार र आर्थिक एवं राजनीतिक सुधारलाई आत्मसात् गर्न नसक्दा बसरको सत्ता पतन भयो।

(बर्फी मध्यपूर्व मामिलाका अध्येता हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

युद्धमा हालसम्म ४३ हजार युक्रेनी मारिएको जेलेन्स्कीको स्वीकारोक्ति

फेब्रुअरी २०२२ मा रुसले युक्रेनमाथि आक्रमण सुरु गरेयता करिब ४३ हजार युक्रेनी सैनिक युद्ध मैदानमा मारिएका भोलोदिमिर जेलेन्स्कीले बताएका छन् । यो रुस-युक्रेन युद्धमा भएको हताहतीबारे कुनै पक्षबाट आएको दुर्लभ स्वीकारोक्ति हो । युक्रेनी राष्ट्रपतिले सामाजिक सञ्जाल 'एक्स'मा एक पोस्ट गर्दै युद्धमैदानमा तीन लाख ७० हजार युक्रेनी घाइते भएको पनि जानकारी दिएका छन् । घाइतेको यो संख्यामा एकभन्दा बढीपटक घाइते भएका र सामान्य घाइते सैनिकको संख्यासमेत गणना भएको जेलेन्स्कीले बताए ।

'पूर्णस्तरको युद्ध सुरु भएदेखि युक्रेनले युद्ध मैदानमा ४३ हजार सैनिक गुमाएको छ । त्यस्तै घाइतेको उपचारका लागि तीन लाख ७० हजार सहायता प्रदान गरिएको छ । यहाँ उल्लेख गर्नैपर्छ कि घाइते भएकामध्ये झन्डै आधा सैनिक पछि पुनः युद्धको मैदानमा फर्किए । साथै घाइतेको तथ्यांकमा सामान्य चोटपटक तथा दोहोऱ्याइएको चोटहरू पनि समावेश छन्,' जेलेन्स्कीले एक्सको पोस्टमा लेखेका छन् । जेलेन्स्कीले आफ्नो पोस्टमा रुसतर्फ युक्रेनको तुलनामा ठुलो हताहती भएको दाबी पनि गर्न छुटाएनन् । युद्धमा करिब एक लाख ९८ हजार रुसी सैनिक मारिएको र पाँच लाख ५० हजार घाइते भएको उनले बताए ।



रुस र युक्रेनले जारी युद्धमा आफ्नो तर्फ भएको सैन्य हताहतीको संख्यालाई खासै खुलाउने गरेका छैनन् । तथापि विपक्षीको हताहतीको स्तर भने बढाइचढाइ गर्दै प्रस्तुत गर्ने गरिएका छन् ।

नवनिर्वाचित अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक सञ्जालमा युक्रेनले युद्धमा 'चार लाख सैनिक गुमाएको' दाबी गरेपछि जेलेन्स्की उनको तथ्यांक सार्वजनिक गर्न बाध्य भएजस्तो देखिन्छ । ट्रम्पले केहीअघि यस अनावश्यक युद्धमा 'चार लाख युक्रेनी सैनिक र ६ लाख रुसी सैनिक मारिएको' लेखेका थिए । ट्रम्पले सो तथ्यांक कहाँबाट लिए भन्ने खुलाएका छैनन् ।

नयाँ तथ्यांकले वर्षको सुरुदेखि युक्रेनी मृत्युमा वृद्धि भएको देखाउँछ । यसअघि फेब्रुअरीमा जेलेन्स्कीले युद्धमैदानमा ३१ हजार युक्रेनी सैनिक मारिएको बताएका थिए । पछिल्लो तथ्यांक रुसी सेनाले पूर्वी युक्रेनमा सफलता हासिल गर्दै कब्जा गरिएको भूमिको क्षेत्रफल बढाउँदै गएका समय आएको छ ।

इतिहासमा आज

डिसेम्बर ११



सन् २०१९ : भारतको ससंद्ले विवादास्पद नागरिकता संशोधन ऐन पारित गऱ्यो । ऐनले पाकिस्तान, भारत र अफगानिस्तानबाट भारत आई बसेका आप्रवासीका लागि नागरिकता पाउने प्रक्रियालाई छिटो र सहज बनाएको थियो । तथापि मुस्लिम आप्रवासीलाई छुटाएको भन्दै यसको लामो समय विरोध भयो ।

सन् १७९२ : अगस्ट १३ मा देश छाडेर भाग्ने प्रयास गरिरहँदा पक्राउ परेका फ्रान्सेली राजा लुई सौह्रौँविरुद्ध लागेका मुद्दाविरुद्ध आजकै दिनबाट सुनुवाइ सुरु भयो ।

सन् १९३१ : बेलायतको संसद्ले 'स्ट्याच्युट अफ वेस्टमिनिस्टर' पारित गऱ्यो । दस्ताबेजले पहिलोपटक बेलायत र उसका उपनिवेशबिचको हैसियतलाई कानुनी स्पष्टता प्रदान गऱ्यो । यसले क्यानडा, अस्ट्रेलिया, न्युजिल्यान्ड, दक्षिण अफ्रिका, आयरल्यान्ड न्युफाउन्डल्यान्ड (जुन त्यसवेलासम्म क्यानडाको हिस्सा थिएन) लाई पूर्ण कानुनी (विधायिकी) स्वशासन प्रदान गरेको थियो ।

सन् १९३६ : अमेरिकी विधवा वालिस सिम्पसनसँगको सम्बन्धलाई लिएर ठुलो विवाद भएपछि बेलायतका राजा एड्वर्ड आठौँले सिम्पसनसँग विवाह गर्न राजगद्दी त्यागेको घोषणा गरे ।

सन् १९४१ : अमेरिकाले इटली र जर्मनीविरुद्ध युद्ध घोषणा गऱ्यो ।

सन् १९४६ : दोस्रो विश्वयुद्धमा ध्वस्त भएका मुलुकका बालबालिकालाई आपत्कालीन सहायता प्रदान गर्न संयुक्त राष्ट्र संघको महासभाले युनिसेफ (संयुक्त राष्ट्रसंघीय बाल कोष) निर्माण गऱ्यो ।

सन् १९९४ : रुसी सेना चेचेन गणतन्त्रको राजधानी ग्रोज्नी प्रवेश गरेर बमबारी सुरु गरेसँगै पहिलो चेचेन युद्ध सुरु भयो ।

सन् २००१ : १४ वर्ष लामो वार्ता र चिनियाँ अर्थतन्त्रमा उलेख्य सुधार गर्नुपर्ने सर्त पूरा भएपछि अन्ततः जनवादी गणतन्त्र चीनले विश्व व्यापार संगठनको सदस्यता पायो । चीनको सदस्यतालाई पश्चिमले खुला व्यापार तथा आर्थिक उदारीकरणको जितको रूपमा व्याख्या गरे ।

लक्ष्मी सन्राइज बैंक लिमिटेडको ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०८/२६

यस बैंक (साविक लक्ष्मी/सन्राइज बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीहरुले बैंकसँग गरेको सम्झौता बमोजिम उपभोग गरेको कर्जाको बक्यौता रकम तिरी बुझाई कर्जा नियमित गर्नको लागि तहाँ ऋणी लाई पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी कर्जा नियमित नगर्नु नगराउनु भएको तथा बक्यौता रकम चुक्ता फछ्र्यौट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम (साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत) तिरी बुझाई कर्जा नियमित गर्न गराउनको लागि ऋणी लगायत सम्बन्धित सबै पक्षलाई यसै सूचनाद्वारा सूचित गराइन्छ ।

उल्लेखित समयावधि भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तानी नगरे नगराएमा ऋणी लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्नुपर्ने पक्षहरुलाई बिना अन्य सूचना कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने तथा प्रचलित कानून बमोजिम कर्जाको धितो सुरक्षणको रुपमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति लगायत ऋणी लगायत सम्बन्धित पक्षको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत कर्जा असुल उपरको लागि आवश्यक कानुनी प्रक्रिया अवलम्बन गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

तपसिल

ऋणी तथा जमानतकर्ताको विवरण

शाखा कार्यालय : डल्लु, काठमाडौं

ऋणीको नाम : कृष्ण लाल शाहीको नाति, धन कुमार शाहीको छोरा, काठमाडौं जिल्ला, का.मा.न.पा. वडा नं. १२ बस्ने **रजेश शाही (राजेश शाही)** (ना.प्र.नं. २७१०६०/७३७८१, जि.प्र.का. काठमाडौं, जारी मिति २०६७/१२/०८) ।

व्यक्तिगत तथा धितो जमानतकर्ता : * नारायण शाहीको नाति, कृष्ण लाल शाहीको छोरा, काठमाडौं जिल्ला, का.मा.न.पा. वडा नं. १२ बस्ने **धन कुमार शाही** (ना.प्र.नं. १४९, जि.प्र.का. काठमाडौं, जारी मिति २०४०/०४/०३) ।

व्यक्तिगत जमानतकर्ता : * कृष्ण लाल शाहीको बुहारी, धन कुमार शाहीको पत्नी, काठमाडौं जिल्ला, का.मा.न.पा. वडा नं. १२ बस्ने **रीता शाही** (ना.प्र.नं. २७३०६०/२०५, जि.प्र.का. काठमाडौं, जारी मिति २०६५/११/२८) ।

धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता धन कुमार शाहीको नाममा मालपोत कार्यालय काठमाडौंको लगतमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला, का.मा.न.पा. वडा नं. १२ स्थित कित्ता नं. ४१७ को क्षेत्रफल ०-०-३-२ (रोपनी) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शाखा कार्यालय : वालिङ, स्याङ्जा

ऋणीको नाम : प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, स्याङ्जामा प्रा.फ.नं. ६७४/०७७/०७८, मिति २०७७/०८ /२४ मा दर्ता भएको तथा आन्तरिक राजश्व कार्यालय पोखराबाट स्थायी लेखा (पान) दर्ता प्रमाणपत्र नं. ६१४४४८२१० भएको स्याङ्जा जिल्ला, वालिङ न.पा. वडा नं. ११ स्थित **राजन बंगुर फर्म ।**

प्रोप्राईटरको नाम : जित बहादुर वि.क.को बुहारी, डिल बहादुर वि.क.को छोरी, नेत्र बहादुर वि.क.को पत्नी, स्याङ्जा जिल्ला, स्वरेक गा.वि.स./न.पा. वडा नं. २ भई हाल वालिङ न.पा. वडा नं. ११ बस्ने **वस माया वि.क.** (ना.प्र.नं. ४२२०३३/२५६, जि.प्र.का. स्याङ्जा, जारी मिति २०६७/१०/०२) ।

व्यक्तिगत तथा धितो जमानतकर्ता : * धन विरको नाति, भविश्वर कामीकको छोरा, स्याङ्जा जिल्ला, स्वरेक गा.वि.स./न.पा. वडा नं. २ भई हाल वालिङ न.पा. वडा नं. ११ बस्ने **जित बहादुर कामी** (ना.प्र.नं. १०८३०, जि.का. स्याङ्जा, जारी मिति २०४५/०२/१६) ।

व्यक्तिगत जमानतकर्ता : * भविश्वर कामीको नाति, जित बहादुर वि.क.को छोरा, स्याङ्जा जिल्ला, स्वरेक गा.वि.स./न.पा. वडा नं. २ भई हाल वालिङ न.पा. वडा नं. ११ बस्ने **नेत्र बहादुर वि.क.** (ना.प्र.नं. २३०६३, जि.प्र.का. स्याङ्जा, जारी मिति २०६३/०१/२७) ।

धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता जित बहादुर कामीको नाममा मालपोत कार्यालय स्याङ्जाको लगतमा दर्ता श्रेष्ता कायम रहेको स्याङ्जा जिल्ला, स्वरेक न.पा./गा.पा. वडा नं. २ स्थित कित्ता नं. १२५३ को क्षेत्रफल ०-११-३-१ (रोपनी) भएको जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शाखा कार्यालय : चैनपुर, बझाङ्ग

१. ऋणीको नाम : योग्य गिरीको बुहारी, जगदिश गिरीको पत्नी, बझाङ्ग जिल्ला, केदारस्युँ न.पा./गा.पा. वडा नं. ९ बस्ने **पार्वती देवी गिरी** (ना.प्र.नं. १२१९३, जि.प्र.का. बझाङ्ग, जारी मिति २०५६/१२/२१) ।

व्यक्तिगत तथा धितो जमानतकर्ता : * च्याउटे गिरीको नाति, योग्य गिरीको छोरा, बझाङ्ग जिल्ला, भैरवनाथ गा.वि.स. वडा नं. १ भई हाल केदारस्युँ न.पा./गा.पा. वडा नं. ९ बस्ने **जगदिश गिरी** (ना.प्र.नं. २५७, जि.प्र.का. बझाङ्ग, जारी मिति २०४७/०७/२७) ।

धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता जगदिश गिरीको नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कैलाली जिल्ला, धनगढी गा.वि.स/न.पा वडा नं. ७ स्थित कित्ता नं. १४३ को क्षेत्रफल ३३८.६४ वर्ग मिटर भएको जग्गा, सो जग्गामा बनेको घर तथा उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात ।

२. ऋणीको नाम : कैले भण्डारीको नाति, खन्टे भण्डारीको छोरा, बझाङ्ग जिल्ला, मटेला गा.वि.स. वडा नं. ९ भई हाल छबिसपाथीभेरा गा.पा. वडा नं. १ बस्ने **जनक बहादुर भण्डारी** (ना.प्र.नं. १०४१६, जि.प्र.का. बझाङ्ग, जारी मिति २०५६/०४/१०) ।

व्यक्तिगत जमानतकर्ता : * खन्टे भण्डारीको बुहारी, जनक बहादुर भण्डारीको पत्नी, बझाङ्ग जिल्ला, मटेला गा.वि.स. वडा नं. ७ भई हाल छबिसपाथीभेरा न.पा./गा.पा. वडा नं. १ बस्ने **मीना कुमारी रावल** (ना.प्र.नं. ७११०१९/४४३, जि.प्र.का. बझाङ्ग, जारी मिति २०७०/०३/१७) ।

धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता जनक बहादुर भण्डारीको नाममा मालपोत कार्यालय सिमखेत, बझाङ्गको लगतमा दर्ता श्रेष्ता कायम रहेको बझाङ्ग जिल्ला, मटेला गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. १११ को क्षेत्रफल ३५५ वर्ग मिटर र वडा नं. ९ स्थित कित्ता नं. ११४, २२७ र ३२३ को क्षेत्रफल क्रमशः १४४५, २४० र ७३५ वर्ग मिटर भएको भएको जग्गा, सो जग्गामा बनेको घर तथा उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात ।

३. ऋणीको नाम : विर्जे जाग्रीको बुहारी, अम्मर वहादुर जाग्रीको पत्नी, बझाङ्ग जिल्ला, दुर्गाथली गा.पा. वडा नं. ६ बस्ने **मनमती देवी जाग्री** (ना.प्र.नं. ७११०२९-१३८, जि.प्र.का. बझाङ्ग, जारी मिति २०६५/११/२३) ।

व्यक्तिगत तथा धितो जमानतकर्ता : * प्रभते जाग्रीको नाति, विर्जे जाग्रीको छोरा, बझाङ्ग जिल्ला, सैनपसेला गा.वि.स. वडा नं. ७ भई हाल दुर्गाथली गा.पा. वडा नं. ६ बस्ने **अम्मर वहादुर जाग्री** (ना.प्र.नं. ९३४/१५७११, जि.प्र.का. बझाङ्ग, जारी मिति २०५९/०३/१८) ।

धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता अम्मर वहादुर जाग्रीको नाममा मालपोत कार्यालय सिमखेत, बझाङ्गको लगतमा दर्ता श्रेष्ता कायम रहेको बझाङ्ग जिल्ला, चैनपुर गा.वि.स./न.पा. वडा नं. १ स्थित कित्ता नं. १५८७ को क्षेत्रफल ६४.० व.मि. भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शाखा कार्यालय : जिमीरेभार, नवलपरासी

संयुक्त ऋणीहरुको नाम :

क. रुप चन्द्र बि.क को नाति, बल बहादुर बि.क को छोरा, नवलपरासी जिल्ला, माकर न.पा./गा.वि.स. वडा नं. १ भई हाल बर्दघाट न.पा. वडा नं. १ बस्ने **राम बहादुर बि.क.** (ना.प्र.नं. ४२८८२, जि.प्र.का. नवलपरासी, जारी मिति २०५४/०८/०१) ।

ख. खेम बहादुर सुनारको छोरी, बल बहादुर बि.क.को बुहारी, राम बहादुर बि.क.को पत्नी, नवलपरासी जिल्ला, माकर न.पा./गा.वि.स. वडा नं. १ भई हाल नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. १ बस्ने **पुष्पा बि.क.** (ना.प्र.नं. ३६३०५५/३३१, जि.प्र.का. नवलपरासी, जारी मिति २०६३/११/०४) ।

धितो सुरक्षणको विवरण : संयुक्त ऋणीमध्येको जग्गाधनि राम बहादुर बि.क.को नाममा भूमिसुधार तथा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी जिल्ला, माकर न.पा./गा.वि.स. वडा नं. १/घ स्थित कित्ता नं. ८१८ र ८२७ को क्षेत्रफल क्रमशः ०-४-६-२ र ०-०-१६-० (वि.क.धु.क.) भएको जग्गा, सो जग्गामा बनेको घर तथा उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात ।

ऋणी तथा जमानतकर्ताको विवरण

शाखा कार्यालय : जीतपुर, बारा

ऋणीको नाम : औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम नेपाल सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय कलैया, बारामा दर्ता नं. ११८४७/३१५/०७९/०८०, मिति २०७९/०५/३१ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय सिमरा, बारा पान नं. ६१८८०३४९७ भएको बारा जिल्ला, जितपुर सिमरा उ.मा.न.पा. वडा नं. ११, स्थित **जरा एकिकृत कृषि फार्म ।**

प्रोप्राइटको विवरण : अमजद हुसेनको बुहारी, कमरुल होदा अंसारीको पत्नी, पर्सा जिल्ला, चोर्नी गा.वि.स. वडा नं. ८ भई हाल बारा जिल्ला, जितपुर सिमरा उ.म.न.पा./गा.पा. वडा नं. ११ बस्ने **जहा आरा खातुन** (ना.प्र.नं. ३४३०२५/२२७, जि.प्र.का. पर्सा, जारी मिति २०६३/११/.१६) ।

व्यक्तिगत तथा धितो जमानतकर्ता : * राजा हुसेनको नाति, अमजद हुसेनको छोरा, बारा जिल्ला, जितपुर सिमरा गा.वि.स. वडा नं. ६ भई हाल जितपुर सिमरा उ.म.न.पा./गा.पा. वडा नं. ११ बस्ने **कमरुल होदा अंसारी** (ना.प्र.नं. ३३३०७९/११८०, जि.प्र.का. बारा, जारी मिति २०६३/११/२६) ।

धितो सुरक्षणको विवरण :

१. धितो जमानीकर्ता कमरुल होदा अंसारीको नाममा मालपोत कार्यालय सिमरा, बाराको लगतमा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला, पिप्रासिमरा गा.वि.स./न.पा. वडा नं. २ स्थित कित्ता नं. ५१३ को क्षेत्रफल ०-१-०-० (वि.क.धु.क.) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु ।

शाखा कार्यालय : अमरसिंह, कास्की

१. ऋणीको नाम : चेत बहादुर के.सी. को बुहारी, दिल बहादुर क्षेत्रीको छोरी, महेश बहादुर के.सी. को पत्नी, कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १५ बस्ने **शान्ती कुमारी के.सी.** (ना.प्र.नं. १२६७३३, जि.प्र.का. कास्की, जारी मिति २०५९/०३/०७) ।

व्यक्तिगत जमानतकर्ताहरु : *

क. चेत बहादुर के.सी. को नाति, महेश बहादुर के.सी.को छोरा, कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १५ बस्ने **रोशन विक्रम के.सी.** (ना.प्र.नं. ४६१००१, जि.प्र.का. कास्की, जारी मिति २०६५/०९/२१) ।

ख. चेत बहादुर के.सी. को नाति, महेश बहादुर के.सी. को छोरा, कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १५ बस्ने **रमेश विक्रम के.सी.** (ना.प्र.नं. १४७६५०, जि.प्र.का. कास्की, जारी मिति २०६१/०३/०१) ।

धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता शान्ती कुमारी के.सी.को नाममा मालपोत कार्यालय पोखरा, कास्कीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १५ स्थित कित्ता नं. १९३ को क्षेत्रफल ९८.६० व.मी भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. ऋणीको नाम : नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनि रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरमा दर्ता नं. २१८६८८/०७५/०७६ मिति २०७६/०३/२७ मा दर्ता भई कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ९ मा रजिष्टर्ड ठेगाना रही आन्तरिक राजश्व कार्यालय, पोखरामा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०९५७०५९३, मिति २०७६/०३/३१ मा दर्ता भएको **आशितोष एग्रिकल्चर प्रा.लि.** ।

संचालक, व्यक्तिगत तथा धितो जमानतकर्ता : चेत बहादुर के.सी. को बुहारी, दिल बहादुर क्षेत्रीको छोरी, महेश बहादुर के.सी. को पत्नी, कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १५ बस्ने **शान्ती कुमारी के.सी.** (ना.प्र.नं. १२६७३३, जि.प्र.का. कास्की, जारी मिति २०५९/०३/०७) ।

व्यक्तिगत जमानतकर्ताहरु : *

क. चेत बहादुर के.सी. को नाति, महेश बहादुर के.सी.को छोरा, कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १५ बस्ने **रोशन विक्रम के.सी.** (ना.प्र.नं. ४६१००१, जि.प्र.का. कास्की, जारी मिति २०६५/०९/२१) ।

ख. चेत बहादुर के.सी. को नाति, महेश बहादुर के.सी. को छोरा, कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १५ बस्ने **रमेश विक्रम के.सी.** (ना.प्र.नं. १४७६५०, जि.प्र.का. कास्की, जारी मिति २०६१/०३/०१) ।

धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता शान्ती कुमारी के.सी.को नाममा मालपोत कार्यालय पोखरा, कास्कीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १५ स्थित कित्ता नं. १९३ को क्षेत्रफल ९८.६० व.मी भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शाखा कार्यालय : काकरभिट्टा, झापा

ऋणीको नाम : मेचीनगर नगरपालिका, ६ नं. वडा कार्यालय, झापामा दर्ता नं. ५०८/०६-३३-०७८९, मिति २०७६/११/०४ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय भद्रपुर, झापा, पान नं. ६१३०७७३९८ भएको झापा जिल्ला, मेचिनगर न.पा. वडा नं. ६, स्थित **श्रेष्ठ पिज्जा हाउस एण्ड फाष्ट फुड ।**

प्रोप्राइटर विवरण : राम बहादुर कटुवालको छोरी, बम बहादुर श्रेष्ठको बुहारी, प्रेम बहादुर श्रेष्ठको पत्नी, झापा जिल्ला, मेचिनगर न.पा./गा.पा. वडा नं. १० भई हाल मेचिनगर न.पा./गा.पा. वडा नं. ६ बस्ने **सावित्रा श्रेष्ठ** (ना.प्र.नं. ६४३८२४६२, जि.प्र.का. झापा, जारी मिति २०५७/०८/०६) ।

व्यक्तिगत जमानतकर्ता : * जयनारायण श्रेष्ठको नाति, बम बहादुर श्रेष्ठको छोरा, झापा जिल्ला, मेचि न.पा./गा.पा. वडा नं. १० भई हाल मेचिनगर न.पा./गा.पा. वडा नं. ६ बस्ने **प्रेम बहादुर श्रेष्ठ** (ना.प्र.नं. ६४३८६७३५, जि.प्र.का. झापा, जारी मिति २०५५/०१/०६) ।

धितो सुरक्षणको विवरण : बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु ।

शाखा कार्यालय : डुम्रे, तनहुँ

ऋणीको नाम : जाफुर डिन मियाको बुहारी, अव्दुल गफार मियाको पत्नी, तनहुँ जिल्ला, सतिस्वाँरा गा.वि.स. वडा नं. ५ भई हाल तनहुँ जिल्ला, वन्दिपुर गा.पा. वडा नं. १ बस्ने **कबु श्रेष्ठ मिया** (ना.प्र.नं. ५०४९५, जि.प्र.का. तनहुँ, जारी मिति २०६१/०४/०८) ।

धितो जमानतकर्ता : * श्रीप्रसाद श्रेष्ठको बुहारी, श्रीलाल कुमार श्रेष्ठको पत्नी, तनहुँ जिल्ला, वन्दिपुर गा.वि.स. वडा नं. ६ भई हाल तनहुँ जिल्ला, वन्दिपुर गा.पा. वडा नं. ४ बस्ने **कृष्ण कुमारी प्रधान श्रेष्ठ** (ना.प्र.नं. १२६१, जि.प्र.का. तनहुँ, जारी मिति २०४६/११/१७) ।

व्यक्तिगत जमानतकर्ता : * उमर डिन मियाको नाति, जाफुर डिन मियाको छोरा, तनहुँ जिल्ला, सतिस्वाँरा गा.वि.स. वडा नं. ५ भई हाल तनहुँ जिल्ला, वन्दिपुर गा.पा. वडा नं. १ बस्ने **अव्दुल गफार मिया** (ना.प्र.नं.६१७९५, जि.प्र.का. तनहुँ, जारी मिति २०५९/१०/२८) ।

धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता कृष्ण कुमारी प्रधान श्रेष्ठको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला, दोरदोर गा.वि.स. वडा नं. ५/झ स्थित कित्ता नं. ९ को क्षेत्रफल २-८-३-२ (रोपनी) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ऋणी तथा जमानतकर्ताको विवरण

शाखा कार्यालय : सुर्खेत

ऋणीको नाम : छविलाल गुरुङ्गको नाति, रतन बहादुर गुरुङ्गको छोरा, सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा. वडा नं. २ भई हाल वीरेन्द्रनगर न.पा./गा.पा. वडा नं. १ बस्ने **रमेश गुरुङ्ग** (ना.प्र.नं. ४६१७९/२०७६, जि.प्र.का. सुर्खेत, जारी मिति २०५८/०८/१९) ।

व्यक्तिगत जमानतकर्ताहरु : *

क. उजर बहादुर सलामीको नातिनी, रण बहादुर सलामीको छोरी, रमेश गुरुङ्गको पत्नी, सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. २ भई हाल वीरेन्द्रनगर न.पा./गा.पा. वडा नं. १ बस्ने **पुनम गुरुङ्ग** (ना.प्र.नं. ६४-०१-६९-०१८९२, जि.प्र.का. सुर्खेत, जारी मिति २०६९/०८/२५) ।

ख. सुकदेब गुरुङ्गको नाति, छविलाल गुरुङ्गको छोरा, सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. २ भई हाल वीरेन्द्रनगर न.पा./गा.पा. वडा नं. १ बस्ने **रतन बहादुर गुरुङ्ग** (ना.प्र.नं. १०८५३/५१०, जि.प्र.का. सुर्खेत, जारी मिति २०३८/०९/२२) ।

ग. छविलाल गुरुङ्गको बुहारी, दिप बहादुर खड्काको छोरी, रतन बहादुर गुरुङ्गको पत्नी, वीरेन्द्रनगर न.पा./गा.पा. वडा नं. १ बस्ने **मान कुमारी गुरुङ्ग** (ना.प्र.नं. ३९५, जि.प्र.का. सुर्खेत जारी मिति २०४४/१०/२८) ।

धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता रमेश गुरुङ्गको नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला, वयलकाडां गा.वि.स./न.पा. वडा नं. ७ स्थित कित्ता नं. ३१५ को क्षेत्रफल ०-५-१८ (वि.क.धु.) भएको जग्गा, सो जग्गामा बनेको घर तथा उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात ।

शाखा कार्यालय : वीरगंज, पर्सा

ऋणीको नाम : नन्द कुमार तिवारीको नाति, चन्द्र देव तिवारीको छोरा, पर्सा जिल्ला, उदयपुरघुर्मी न.पा./गा.वि.स वडा नं. ६, भई हाल वीरगंज म.न.पा. वडा नं. २७ बस्ने **रामदेनी तिवारी** (ना.प्र.नं. ९८६११६४४, जि.प्र.का. पर्सा, जारी मिति २०५६/१०/१७) ।

व्यक्तिगत तथा धितो जमानतकर्ता : * चन्द्र देव तिवारीको बुहारी, रामदेनी तिवारीको पत्नी, पर्सा जिल्ला, उदयपुघुर्मी गा.वि.स. वडा नं. ५ भई हाल वीरगंज म.न.पा. वडा नं. २७ बस्ने **सबिता देवी** (ना.प्र.नं. ३४३०८३/०७, जि.प्र.का पर्सा, जारी मिति २०६३/११/१३) ।

व्यक्तिगत जमानतकर्ता : * चन्द्र देव तिवारीको नातिनी, रामदेनी तिवारीको छोरी, पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २७ बस्ने **अस्मिता कुमारी तिवारी** (ना.प्र.नं. ३४-०१-७४-०९७२८, जि.प्र.का पर्सा, जारी मिति २०७४/०७/२२) ।

धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता रामदेनी तिवारीको नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता श्रेष्ता कायम रहेको पर्सा जिल्ला, उदयपुरघुर्मी गा.वि.स./न.पा. वडा नं. ६ स्थित कित्ता नं. ३२७ को क्षेत्रफल ०-८-० (बि.क.धु) भएको जग्गा, सो जग्गामा बनेको घर तथा उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात ।

शाखा कार्यालय : फुङलिङ, ताप्लेजुङ

ऋणीको विवरण : बिर बहादुर पालुङवाको बुहारी, डम्बर बहादुर लिम्बुको छोरी, सुकराज पालुङवाको पत्नी, ताप्लेजुङ जिल्ला, दोखु गा.वि.स. वडा नं. २ भई हाल फुङलिङ न.पा. वडा नं. ४ बस्ने **बिमला पालुङवा** (ना.प्र.नं. ०११०२८/९४१, जि.प्र.का. ताप्लेजुङ, जारी मिति २०७०/०५/११) ।

व्यक्तिगत तथा धितो जमानतकर्ता : * जगत बहादुर पालुङवाको नाति, बिर बहादुर पालुङवाको छोरा, ताप्लेजुङ जिल्ला, दोखु गा.वि.स. वडा नं. २ भई हाल फुङलिङ न.पा. वडा नं. ४ बस्ने **सुक राज पालुङवा** (ना.प्र.नं. ५८७१२/४२३८, जि.प्र.का. ताप्लेजुङ, जारी मिति २०६०/०९/२२) ।

धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता सुक राज पालुङवाको नाममा मालपोत कार्यलय ताप्लेजुङको लगतमा दर्ता श्रेस्ता कायम रहेको ताप्लेजुङ जिल्ला, फुङलिङ न.पा./गा.पा. वडा नं. ४ स्थित कित्ता नं. ३२९४ र ३३४७ को क्षेत्रफल क्रमशः ०-३-३-० र ०-१-०-० (रो.आ.पै.दा.) भएको जग्गा, सो जग्गामा बनेको घर तथा उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात ।

२. ऋणीको नाम : भिम बहादुर बस्नेतको बुहारी, युवराज न्यौपानेको छोरी, तुला राम बस्नेतको पत्नी, इलाम जिल्ला, सूर्योदय न.पा. वडा नं. १३ भई हाल ताप्लेजुङ जिल्ला, फुङलीङ न.पा./गा.पा. वडा नं. ८ बस्ने **पारु बस्नेत** (ना.प्र.नं. ०३-०१-७३-०३८९९, जि.प्र.का. इलाम, जारी मिति २०७३/११/२४) ।

व्यक्तिगत जमानतकर्ता : * पदम बहादुर बस्नेतको नाति, भिम बहादुर बस्नेतको छोरा, ताप्लेजुङ जिल्ला, खेवाङ गा.वि.स. वडा नं. १ भई हाल फुङलीङ न.पा./गा.पा. वडा नं. १ बस्ने **तुला राम बस्नेत** (ना.प्र.नं. १९९९४-२२६४, जि.प्र.का. ताप्लेजुङ, जारी मिति २०५०/१०/२०) ।

धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता पारु बस्नेतको नाममा मालपोत कार्यालय ताप्लेजुङको लगतमा दर्ता श्रेष्ता कायम रहेको ताप्लेजुङ जिल्ला, दोखु गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. ५३५ र ४९६ को क्षेत्रफल क्रमशः ०-१-१-१ र ०-६-१-१ (रो.आ.पै.दा.) भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शाखा कार्यालय : सुखड, कैलाली

ऋणीको नाम : बिर बहादुर बढुवालको बुहारी, शेर बहादुर बढुवालको पत्नी, कैलाली जिल्ला, दोदोधरा गा.वि.स. वडा नं. ७ भई हाल बर्दगोरीया गा.पा. वडा नं. १ बस्ने **तारा देवी बडुवाल** (ना.प्र.नं. ६७३००४/७८, जि.प्र.का. कैलाली, जारी मिति २०६३/११/०३) ।

व्यक्तिगत जमानतकर्ता : * नन्द बडुवालको नाति, बिर बहादुर बडुवालको छोरा, कैलाली जिल्ला, दोदोधरा गा.वि.स. वडा नं. ७ भई हाल बर्दगोरीया न.पा./गा.पा. वडा नं. १ बस्ने **शेर बहादुर बडुवाल** (ना.प्र.नं. २१५८/६५०२, जि.प्र.का. कैलाली, जारी मिति २०५९/१०/०६) ।

धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता तारा देवी बडुवाल को नाममा मालपोत कार्यालय टीकापुर, कैलालीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कैलाली जिल्ला, दोदोधरा गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ३१६१ को क्षेत्रफल ०-१-७-० (विगाहा) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

*** तेश्रोपक्ष जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो ।**

नोट : ऋणी बाहेकका व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्तालाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ४५४४६८४/८५
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

उद्योग वाणिज्य महासंघको अध्यक्ष फेरि प्रत्यक्ष निर्वाचनबाट

यस्ता छन् व्यवस्था

- **कार्यसमितिको कार्यकाल दुई वर्षको हुनेछ। वर्तमान वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठको अध्यक्षको कार्यकाल सकिएपछि दुईवर्षे कार्यकाल लागू हुनेछ।**
- **महिला उपाध्यक्ष रहने व्यवस्था हुनेछ। महिला उपाध्यक्ष कार्यकारिणी समितिले चयन गर्नेछ। तर, कार्यकारिणी समितिमा १२ जना महिला सदस्य भए मात्र महिला उपाध्यक्ष चयन हुनेछ।**
- **एकजना वरिष्ठ उपाध्यक्ष रहनेछ। वरिष्ठ उपाध्यक्ष चयन कार्यकारिणी समितिले गर्नेछ।**
- **जिल्ला–नगरतर्फ दुईजना उपाध्यक्ष रहनेछन्।**

नवीन अर्याल/नयाँ पत्रिका

नेपाल उद्योग वाणिज्य महासंघको अध्यक्षमा प्रत्यक्ष निर्वाचन गर्ने व्यवस्थासहित विधान संशोधन पारित भएको छ। महासंघको मंगलबार बसेको विशेष साधारणसभाले सर्वसम्मत रूपमा विधान संशोधन प्रस्ताव अनुमोदन गरेको हो। संशोधित विधान मन्त्रिपरिषद्बाट स्वीकृति भएलगत्तै लागू हुनेछ।

संशोधित विधान अबको एक कार्यकालपछि लागू हुनेछ। हालका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठ आगामी कार्यसमितिमा स्वतः अध्यक्ष बन्न पाउनेछन्। त्यसपछि अध्यक्षमा प्रत्यक्ष निर्वाचन गर्ने व्यवस्था गरिएको छ। सबैको सहमतिबाटै सर्वसम्मत रूपमा विधान संशोधन प्रस्ताव पारित भएको महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले बताए। विशेष साधारणसभामा निर्णयार्थ प्रस्तुत गरिएको विधान संशोधन प्रस्ताव हलमा सबैले ताली बजाएर अनुमोदन गरेको वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले बताए।

यसअघि २० जेठमा बसेको महासंघको स्थायी समिति र २४ असारमा बसेको कार्यकारिणी समिति बैठकले आगामी दुई कार्यकाल वरिष्ठ उपाध्यक्ष स्वतः अध्यक्ष हुने निर्णय गरेको थियो। महासंघका उपाध्यक्षहरू सुरकृष्ण वैद्य, हेमराज ढकाल र ज्योत्स्ना श्रेष्ठले अध्यक्षमा प्रत्यक्ष निर्वाचन हुने व्यवस्था दुई कार्यकालपछि मात्र लागू गर्नुपर्ने अडान राख्दै आएका थिए। तर, उनीहरूले अपेक्षा गरेअनुसार नभए पनि विरोध पनि गरेका छैनन्। वैद्यले भने, 'प्रत्यक्ष निर्वाचित अध्यक्षको हकमा अझै दुई कार्यकाल वरिष्ठ उपाध्यक्ष नै स्वतः हुनुपर्ने भन्ने थियो, तर अब अञ्जन श्रेष्ठपछि नै अध्यक्षमा निर्वाचन हुने भयो। हलले पारित गरिसकेपछि यसमा विवाद गर्ने कुरा भएन।'

महासंघ अध्यक्ष ढकालले विधान संशोधन सर्वसम्मत ढंगले हुनु संस्थाकै लागि ठूलो उपलब्धि भएको बताए। उनले भने, 'यसले व्यवसायीहरू एकबद्ध रहेको सन्देश पनि गएको छ, संस्थालाई पनि थप बलियो बनाएको छ।'

अब कार्यसमितिको कार्यकाल पनि दुई वर्षको हुनेछ। चण्डीराज ढकालले आफ्नो कार्यकाल (०६२-०६४) मा विधान संशोधन गरेर दुईवर्षे कार्यकाललाई तीन वर्षको बनाएका थिए। यस्तै, पहिलोपटक महासंघमा महिला उपाध्यक्ष रहने व्यवस्था गरिएको छ। महिला उपाध्यक्ष कार्यकारिणी समितिले चयन गर्ने व्यवस्था गरिएको छ। तर, कार्यकारिणी समितिमा १२ जना महिला सदस्य भए मात्र महिला उपाध्यक्ष चयन हुने महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले बताए।

जिल्ला-नगरतर्फ दुईजना उपाध्यक्ष रहने व्यवस्था गरिएको छ। महासंघमा ५० प्रतिशत मतभार रहेको जिल्ला-नगरतर्फ एक वरिष्ठसहित दुईजना उपाध्यक्ष हुनुपर्ने माग थियो। विधान संशोधन गर्दा जिल्ला-नगरतर्फ वरिष्ठ उपाध्यक्षको व्यवस्था नगरिए पनि दुईजना उपाध्यक्ष रहने व्यवस्था गरिएको छ। अब महासंघको कार्यसमितिमा दुई जिल्ला-नगर, वस्तुगत, एसोसिएट र महिला गरी पाँचजना उपाध्यक्ष रहनेछन्। यदि महासंघमा द्वि-राष्ट्रिय उद्योग वाणिज्य संघको सदस्य संख्या २० पुगेमा द्वि-राष्ट्रियतर्फ पनि एउटा उपाध्यक्ष हुने महासंघ अध्यक्ष ढकालले बताए।

अब वरिष्ठ उपाध्यक्षको चयन कार्यकारिणी समितिले गर्ने पुरानै व्यवस्था लागू हुने भएको छ। महासंघको नेतृत्वका लागि चर्को अस्वस्थ प्रतिस्पर्धा भएको भन्दै ०७३ मा विधान संशोधन गरेर पशुपति मुरारकापछि वरिष्ठ उपाध्यक्षमा निर्वाचन गर्ने र निर्वाचित वरिष्ठ उपाध्यक्ष अर्को कार्यकालमा स्वतः अध्यक्ष बन्ने व्यवस्था गरिएको थियो। सोही व्यवस्थाबमोजिम वरिष्ठ उपाध्यक्ष बनेकी भवनी राणा पहिलोपटक स्वतः अध्यक्ष भएकी थिइन्। त्यसयता शेखर गोल्छा र चन्द्र ढकाल स्वतः अध्यक्ष भइसकेका छन्। अझै एक कार्यकाल हालका वरिष्ठ उपाध्यक्ष श्रेष्ठ स्वतः अध्यक्ष हुँदै छन्।

'अध्यक्षमा प्रत्यक्ष निर्वाचन गर्दा धेरै बेथिति-चलखेल बढ्यो भनेर वरिष्ठ उपाध्यक्ष पदमा निर्वाचन गरी उसलाई स्वतः अध्यक्ष बनाउने व्यवस्था गरिएको थियो,' महासंघका पूर्वअध्यक्ष रविभक्त श्रेष्ठले भने।

सर्वसम्मतिले विधान संशोधन



● **चन्द्रप्रसाद ढकाल**, अध्यक्ष

विधान संशोधन प्रस्ताव सर्वसम्मत ढंगले पारित हुनु सुखद पक्ष हो। यसले निजी क्षेत्र एकताबद्ध रहेको सन्देश गएको छ। साथै, महासंघलाई पनि बलियो बनाउनेछ। अब एक कार्यकालपछि अध्यक्षमा प्रत्यक्ष निर्वाचन हुनेछ। यस्तै, महिला उपाध्यक्ष, जिल्ला-नगरतर्फ दुई उपाध्यक्ष रहने व्यवस्था गरिएको छ। अब एक वरिष्ठ र पाँच उपाध्यक्ष रहनेछन्। कार्यकाल पनि दुई वर्षको हुने व्यवस्था छ। हामीले सबै साथीलाई समेटेर विधान संशोधन गरेका छौँ। लामो समयदेखि थाती रहेको विधान संशोधनलाई टुंगोमा पुऱ्याइएको छ।

संस्थाको हित हुने गरी संशोधन



● **रविभक्त श्रेष्ठ**, पूर्वअध्यक्ष

अध्यक्षमा प्रत्यक्ष निर्वाचन गर्ने गरी विधान संशोधन गरिएको छ, जुन सकारात्मक छ। यो व्यवस्थाले संस्थालाई हित गर्छ। अध्यक्षमा प्रत्यक्ष निर्वाचन हुँदा धेरै चलखेल भयो भनेर वरिष्ठ उपाध्यक्षमा निर्वाचन गर्ने र उसलाई स्वतः अध्यक्ष बनाउने व्यवस्था गरिएको थियो। तर, वरिष्ठ उपाध्यक्षको निर्वाचनमा पनि उस्तै प्रवृत्ति दोहोरियो। जसले गर्दा पुरानै व्यवस्था ठिक रहेछ भन्ने महसुस भएको थियो। तीन वर्षको कार्यकाल राख्ने, दुईजना वरिष्ठ उपाध्यक्ष बनाउने र अझै दुई कार्यकाल वरिष्ठ उपाध्यक्ष स्वतः अध्यक्ष हुनुपर्ने माग थियो।

डिजाइन परिवर्तनले एमसिसी प्रसारणलाइनको लागत २५% बढ्ने

२२ करोड ६ लाख डलर अनुमान गरिएका चार प्रसारणलाइन निर्माणको लागत डिजाइन परिमार्जन गर्दा २७ करोड ६५ लाख ६० हजार डलर पुग्ने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

परिमार्जित डिजाइनअनुसार निर्माण गर्दा मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी)को अनुदान र नेपाल सरकारको लगानीमा बन्ने चार सय केभी क्षमताको तीन सय १५ किलोमिटर लामा चार प्रसारणलाइनको लागत अनुमान २५.३६ प्रतिशतले बढ्ने देखिएको छ। यसअघि चार प्रसारणलाइनको लागत अनुमान २२ करोड ६ लाख डलर थियो। अहिले परिमार्जित डिजाइनअनुसार चार प्रसारणलाइन निर्माणको कुल लागत अनुमान भने २७ करोड ६५ लाख ६० हजार डलर कायम भएको हो। पहिलाको भन्दा पाँच करोड ५९ लाख ६० हजार डलर बढी लागत अनुमान गरिएको छ।

त्यसमा १८ किमि लामो 'न्यु बुटवल-नेपाल-भारत सीमा' (सीमापार) प्रसारणलाइनको निर्माणका लागि एक करोड २३ लाख ६० हजार डलरमा ठेक्का सम्झौता भइसकेको छ। अहिले टेन्डर प्रक्रियामा रहेको दुई सय ९७ किमि लामा तीन प्रसारणलाइनको लागत अनुमान भने २६ करोड ४२ लाख डलर गरिएको मिलिनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसिए-नेपाल)ले नयाँ पत्रिकालाई दिएको लिखित जवाफमा उल्लेख छ। तर, त्यसमा न्यूनतम वित्तीय प्रस्ताव कतिबराबरको आउँछ, त्यो भने हेर्न बाँकी छ।

यसअन्तर्गत एक सय १७ किमि लामो लप्सीफेदी-रातमाटे-न्यु हेटौँडा, ९० किमि लामो रातमाटे-न्यु दमौली र ९० किमि लामो न्यु दमौली-न्यु बुटवल प्रसारणलाइन बन्दै छन्। यी चार प्रसारणलाइन निर्माण गर्न एमसिए-नेपालले पहिलोपटक १२ मंसिर ०७९ देखि ७ जेठ ०८० सम्म ग्लोबल टेन्डर आह्वान गरिएको थियो। त्यसमा अनुमानित लागत २२ करोड ६ लाख डलर थियो। टेन्डरमा ६ कम्पनीले प्रस्ताव पेस गरेकोमा पाँच कम्पनी प्राविधिक रूपमा उत्तीर्ण भएका थिए। तर, उनीहरूको न्यूनतम वित्तीय प्रस्ताव लागतभन्दा ६६ प्रतिशत महँगो अर्थात् ३६ करोड ५९ डलर थियो। त्यो अनुमानित लागतभन्दा १४ करोड ५३ लाख डलर बढी थियो।

मुख्यतः पहिलाको डिजाइनअनुसार निर्माण गर्दा खर्च बढी हुने देखिएका कारण प्रस्तावक कम्पनीले बढी वित्तीय प्रस्ताव गरेको देखिएको थियो। पहिला अमेरिकन स्ट्यान्डर्डमा प्रसारणलाइनको डिजाइन गरिएको थियो। तर, लागत अनुमान भने त्यसअनुसार गरिएको थिएन। सोही कारण टेन्डर प्रक्रियामा वित्तीय प्रस्ताव बढी परेको बताइन्छ। त्यो बजेटमा काम गर्न नसकिने देखिएपछि एमसिसीकै सल्लाहअनुसार पुरानो टेन्डर प्रक्रिया रद्द गरिएको थियो। त्यसपछि एमसिए नेपालले डिजाइन परिमार्जन गरेर चार प्रसारणलाइनको खरिद निर्माण प्रक्रिया अघि बढाएको हो। नयाँ डिजाइन पहिलाको टेन्डरमा परेको प्रस्तावित लागतभन्दा कम हुने दाबी गरिएको छ। नयाँ डिजाइनमा नेपाली स्ट्यान्डर्डमा समेत बनाइएको छ।

'न्यु बुटवल-नेपाल/भारत सीमा' प्रसारणलाइन निर्माणका लागि एक करोड २३ लाख ६० हजार डलरमा १४ भदौमा भारतको ट्रान्सरेल लाइटिङ लिमिटेडसँग ठेक्का सम्झौता भइसकेको छ। ठेक्का सम्झौता अवधि २१ महिनाको रहेको छ। उक्त लाइन बनाउन एमसिए नेपालले २ चैत ०८० देखि १४ जेठ ०८१ सम्मको अवधि राखेर 'डिजाइन एन्ड बिल्ड' मोडेलमा ग्लोबल टेन्डर आह्वान गरेको थियो। यो नेपाल-भारत अन्तरदेशीय लाइनको नेपाल खण्ड हो।

बाँकी दुई सय ९७ किमि लामो तीन प्रसारणलाइन बनाउन एमसिए नेपालले १२ मंसिरमा ग्लोबल टेन्डर आह्वान गरेको छ। त्यसमा प्रस्ताव पेस गर्ने समय १७ माघसम्म रहेको छ। यसअन्तर्गत एक सय १७ किमि लामो लप्सीफेदी-रातमाटे-न्यु हेटौँडा, ९० किमि लामो रातमाटे-न्यु दमौली र ९० किमि लामो न्यु दमौली-न्यु बुटवल प्रसारणलाइन रहेका छन्। त्यसको लागत अनुमान २६ करोड ४२ लाख डलर रहेको एमसिए नेपालले नयाँ पत्रिकालाई पठाएको लिखित जवाफमा उल्लेख छ।

■ एमसिसी सीमापार प्रसारणलाइनको चेक सर्वेक्षण र भू-प्राविधिक परीक्षण सुरु



ट्रान्सरेल लाइटिङ लिमिटेडले १८ किमि लामो सीमापार प्रसारणलाइनको मुख्य पूर्वतयारीको काम अघि बढाएको छ। कम्पनीले बर्दघाट सुस्ता पश्चिममा विद्युत् प्रसारणलाइनको विस्तृत चेक सर्वेक्षण र टावर निर्माणस्थलको भू-प्राविधिक परीक्षण सुरु गरेको हो। एमसिए नेपालले मंगलबार सामाजिक सञ्जालमार्फत २९ मंसिरबाटै निर्माण कार्य सुरु गर्नुअघिका प्रमुख पूर्वतयारी कार्य अगाडि बढाएको जानकारी दिएको हो। यसपछि निर्माण कम्पनीले प्रसारणलाइनको डिजाइनसँग सम्बन्धित काम सुरु गर्ने एमसिए नेपालले जानकारी दिएको छ। कम्पनीसँग डिजाइन एन्ड बिल्ड मोडेलमा एक करोड २३ लाख ६० हजार डलरमा १४ भदौमा ठेक्का सम्झौता गरिएको थियो। जेठ ०८३ भित्र परियोजनाको निर्माण सम्पन्न गरिसक्नुपर्नेछ।

एमसिए-नेपालले सो जिल्लामा टावरका जग बनाउन आवश्यक जग्गा प्राप्तिका लागि धनीसँग मुआब्जा तथा क्षतिपूर्ति सम्झौता गरी वितरण सुरु गरिसकेको छ। उक्त कामहरू महत्त्वपूर्ण प्रगति भएको एमसिए नेपालको भनाइ छ। नेपाल सरकारको १९ करोड ६७ लाख डलर र एमसिसीको ५० करोड डलर अनुदानबाट चार सय केभी क्षमताका तीन सय १५ किमि लामा चार प्रसारणलाइन, चार सय केभी क्षमताका तीन सबस्टेसन र पूर्व-पश्चिम राजमार्गको ४० किमि सडकखण्डलगायतका सडक विशेष रूपमा मर्मत गरिँदै छ। ५० करोड डलर अनुदानका लागि अमेरिकासँग सेप्टेम्बर ०१७ मा सम्झौता भएको थियो। जुन सम्झौता १५ फागुन ०७८ (२७ फेब्रुअरी २०२२) मा संसद्बाट अनुमोदन भएपछि ०८० भदौ १३ (०२३ अगस्ट ३०) देखि कार्यान्वयनमा प्रवेश (इन्ट्री इन्टु फोर्स) गराइएको थियो। सम्झौताअनुसार कार्यान्वयन सुरु भएको पाँच वर्षभित्र अर्थात् २ ९ अगस्ट ०२८ (१२ भदौ २०८५) भित्र एमसिसी परियोजनाको निर्माण सम्पन्न गरिसक्नुपर्नेछ। नभए, खर्च हुन बाँकी रकम एसिसीले पठाउने छैन।

हालसम्म आउँदा यसअन्तर्गतका रातमाटे, दमौली र बुटवलमा बन्ने ४००-४०० केभी क्षमताका तीन सबस्टेसनको पनि ठेक्का सम्झौता भइसकेको छ। भारतको टेक्नो इलेक्ट्रिक एन्ड इन्जिनियरिङसँग रातमाटे सबस्टेशन पाँच करोड १५ लाख डलरमा र नयाँ दमौली सबस्टेसन तीन करोड ८८ लाख ९० हजार डलरमा बनाउने गरी सम्झौता भएको छ। रातमाटेको असार १ गते र नयाँ दमौलीको साउन १६ गते ठेक्का सम्झौता भएको थियो। यस्तै, नयाँ बुटवल सबस्टेसन बनाउन तीन करोड ५५ लाख १० हजार डलरमा लिंकसन इन्डिया प्रालिसँग २७ वैशाखमा सम्झौता भएको थियो।

यस्तै, पश्चिम राजमार्गको चार किमि लामो धानखोला-लमही खण्डको मर्मत गर्न पनि ग्लोबल टेन्डर आह्वान भइसकेको छ। गत कात्तिक १४ गते आह्वान गरिएको उक्त टेन्डरको म्याद आगामी पुस १ गतेसम्म छ। ४० किमि लामो धानखोला-लमही खण्डलाई फुल डेप्थ रिक्लेमेसन (एफडिआर) र सुपरपेभ प्रविधिमार्फतमर्मत गरिँदै छ। जलवायु-मैत्री सडक मर्मत प्रविधि नेपालमै पहिलोपटक प्रयोग गर्न लागिएको हो। यो प्रविधिकले सडक बलियो, टिकाउ र वातावरणीय रूपमा दिगो हुने दाबी छ।

एफडिआर पुरानो र क्षतिग्रस्त सडक संरचनालाई पुनः प्रयोग गर्ने प्रविधि हो। पुरानो सडक सतह र आधार तहलाई मिलाएर नयाँ बिटुमिन्स सामग्री थपेर सडक मर्मत गरिन्छ। सुपरपेभ प्रविधिले सडकलाई वातावरणमैत्री र दिगो बनाउँछ। अब मुग्लिङ-नारायणगढ सडकको नियमित मर्मत गर्ने काम पनि एमसिए नेपालले गर्दै छ। टेन्डर आह्वान हुन बाँकी छ।



चिनीको तस्करी रोक्न उद्योगीको माग

नयाँ पत्रिका

भारतसँगको खुला सीमाबाट भइरहेको चिनी तस्करी रोक्न उद्योगीहरूले सरकारसँग माग गरेका छन्। गत वर्षको क्रसिङ सिजनमा उत्पादित चिनी हालसम्म पनि नबिकेको भन्दै नेपाल चिनी उद्योग संघले मंगलबार काठमाडौँमा पत्रकार सम्मेलनमार्फत यस्तो माग गरेका हुन्। 'स्वदेशमा स्थापित चिनी उद्योगहरूले गत वर्ष क्रसिङ सिजनमा उत्पादित चिनी नै केही उद्योगहरूमा मौज्दातमा बाँकी छ,' संघका अध्यक्ष शशिकान्त अग्रवालले भने, 'खुला सिमानाका कारण चिनीको अनधिकृत पैठारीका कारण चालू क्रसिङ सिजनमा उत्पादन हुने चिनीसमेत समयमा नै बिक्री नभई मौज्दातमा रहन जाने देखिन्छ।'

गत आर्थिक वर्ष ८०/८१ को क्रसिङ सिजनमा दुई करोड ३८ हजार सात सय ५५ क्विन्टल उखु क्रसिङ गरिएको थियो। त्यसबाट एक लाख ७८ हजार सात सय १७ टन चिनी उत्पादन भएको थियो। तर, बजारमा तस्करीको चिनी उपलब्ध हुँदा उद्योगीको चिनी गोदाममै थन्किएको उद्योगीको भनाइ छ।

हाल देशभर १३ वटा चिनी उद्योग सञ्चालनमा छन्। उखुखेतीमा आबद्ध करिब एक लाख १५ हजार सात सय ५५ कृषक परिवार छन्। यो क्षेत्रबाट करिब ३० हजार पाँच सय ३५ जनाले रोजगारी पाएको संघको दाबी छ।

चालू आर्थिक वर्ष ०८१/८२ मा दुई लाख २० हजार टन चिनी उत्पादन हुने उद्योगीको अनुमान छ। वार्षिक चिनीको माग भने करिब दुई लाख ५० हजार टन छ।

विगतमा क्रसिङ सिजन ०७४/७५ मा समेत निकासी अनुदानका कारण विदेशबाट अत्यधिक मात्रामा चिनी आयात हुँदा स्वदेशी उत्पादन मौज्दात रहन गई कृषकलाई समयमा नै भुक्तानी गर्न समस्या भई केही उद्योगहरू बन्द नै भएको संघले जनाएको छ। यसरी अनधिकृत रूपमा चिनी पैठारी हुँदा शतप्रतिशत स्वदेशी कृषिजन्य उद्योगबाट उत्पादित चिनी बिक्रीमा प्रतिकूल असर पारी मौज्दात रहने छ।

Madhyanepal Municipality
Office Of The Municipal Executive
Gandaki Provience
Bhorletar, Lamjung

Invitation for bid

Date of publication: 2081/08/26 (11th Dec. 2024)

1. **Madhyanepal Municipality, Office Of The Municipal Executive, Bhorletar, Lamjung** invites electronic bids from Nepalese eligible bidders for the construction of works described in Table below.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of ***Madhyanepal Municipality Tel: 9856016111,9857650117, email: madhyanepalmun@gmail.com*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. **Bidder may download the bidding documents** for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders should deposit the cost of **NRs 3000.00** bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy of the Bank deposit voucher shall be uploaded by the bidder at the time of submission of the bids.
4. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank:- Agriculture Development Bank, Bhorletar Branch, Lamjung.
   Name of The Office:- Madhyanepal Municipality , Bhorletar, Lamjung.
   Office Code no. :- 80437402300
   Office Account no (Rajaswa) :- 0317901210260067
   Aantarik Rajaswa Khata Ga.1.1
   Office Account no. (For Cash Bid Security) :- 0317901210260032
   Staniya Taha Dharauti Khata G.4.1
5. Electronic bids must be submitted to the office ***Madhyanepal Municipality, Bhorletar, Lamjung through*** PPMO website www.bolpatra.gov.np/egp on or before ***12:00 Noon*** on 2081/09/28 (12lv Jan , ***2025).*** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***1:00 P.M. on 2081/09/28(***12lv ***Jan. 2025)*** at the office of ***Madhyanepal Municipality, Bhorletar, Lamjung***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a scanned copy of the bid security in .pdf format, amounting to a minimum of described in table below which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Pre-Bid Meeting shall be held at The Madhyanepal Municipality, Office of The Rural Municipal Executive, Bhorletar, Lamjung at 2081/09/18(02nd Jan, 2025) at 2:00P.M.
9. The Employer reserves the Right to Accept or Reject wholly or partly any or all the bids without assigning any reason what's over.

S. N.	Contract identificaion No.	Name of Project	Estimated Amount (NRs) with VAT& P.S.	Bid Security Amount (NRs)	Cost of Bid Documens (NRs)
1	MNM/NCB/81/82/W/02	Madhyanepal-1, jita Byas sadak hudai Aap chour-Toribari-judi Road Upgrading	48,70,403.63	1,22,000.00	3,000.00

Chief Administrative Office

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८१/०८/२६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय नेपालटार, काठमाडौंबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति
२०८१/०९/११ गते/स्थान : शाखा कार्यालय नेपालटार, काठमाडौं

बोलपत्र खोलिने मिति/समय
२०८१/०९/१४ गते, आइतबार दिनको ३ बजे

क्र.सं.	ऋणीको नाम, ठेगाना	
१.	**नाम : अजिमा अर्गानिक कृषि एण्ड पशुपालन फार्म** नेपाल सरकार, उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं प्रा.फ.द.नं. १२८८१८/०७१/०७२, दर्ता मिति : २०७१/०८/०८ पान नं. ६०२४३९१३४, दर्ता मिति : २०७१/०८/१२ ठेगाना : काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. १३ **प्रोप्राईटर : गोबिन्द्र गुरुङ**	**नाम : गोबिन्द्र गुरुङ** ना.प्र.नं. ९३०८०, जि.प्र.का. गोरखा जारी मिति : २०५९/५/३१ बाबुको नाम : लाल बहादुर गुरुङ बाजेको नाम : श्रीमान गुरुङ ठेगाना : गोरखा जिल्ला, आरुआवाङ वडा नं. ५ हाल : काठमाडौं जिल्ला, तारकेश्वर वडा नं. २
	जमानतकर्ताको विवरण	
	नाम : आईती माया गुरुङसेनी ना.प्र.नं. ४४-०१-७६-०६६९९, जि.प्र.का. गोरखा, जारी मिति : २०७६/०८/२६ पतिको नाम : गोबिन्द्र गुरुङ, ससुराको नाम : लाल बहादुर गुरुङ ठेगाना : गोरखा जिल्ला, आरुघाट वडा नं. ५, हाल : काठमाडौं जिल्ला, तारकेश्वर वडा नं. २	
	धितोको विवरण	
	१. आइती माया गुरुङसेनीको नाममा मालपोत कार्यालय धादिङमा दर्ता श्रेष्ता कायम रहेको धादिङ जिल्ला, कम्पुर वडा नं. ७ स्थित कित्ता नं. १३४६ र १३४७ क्षेत्रफल ५१६.६९ र ५१६.६९ वर्ग.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २. गोबिन्द्र गुरुङको नाममा मालपोत कार्यालय धादिङमा दर्ता श्रेष्ता कायम रहेको धादिङ जिल्ला, कम्पुर वडा नं. ७ स्थित कित्ता नं. १७५ को क्षेत्रफल ५४०९.२८ वर्ग.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। ३. आइती माया गुरुङसेनीको नाममा मालपोत कार्यालय मनमैजु दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला, गोलढुङगा वडा नं. १ स्थित कित्ता नं. १६५० को क्षेत्रफल ११५.२५ वर्ग.मि.को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : नेपालटार, काठमाडौं, फोन नं. ०१-४३८७१९२
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

बोलपत्र आह्वान सूचना

यस सूचना द्वारा, Noise ब्रान्डका स्मार्टवाच र इयरबड्स उपकरणहरू २२०१ पीसको Stock Clearance का लागि बोलपत्र आह्वान गरिन्छ। इच्छुक खरिद कर्ताले निम्न शर्तहरू पालना गरी बोलपत्र पेश गर्न अनुरोध छ :

१. बोलपत्र पेश गर्ने अन्तिम म्याद: यो सूचना प्रकाशित भएको मितिबाट एक हप्ता (आर्थत पौष २, २०८१) भित्र बोलपत्र पेश गर्नुपर्नेछ। (सार्वजनिक बिदा समेत)
२. वारेन्टी: बोलपत्र आह्वान गरिएका उपकरणहरूमा खरिद कर्ता तथा उपोभोक्ताहरूले कम्पनीको तर्फ बाट भने कुनै पनि प्रकारको वारेन्टी सुविधा पाउने छैनन्।
३. इच्छुक खरिद कर्ताले बोलपत्र आह्वान गर्नको लागि हाम्रो ठेगानामा बित्तिय Quotations तथा आवश्यक कागजात पत्रहरू (जस्तै: कम्पनी दर्ता प्रमाणपत्र, प्यान/भ्याट दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, आदि) बन्द खाममा दस्तखत तथा सिल बन्दि गरि पठाउनु पर्नेछ।
४. थप जानकारी: बोलपत्र सम्बन्धी थप जानकारीका लागि हाम्रो कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ।

ठेगाना : सेलुसिटी इन्टरनेशनल प्रा. लि., पुतलीसडक-२८, काठमाडौं/ ९८०१२४८९२५
महत्वपूर्ण सूचना : बोलपत्र बुझाउँदा पूर्ण रूपमा सही विवरण प्रस्तुत गर्नुपर्नेछ। प्रस्तुत गरिएका बोलपत्रहरू हाम्रो संस्थाको नियम अनुसार मूल्यांकन गरिनेछ।

Note: Stock आवलकोनका लागि मंसिर ३०, २०८१ का दिन मैतिदेवी स्थित गोदाम visit गर्न सक्नु हुनेछ। गोदाम visit गर्नु अघि कल गरेर मात्र गोदाम visit गर्नु हुन अनुरोध गरिन्छ।
बोलपत्रआह्वान मिति : मंसिर २६, २०८१

स्ट्यान्डर्ड चार्टर्ड बैंकको २५.५ प्रतिशत लाभांश पारित

काठमाडौं / स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपालले लाभांश पारित गरेको छ । बैंकको ३८औँ वार्षिक साधारणसभाले लाभांश पारित गरेको हो ।
बैंकको सञ्चालक समितिले गत आर्थिक वर्ष ०८०/८१ को सञ्चित नाफाबाट १९ प्रतिशत नगद र ६.५ प्रतिशत बोनस सेयर गरी गरी कुल २५.५ प्रतिशत लाभांश दिने प्रस्ताव पेस गरेको



थियो, जसलाई बैंकले पारित गरेको हो ।
बैंकका अनुसार आर्थिक वर्ष २०२३/२४ मा ४.७ अर्ब रुपैयाँ सञ्चालन नाफा कमाएको छ । बैंकको करपछिको वास्तविक नाफा ३.३ अर्ब रुपैयाँ पुगेको छ । चालू आवमा बैंकको इक्विटीमा प्रतिफल (आरओई) १९ प्रतिशत र प्रतिसेयर आम्दानी ३४.७ रुपैयाँ रहेको छ ।
बैंककी अध्यक्ष जरिन दरुवालाले देशकै एक मात्र अन्तर्राष्ट्रिय बैंकका रूपमा नेपालको आर्थिक विकासमा योगदान दिन पाएकामा खुसी व्यक्ति गरिन् । बैंकमा स्ट्यान्डर्ड चार्टर्ड ग्रुपको ७०.२१ प्रतिशत र सर्वसाधारणको २९.७९ प्रतिशत सेयर स्वामित्व छ ।

टीकापुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

टीकापुर,कैलाली,सुदूरपश्चिम प्रदेश,नेपाल

बोलपत्र स्विकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति :२०८१/०८/२६

उपरोक्त विषयमा यस कार्यालयको तर्फबाट नयाँ पत्रिका राष्ट्रिय दैनिकमा मिति २०८१/०६/२३ गते प्रथम पटक प्रकाशित भएको र बोलपत्र आव्हान सम्बन्धी ३० दिने सूचना प्रकाशित भए बमोजिम तोकिएको म्याद भित्र अनलाईन ईलेक्ट्रोनीक बिडिङ्ग मार्फत पर्न आएका बोलपत्रहरु मध्ये तपशिल बमोजीमका बोलपत्र प्रस्तावहरु न्यूनतम मूल्यांकीत सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले र मुल्याकंन समितिबाट स्विकृतिको लागि छनौट गर्न सिफारिस भई आएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ जानकारी गराईन्छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयाजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई ७ (सात) दिने आशयको सूचना समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

तपशिल

क.सं.	आयोजनाको विवरण र आयोजना स्थल	ठेक्का नं.	बोलपत्रदाता फर्मको नाम र ठेगाना	कबोल गरेको रकम (१३ प्रतिशत मु.अ.कर बाहेक) रु
१	कर्णली विश्नाथ धाम क्षेत्रमा हनुमान मन्दिर निर्माण आयोजना, टीकापुर नगरपालिका वडा नं. ५, भगरैया नर्सरी जंगल क्षेत्र, दौलतपुरघाट,कैलाली	TMO/NCB/18/ BUILD/2081/ 082	चन्द्र बिन्दु बिल्डर्स प्रा.लि. काठमाडौं-१४,कुलेश्वर, काठमाडौं	रु ९६,६०,८७५.९१

प्रमुख प्रशासकिय अधिकृत

NEPAL RED CROSS SOCIETY

RAMECHHAP DISTRICT CHAPTER

TENDER NOTICE

Published Date: 11 December 2024

The Nepal Red Cross Society, Ramechhap District Chapter invites sealed tenders from manufacturers/ reputed firms/suppliers for the supply and delivery of **Water Scheme Construction Materials.**

Tender documents with quantity and detail specification of all materials to be supplied can be purchased after submitting the legal documents of the bidding company (Application, VAT Registration Certificate, Company Registration Certificate and latest Tax Clearance Certificate/Time Extension letter from IRD), from Nepal Red Cross Society, Ramechhap District Chapter, Manthali during office hours in working days from **11, December 2024 to 17 December 2024** against payment of Rs. 4,000/- (non-refundable).
The bidders should submit their sealed tenders during working days between office hours **on or before 17 December 2024** and must be marked "**Water Scheme Construction Materials".**

The bidder(s) must deposit 2.5 %(two and a half percent) including VAT 13% of the total bid amount as Earnest Money in the form of Bank Voucher against cash deposited in Current account No. 1080100008850001 of Nepal Red Cross Society Ramechhap District Chapter at Rastriya Banijya Bank Ltd. or bank guarantee from A Class Bank with the validity of at least 90 days at the submission of bids. The successful bidder(s) will have to deposit 10% (ten percent) of the order value including VAT as Performance Security at the time of signing the agreement.

The received sealed tender will be opened on **18 December 2024**, at NRCS, Ramechhap District Chapter, Manthali at **2:00 P.M**. Any discount, increase or decrease in price will not be accepted after opening of sealed tender.

The Materials should be delivered by the successful bidder to Nepal Red Cross Society District chapter Ramechhap Manthali Nagar Palika Ward No. 1

Nepal Red Cross Society
Ramechhap District Chapter
Manthali, 048-540033

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय : कोहलपुर, बाँके
फोन नं.: ०८१-५४१५३२/३६

शाखा कार्यालय : हटौंडा, मकवानपुर
फोन नं.: ०८१-५४१५३२/३६

शाखा कार्यालय: कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
फोन नं.: ०७८-५४०२९६/२७

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१/०८/२६ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०८१/०६/१५ गतेको कारोवार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्धारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालय : कोहलपुर, बाँके

ऋणीको विवरण

पहले बिष्टको नाति, चन्चले बिष्टको छोरा, कैलाली जिल्ला, साँडेपानी गा.वि.स./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **लाल बहादुर बिष्ट (ना.प्र.प.नं. ६७३००५/४४३, कैलाली)**

व्यक्तिगत जमानतकर्ताको विवरण

चन्चले बिष्टको बुहारी, लाल बहादुर बिष्टको पत्नी, कैलाली जिल्ला, साँडेपानी गा.वि.स./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **बसना गिरी (बिष्ट) (ना.प्र.प.नं. ६७१००५/१०२७५, कैलाली)**

धितोमा रहेको सम्पतिको विवरण

लाल बहादुर बिष्टको नाममा भूमिसुधार तथा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता श्रेस्ता कायम रहेको बाँके, जिल्ला, रम्भेना गा.वि.स./न.पा वडा नं. २ स्थित कित्ता नं. १४८६ को क्षेत्रफल १४३.९१ (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगालगापात समेत ।

शाखा कार्यालय : हेटौंडा, मकवानपुर

ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, हेटौडा मकवानपुरमा साझेदारी ऐन, २०२० बमोजिम मिति २०७७/०४/२१ मा दर्ता नं. २२०५/१२८४/०७७/०५८, स्थानीय व्यापार कायम भई दर्ता भएको मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ४ स्थित **म्वाइस मार्ट सप्लायर्स**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. कवि प्रसाद उप्रेतीको नाति, नवराज उप्रेतीको छोरा, मकवानपुर जिल्ला, हाडीखोला गा.वि.स./उ.म.न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **निरन्जन उप्रेती (ना.प्र.प.नं.३११०२०/५४१३३, मकवानपुर)**
२. राज बहादुर कार्कीको नाति, राम बहादुर कार्कीको छोरा, मकवानपुर जिल्ला, हेटौडा गा.वि.स./उ.म.न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **पुजन कार्की (ना.प्र.प.नं.३१-०१-७०-०२०६९, मकवानपुर)**
३. अजमरको नाति, कवि प्रसाद उप्रेतीको छोरा, मकवानपुर जिल्ला, मनहरी गा.वि.स./उ.म.न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **नवराज उप्रेती (ना.प्र.प.नं. २३८५, मकवानपुर)**
४. नवराज उप्रेतीको बुहारी, निरन्जन उप्रेतीको पत्नी, मकवानपुर जिल्ला, कालीकाटार गा.वि.स./उ.म.न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **सम्झना ओझा (ना.प्र.प.नं.३११०४२/८६४५९, मकवानपुर)**
५. कवि प्रसाद उप्रेतीको बुहारी, नवराज उप्रेतीको पत्नी, मकवानपुर जिल्ला, हाडीखोला गा.वि.स./उ.म.न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **पदम कुमारी तिवारी (ना.प्र.प.नं. ३३०५, मकवानपुर)**

धितोमा रहेको सम्पतिको विवरण

१. **नवराज उप्रेतीको** नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला, हाडीखोला गा.वि.स./न.पा. वडा नं. ६ स्थित कित्ता नं. ५५१ को क्षेत्रफल ०-१०-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।
२. **पदम कुमारी तिवारीको** नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला, हाडीखोला गा.वि.स./न.पा. वडा नं. ६ स्थित कि.नं. ६३५ र ६३४ को क्रमशः क्षेत्रफल ०-१-१९-० र ०-२-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

शाखा कार्यालय: कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, कम्पनी ऐन २०६३ को दफा ५ को उपदफा (१) बमोजिम मिति: २०७६/०८/२२ मा दर्ता न. २२९८९१/०७६/०७७ कायम भई दर्ता भएको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला, गैंडाकोट न.पा. वडा नं. १२, हर्कपुर स्थित **चतुर्भुज ट्रेडर्स एण्ड फुड्स इन्डष्ट्रिज प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. देवी प्रसाद कँडेलको नाति, खडानन्द कँडेलको छोरा, नवलपरासी जिल्ला, मुकुन्दपुर गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **रुद्र प्रसाद कँडेल (ना.प्र.प.नं. १८९४७, नवलपरासी)**
२. लिलादत कँडेलको नाति, देवी प्रसाद कँडेलको छोरा, नवलपरासी जिल्ला, बेल्डिहा गा.वि.स./न.पा. वडा नं. (नभएको) स्थित स्थायी ठेगाना भएको **खडानन्द कँडेल (ना.प्र.प.नं. १४४१०, नवलपरासी)**
३. देवी प्रसाद कँडेलको बुहारी, भक्त बहादुरको छोरी, नवलपरासी जिल्ला, मुकुन्दपुर गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **पदम कुमारी मगर (ना.प्र.प.नं. ६३८/१८३८, नवलपरासी)**
४. खडानन्द कँडेलको बुहारी, रुद्र प्रसाद कँडेलको पत्नी, चितवन जिल्ला, पिठुवा गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **अनिला पन्त (ना.प्र.प.नं. ३५३०१२/८०६, चितवन)**
५. टिका राम न्यौपानेको नाति, पदम प्रसाद न्यौपानेको छोरा, गोरखा जिल्ला, सौरपानी गा.वि.स./न.पा.वडा नं. १ स्थित स्थायी ठेगाना भएको **लोक नाथ न्यौपाने (ना.प्र.प.नं. ४४१०४७/१०१, गोरखा)**
६. वेनी माधव प्रसाद पौडेलको नातिनी, चण्डिका प्रसाद पौडेलको छोरी, चितवन जिल्ला, विरेन्द्रनगर गा.वि.स./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **सन्दिपा पौडेल (ना.प्र.प.नं. ३५१०१०/१६२, चितवन)**

धितोमा रहेको सम्पतिको विवरण

रुद्र प्रसाद कँडेलको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को लगतमा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी जिल्ला बेल्डीहा गा.वि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. १८२२ को क्षेत्रफल ०-७-११.५०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगा लगापात समेत ।

२. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीमा औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम मिति: २०७३/०८/०६ मा दर्ता नं. २००/७२८४/०७३ कायम भई दर्ता भएको नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं. ४ स्थित **नमुना पशु तथा कुखुरा पालन फर्म** **प्रोप्राइटर: चोप बहादुर चन्द वोहरा**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. बल बहादुर वोहराको नाति, जीत बहादुर वोहराको छोरा, नवलपरासी जिल्ला, नारायणी गा.वि.स. वडा नं. ८, मदनपुर स्थित स्थायी ठेगाना भएको **चोप बहादुर चन्द वोहरा (ना.प्र.प.नं. ई-५६५८९, नवलपरासी)**
२. जित बहादुर वोहराको बुहारी, चोप बहादुर चन्द वोहराको पत्नी, नवलपरासी जिल्ला, नारायणी गा.वि.स. वडा नं. ८ मदनपुर स्थित स्थायी ठेगाना भएको **दिलमाया गाहा चन्द वोहरा (ना.प्र.प.नं. ३६२०२२/२३४५, नवलपरासी)**

धितोमा रहेको सम्पतिको विवरण

१. **चोप बहादुर चन्द बोहराको** नाममा मालपोत कार्यालय, कावासोती, नवलपरासीको लगतमा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी जिल्ला तम्सरिया गा.वि.स./न.पा. वडा नं. २७ स्थित कित्ता नं. ५२८ को क्षेत्रफल ०-१-७.७५-० (बिघा) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।
२. **चोप बहादुर चन्द बोहराको** नाममा मालपोत कार्यालय, कावासोती, नवरपरासीको लगतमा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी जिल्ला, प्रगतीनगर गा.वि.स./न.पा. वडा नं. ३७ स्थित कित्ता नं. ६८० को क्षेत्रफल ०-०-१०-० (बिघा) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको सम्पुर्ण लिगा लगापात समेत ।

नोट: माथि उल्लेखित शाखा कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को ऋणी नं. २ को धितोमा रहेको सम्पति ऋणी आस्था सप्लायर्सको लागि समेत धितोमा रहको ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८१/०८/२६ गते बुधबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु कोहलपुर, बाँके, हेटौंडा, मकवानपुर, कावासोती र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) बाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८१/०९/१० बुधबार सार्वजनिक बिदा परेकोले मिति २०८१/०९/११ गते बिहिबार कार्यालय समय भित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८१/०९/१२ गते शुक्रबार दिउँसो १:०० बजे यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. धितो सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु कोहलपुर, बाँके, हेटौंडा, मकवानपुर र कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा सम्पर्क राखी बुझ्न सकिनेछ ।

नेपाल प्रिमियर लिग २०२४

रोहितको उत्कृष्ट प्रदर्शनमा लुम्बिनी विजयी

लुम्बिनीले पहिलो जित निकाल्दा कप्तान रोहित पौडेलले ८० रन र चार विकेट लिए भने कर्णालीको तेस्रो जितमा अस्ट्रेलियन विलियम बासिस्टोले पोखराविरुद्ध ६ विकेट लिए

रमेश सुवेदी/नयाँ पत्रिका

नेपाल प्रिमियर लिग (एनपिएल)मा मंगलबार दुई क्रिकेटर चर्चाको शिखरमा रहे। लुम्बिनी लायन्सका कप्तान रोहितकुमार पौडेलको अलराउन्डर र कर्णाली याक्सका अस्ट्रेलियन विलियम बासिस्टोको एकै खेलमा ६ विकेट लिनु नै मुख्य कारण रह्यो। लुम्बिनीले पाँचौं खेलमा जित निकाल्दा रोहितले ब्याटिङ र बलिङमा उत्कृष्ट प्रदर्शन गर्न सफल भए। बासिस्टोले पोखराविरुद्ध ६ विकेटको प्रदर्शन गरेका थिए। कर्णालीले एनपिएलमा तेस्रो जित निकाली प्ले अफ सम्भावना बलियो बनाएको छ।

त्रिवि क्रिकेट मैदानमा १७औं खेलमा कर्णालीले पोखरा एभेन्जर्सलाई सात विकेटले हरायो। पहिलो ब्याटिङ गरेको पोखराले १६.३ ओभरमा १०३ रनको योगफल खडा गऱ्यो। पोखराको ब्याटिङ धराशायी बनाउन बासिस्टोले २८ रन खर्चिएर ६ विकेट र लिनुका साथै दुई क्याचसमेत समातेका थिए। प्रत्युत्तरमा कर्णालीले १५ ओभरमा तीन विकेटको क्षतिमा १०६ रन बनायो। ६ अंकका साथ कर्णाली चौथो स्थानमा छ। पोखरा चितवनसँग ८७ रन तथा जनकपुरसँग सात विकेटले पराजित भएको थियो। तेस्रो खेलमा पोखराले पहिलो जित निकाल्दा लुम्बिनी १० विकेटले पराजित भयो।

■ बासिस्टोको घातक बलिङ

अस्ट्रेलियन बलर बासिस्टो चम्किएपछि पोखराले कुनै पनि विकेटका लागि ठुलो साझेदारी गर्न सकेन। एनपिएलको पहिलो संस्करणमै एक खेलमा ६ विकेट लिने कीर्तिमान बनाएका बासिस्टोले चार ओभर बलिङ गरेका थिए। उनले एकै ओभरमा तीन विकेट लिए पनि ह्याट्रिक लगाउन सकेनन्। इनिङ्सको ९.५ ओभरमा वासिस्टोले पोखराका कप्तान कुशल भुर्तेल र ११.५ ओभरमा क्रिचालीको विकेट लिए। त्यसपछि १३औं ओभरमा उनले तीन विकेट लिएका थिए। १३.१ ओभरमा दिलीप नाथ, १३.३ ओभरमा लिआस्क तथा १३.६ ओभरमा नारायण जोशीको विकेट लिँदा पोखरा ९१-७ को कमजोर अवस्थामा पुग्यो। १५.१ ओभरमा उनले रेफेरको विकेट लिए।

लक्ष्य पछ्याउँदा कर्णालीका चाडविक वाल्टन र गुल्सन झाले जितको आधार खडा गरे। गुल्सनले ३७ बलमा तीन चौका र ४ छक्कासहित सर्वाधिक ४९ रन बनाए। उनले नै विजयी छक्का प्रहार गरे। वाल्टनले ३४ बलमा ६ चौका र १ छक्कासहित ४२ रनको योगदान गरे। दुवैले तेस्रो विकेटका लागि ६० रनको साझेदारी गरेका थिए।



चितवनविरुद्ध अर्धशतक बनाएपछि लुम्बिनीका रोहित पौडेल। तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

अंकतालिका

टोली	खेल	जित	हार	अंक
जनकपुर	४	४	०	८
सुदूरपश्चिम	४	३	१	६
चितवन	५	३	२	६
कर्णाली	५	३	२	६
लुम्बिनी	५	१	४	२
काठमाडौं	३	१	२	२
पोखरा	४	१	३	२
विराटनगर	४	१	३	२

आजका खेल

बिहान ९ : ०० बजे

जनकपुर बोल्ट्स vs सुदूरपश्चिम रोयल्स

दिउँसो १ : ०० बजे

लुम्बिनी लायन्स vs काठमाडौं गुर्खाज

■ लुम्बिनीको पहिलो जित

लुम्बिनीले एनपिएलमै पहिलो जित निकाल्दा चितवनलाई ३३ रनले हरायो। कप्तान रोहितले चार विकेट लिनुका साथै सर्वाधिक ८० रन बनाए। लुम्बिनीले २० ओभरमा ६ विकेट गुमाएर एक सय ६७ रन बनायो। चितवनले २० ओभरमा आठ विकेट गुमाउँदै एक सय ३४ रन बनायो। लुम्बिनी यसअघि विराटनगरसँग दुई विकेट, पोखरासँग १० विकेट, सुदूरपश्चिमसँग ४५ रन तथा जनकपुरसँग एक रनले पराजित भएको थियो। चितवनका लागि लक बेनकेइस्टेनले सर्वाधिक ३१ रन बनाए। कप्तान कुशल मल्लले २० र रिजन ढकाल १५ रन बनाए। लुम्बिनीका रोहितले १७ रन खर्चेर चार विकेट लिए। उनले ब्याटिङमा अर्धशतकीय इनिङ्स खेलेका थिए। उनले ५७ बलमा ६ चौका र पाँच छक्कासहित सर्वाधिक ८० रन बनाए। साद विन जफरले ३५ बलमा चार चौका र एक छक्कासहित ५२ रन बनाए। रोहित र जफरबिच ११४ रनको बलियो साझेदारी भएको थियो।



नेपाल आउँदै ब्रायन लारा

वेस्ट इन्डिजका पूर्वकप्तान एवं लेजेन्डरी क्रिकेटर ब्रायन लारा नेपाल आउने भएका छन्। लारा एनपिएलकै सन्दर्भमा नेपाल आउन लागेको क्यानका सचिव पारस खड्काले सोसल मिडियाबाट जानकारी दिएका छन्। 'ब्रायन लारा यसै हप्ताभित्र आइपुग्ने कुरा छ। उनी अहिले भइरहेको एनपिएल हेर्न आउन लागेका हुन्,' क्यानका प्रवक्ता छुम्बी लामाले भने, 'विश्वकै लेजेन्ड क्रिकेटर आएर नेपाली क्रिकेट हेर्दा र नेपाली क्रिकेटबारे संसारभर सन्देश जानेछ।' लाराको आगमनले प्रतियोगिताले थप नयाँ उचाइ लिने क्यानका सचिव खड्काले बताए। लाराले टेस्ट क्रिकेटमा एकै इनिङमा नटआउट चार सय रन बनाउने कीर्तिमान राखेका छन्।



आजको खेलमा बुमराह मै हुँ

● **रोहितकुमार पौडेल**, कप्तान, लुम्बिनी

मैले लुम्बिनीले जित निकाल्न भारतका जसप्रित बुमराह आवश्यक रहेको बताएको थिएँ। आजको खेलमा बुमराह मै हुँ। लगातार चार खेल हारेको लुम्बिनीलाई प्लेअफ सम्भावना जीवितै राख्न चितवनविरुद्धको खेल जित्नैपर्ने दबाब थियो। यो खेल हारेको भए लुम्बिनीको प्लेअफ खेल्ने सम्भावना समाप्त हुने समीकरण थियो। हामीले चितवनलाई रोक्दै पुनरागमनको संकेत देखायौं। लुम्बिनीको सम्भावना अझै बाँकी छ। बाँकी दुई खेल जित्यौं र अरू टोलीको नजिता हाम्रो पक्षमा आयो भने लुम्बिनी प्लेअफमा पुग्न सक्ने अझै चान्स छ।



नेपालविरुद्ध विश्वकपको खेल सम्झना छ

● **विलियम बासिस्टो**, अलराउन्डर, कर्णाली

१२ वर्षअघि यू-१९ विश्वकपमा नेपाल र अस्ट्रेलियाबिच समूह चरणमा भएको खेल केही सम्झना छ। खेलमा भएका सबै घटना त्यति याद छैन। हामीले नेपाललाई कम स्कोरमा समेटेको जस्तो लाग्छ। त्यसवेला नेपालका देब्रेहाते स्पिनर राहुल विकबारे केही याद छ। त्यही विश्वकपमा खेलेको भारतका कप्तान उन्मुक्त चन्दले लुम्बिनीबाट खेलिरहेका छन्। त्रिवि मैदानमो बलिङ फिगरबारे कसैले पनि अपेक्षा गरेको हुँदैन। स्पिनरविरुद्ध ब्याटिङ गर्न कठिन हुन्छ। बलिङ युनिटको रूपमा हामीले त्यो कन्डिसनको फाइदा उठायौं। नेपाल भ्रमणमा रमाइलो भइरहेको छ।

१८ पुसदेखि एन्फा महिला सुपर लिग

नयाँ पत्रिका

एन्फा महिला सुपर लिग फुटबल प्रतियोगिताको दोस्रो चरण खेल १८ पुस देखि १६ माघसम्म हुने भएको छ। अखिल नेपाल फुटबल संघ (एन्फा)का पदाधिकारी र सुपर लिग खेल्ने पाँच टोलीका प्रतिनिधिबिच मंगलबार भएको संयुक्त बैठकले मिति तय गरेको हो। सुपर लिगको खेल एन्फा कम्प्लेक्समा हुनेछ। प्रतियोगिताको फाइनल खेल दशरथ रंगशालामा हुने एन्फाले जनाएको छ। पहिलो चरणको अंक दोस्रो चरणमा जोडिनेछैन। एन्फाले यसपटक छनोट, लिग र सुपर लिगमा महिला लिग सञ्चालन गरेको हो।

तीन चरण गरी लिगमा ९० खेल हुनेछन्। यसअघि भएको पहिलो चरणमा शीर्ष पाँच टोलीले दोस्रो चरणमा स्थान पक्का गरेका थिए। पाँचौं स्थानको कोशी प्रदेश फुटबल क्लबले आर्थिक कारण देखाउँदै १८ पुसबाट सुरु हुने लिगमा सहभागिता नजनाउने निर्णय लिएको छ। कोशीले भाग नलिने भएपछि छैटौं स्थानको बागमती युथ क्लबले सुपर लिग खेल्ने एन्फा प्रवक्ता सुरेश शाहले जानकारी दिए।

'कोशीले भाग नलिने भएपछि छैटौं स्थानको बागमतीलाई मौका दिएको हो,' शाहले भने, 'लिगको सबै तयारी भइसकेको छ।' सुपर लिगमा एपिएफ, त्रिभुवन आर्मी, नेपाल, वालिङ नगरपालिका र बागमतीले प्रतिस्पर्धा गर्नेछन्। लिगको मिति तथा अन्य विषयमा छलफलमा शीर्ष चार टोलीका पदाधिकारीहरूले भाग लिएको प्रवक्ता शाहले बताए। एन्फाका प्रतिनिधिको बैठकमा सहभागिता रहेको शाहले बताए। सुपर लिगबाट शीर्ष चार टोली प्ले-अफका लागि छनोट हुनेछन्। शीर्ष दुई टोलीले पहिलो क्वालिफायरमा प्रतिस्पर्धा गर्नेछन्। यस खेलको विजेता फाइनलमा पुग्नेछ। पहिलो क्वालिफायरमा पराजित टोलीले तेस्रो र चौथो स्थानबिचको विजेतासँग प्रतिस्पर्धा गर्ने एन्फाले जनाएको छ।

खेल संक्षेप

विश्व एक्वेटिक्समा सहभागी हुँदै नेपाल

काठमाडौं/ नेपालको पौडी टोलीले हंगेरीको बुढापेस्टमा हुने विश्व एक्वेटिक्स पौडी च्याम्पियनसिपमा सहभागिता जनाउने भएको छ। १० देखि १६ डिसेम्बरसम्म हुने प्रतियोगितामा सहभागी हुने टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले बिदाइ गरेका छन्। पुरुषमा अजलकाजी ताम्राकार र अथर्व सिंहले प्रतिस्पर्धा गर्ने छन्। महिलामा अनुशिया तण्डुकार र दुवाना लामाले भाग लिने संघका सचिव गंगालाल गोलले जनाएका छन्। दुवाना हंगेरी पुगिसकेकी छिन्।

फेका कप फुटबल शुक्रबारदेखि

काठमाडौं/ संस्थागत विद्यालयहरूको संस्था (फेका)को आयोजनामा १७औं फेका कप अन्तरविद्यालय छात्र फुटबल प्रतियोगिता शुक्रबारदेखि हुने भएको छ। प्रतियोगितामा २५ टोली सहभागिता रहने फेकाका सहसचिव राजु दाहालले जनाएका छन्। पहिलो हुने टोलीले ३० हजार रुपैयाँ जित्नेछ। दोस्रोले २० हजार, तेस्रोले १० हजार र चौथो हुने टोलीले पाँच हजार रूपैयाँ जित्ने आयोजकले जनाएको छ। व्यक्तिगत विधातर्फ उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर, स्ट्राइकर र प्रशिक्षक पनि पुरस्कृत गरिने छ। ६ पुससम्म चल्ने नकआउट प्रतियोगिताको सांघिक विजेता गेटवे एकेडेमी हो।

लालीगुराँसद्वारा उपाधि रक्षा

काठमाडौं/ साबिक विजेता लालीगुराँस नेसनल एकेडेमीले तेस्रो मेयर रनिङ सिल्ड खेलकुद प्रतियोगिताको उपाधि मंगलबार जितेको छ। लालीगुराँसले सर्वाधिक २९ स्वर्ण, ६ रजत र ११ कांस्य हात पारेको छ। हिमरश्मि १३ स्वर्ण, २६ रजत र १४ कांस्यका साथ उपविजेता भयो। गत संस्करणमा पनि हिमरश्मि दोस्रो भएको थियो। पहिलो संस्करणमा हिमरश्मिले टिम च्याम्पियनको उपाधि उचालेको थियो। किन्डर गार्टेनले ८ स्वर्ण, ३ रजत र १ कांस्यका साथ तेस्रो स्थानमा छ। चौथो स्थानको मानसिंह धर्म माविले ५ स्वर्ण, ६ रजत र ३ कांस्य प्राप्त गऱ्यो। विजेताले एक लाख, उपविजेताले ६० हजार र तेस्रोले ४० हजार पाएका छन्।

एथलेटिक्समा लालीगुराँसले सर्वाधिक १९ स्वर्ण, ४ रजत र १ कांस्य जितेको थियो। करौंतेमा पनि टिम च्याम्पियन बन्ने क्रममा लालीगुराँसले ६ स्वर्ण, १ रजत र २ कांस्य हात पारेको थियो। तेक्वान्दोमा कौशल ३ स्वर्ण, २ रजत र १ कांस्यसहित टिम च्याम्पियन भयो। उसुमा टिम च्याम्पियन बनेको किन्डर गार्टेनले ८ स्वर्ण, ३ रजत र १ कांस्य हात पाऱ्यो।

भूपेन्द्रले जिते दुई पदक

काठमाडौं/ नेपालका भूपेन्द्र गुरुङले छैटौं एनुयल बक्स काउन्टी विन्टर मार्सल आर्ट्स् च्याम्पियनसिपमा समान एक स्वर्ण र रजत पदक जितेका छन्। नर्थ अमेरिका फेडरेसन अफ मार्सल आर्ट्सको आयोजनामा भएको प्रतियोगितामा भूपेन्द्रले ट्रेडिसनल फमको छाड छ्वानमा स्वर्ण र ओपन फमको ताइचीमा रजत जितेका हुन्। प्रतियोगितामा अमेरिकाको २२ मार्सल आर्ट्स क्लबका ३ सय ४७ खेलाडी सहभागी थिए।

पहिलो दिन जयराम शीर्ष स्थानमा

काठमाडौं/ सूर्य नेपाल गल्फ टुर २०२४/२५ अन्तर्गत दोस्रो प्रतियोगिता सूर्य नेपाल काठमाडौं ओपनको पहिलो दिन मंगलबार जयराम श्रेष्ठ ४ अन्डर ६४ स्कोरका साथ शीर्ष स्थानमा रहेका छन्। शिवरामले विष्णुप्रसाद शर्मा र नीरज तामाङलाई एक स्ट्रोकले पछि पारेका छन्।

रोयल नेपाल गल्फ क्लबमा सुरु भएको प्रतियोगितामा विष्णु र नीरजले दोस्रो स्थान रक्षा गर्दा ३ अन्डर ६५ स्कोर गरेका छन्। नेपाल नम्बर एक एमेच्योर गल्फर सदभाव आचार्य २ अन्डर ६६ स्कोरका साथ चौथो स्थानमा छन्। इभन पार ६८ को स्कोर गरेका भेट्रान प्रो-दीपक मगर र प्रदीप कुमारलामाले पाँचौं स्थान बाँडे। रमेश अधिकारी र दिनेश प्रजापतिले १ ओभर ६९ को स्कोर निकाले। दुवै सातौं स्थान रहेका छन्। यसैगरी, २ ओभर ७० को स्कोर गरेका रामे मगर, कृष्णमान राजबाहक, रवि खड्का, वसन्तराज गुरुङ तथा एमेच्योरद्वय ज्ञानबहादुर ढेंगा र राहुल विके नवौं स्थानमा रहे। रोयल नेपाल गल्फ क्लबका जयरामले बोगीरहित स्कोर कार्ड निकाली फ्रन्ट र ब्याक नाइनमा समान २ अन्डर ३२ स्कोर गरेका थिए। उनले चौथो, आठौं, दशौं र बाह्रौं होलमा बर्डी प्रहार गरेका थिए।

विष्णुले पहिलो र सातौं होलमा समान एक सट बचाउँदै फ्रन्ट नाइन २ अन्डर ३२ स्कोर गरेका थिए। १२औं र १३औं होलमा दुई बर्डीका साथ ब्याक नाइन १ अन्डर ३३ स्कोर गर्न सफल भए। साबिक विजेता नीरजले दोस्रो होलमा बोगी प्रहार गरेका थिर, तर चौथो र पाँचौं होलको बर्डीले फ्रन्ट नाइन १ अन्डर ३३ स्कोरमा अड्किए। उनले ब्याक नाइनमा २ अन्डर ३२ स्कोर गरे।

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तपशिलमा उल्लिखित ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मिति २०८१/०८/२६

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४९२
फोन नं. ०७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (साबिक नेपाल ईन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)बाट उपभोग गर्नुभएको कर्जा समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चलअचल सम्पति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको सम्पति लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणी तथा व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण	क्र.सं.	ऋणी तथा व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण
१.	**ऋणी : ए.एस एम इन्टरनेश्नल (विविध कर्जा)- शाखा कार्यालय बिर्तामोड**, सा.फ.र.नं. : १२/१३२१३/५/९ ठेगाना : मेचीनगर न.पा. १०, झापा **व्यक्तिगत जमानीकर्ताहरु :** **१. मधुकर बस्नेत** (ना.प्र.नं. २८-०१-०६५-००६२३, मिति २०६५/०२/१९ मा जि.प्र.का. ललितपुरबाट जारी भएको) बाबु : लक्ष्मण बस्नेत, बाजे : कृष्ण बहादुर बस्नेत **२. भीम कुमारी राई** (ना.प्र.नं. ०५३०१०/७५४, मिति २०६३/१०/२४ मा जि.प्र.का. मोरङबाट जारी भएको) बाबु : कान्छा बहादुर राई, बाजे : राम प्रसाद राई	२.	**ऋणी : म्यालली ट्रेड लिङ्क प्रा.लि. (विविध कर्जा)- शाखा कार्यालय कपन**, दर्ता.नं. : १६१७५५७/०७३/०७४ ठेगाना : काठमाडौं म.न.पा. ३३, काठमाडौं **व्यक्तिगत जमानीकर्ताहरु :** **१. मिन बहादुर शाही** (ना.प्र.नं. ६८११/१३९१३/१२७९/०३६, मिति २०५७/०७/१६ मा जि.प्र.का. डोटीबाट जारी भएको) बाबु : राम बहादुर शाही, बाजे : जंगा बहादुर शाही **२. सुजना कुमारी सिंह** (ना.प्र.नं. ७११०२१/१४, मिति २०६४/०३/३२ मा जि.प्र.का. बझाङबाट जारी भएको) पति : मिन बहादुर शाही, ससुरा : राम बहादुर शाही **३. सगुन खड्का** (ना.प्र.नं. ३५-०१-७१-०१५७२, मिति २०७१/०२/१६ मा जि.प्र.का. चितवनबाट जारी भएको) बाबु : तेज बहादुर खड्का, बाजे : जनक बहादुर खड्का **४. सुमन खड्का** (ना.प्र.नं. ३५-०१-७४-०८९२९, मिति २०७४/०७/०५ मा जि.प्र.का. चितवनबाट जारी भएको) बाबु : तेज बहादुर खड्का, बाजे : जनक बहादुर खड्का **५. तेज बहादुर खड्का** (ना.प्र.नं. ३६४१९६०७, मिति २०४८/१२/२३ मा जि.प्र.का.सर्लाहीबाट जारी भएको) बाबु : जनक बहादुर खड्का, बाजे : रण बहादुर खड्का
३.	**ऋणीहरु: कूलानन्द पौडेल/राधा पौडेल/मधु प्रसाद पौडेल (विविध कर्जा)- शाखा कार्यालय जितपुर** ठेगाना : वाणगंगा ०८, कपिलवस्तु **क) कूलानन्द पौडेल** (ना.प्र.नं. २१/३१७५, मिति २०४४/१०/२१ मा जि.प्र.का. अर्घाखाँचीबाट जारी भएको) बाबु : भूवानीश्वर पौडेल, बाजे : इन्द्रमनी पौडेल **ख) राधा पौडेल** (ना.प्र.नं. १०२२८/४२२६, मिति २०५३/०७/१२ मा जि.प्र.का. अर्घाखाँचीबाट जारी भएको) पति : कूलानन्द पौडेल, ससुरा : भूवानीश्वर पौडेल **ग) मधु प्रसाद पौडेल** (ना.प्र.नं. ४०-३०-७०-०००५०, मिति २०७०/०१/२२ मा जि.प्र.का. अर्घाखाँचीबाट जारी भएको) बाबु : कूलानन्द पौडेल, बाजे : भूवानीश्वर पौडेल		
४.	**ऋणी : ऐश्वर्य रेडिमेड स्टोर (चालुपुँजी कर्जा)- शाखा कार्यालय जितपुर**, प्रा.फ.र.नं. : ७५२७/०७४, ठेगाना : वाणगंगा ०८, कपिलवस्तु **व्यक्तिगत जमानीकर्ताहरु :** **१. कूलानन्द पौडेल** (ना.प्र.नं. २१/३१७५, मिति २०४४/१०/२१ मा जि.प्र.का. अर्घाखाँचीबाट जारी भएको), बाबु : भूवानीश्वर पौडेल, बाजे : इन्द्रमनी पौडेल **२. राधा पौडेल** (ना.प्र.नं. १०२२८/४२२६, मिति २०५३/०७/१२ मा जि.प्र.का. अर्घाखाँचीबाट जारी भएको) पति : कूलानन्द पौडेल, ससुरा : भूवानीश्वर पौडेल **३. मधु प्रसाद पौडेल** (ना.प्र.नं. ४०-३०-७०-०००५०, मिति २०७०/०१/२२ मा जि.प्र.का. अर्घाखाँचीबाट जारी भएको) बाबु : कूलानन्द पौडेल, बाजे : भूवानीश्वर पौडेल		

Jagannath Rural Municipality
Office of the Municipal Executive
Juddi, Bajura

INVITATION FOR SEALED QUOTATIONS

First Date of Publication: 2081/08/26

1. The Government of Nepal (GoN) has allocated funds to Jagannath Rural Municipality for following works, the Municipality intends to apply the funds to cover eligible payments under the Contract for road and drinking water projects. Bid is open to all eligible Nepalese Bidders.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Jagannath Rural Municipality.
3. Bidding documents may be purchased from the office of Jagannath Rural Municipality, Bajura by eligible Bidders, on submission of a written application and upon payment of a non-refundable fee for bid documents as mentioned in the following table, until the (last date of purchase of bidding document) from the first date of publication of this notice.
4. Bids must be submitted to the office of Jagannath Rural Municipality only online via bolpatra.gov.np/egp on or before 12:00 hrs noon on 2081/09/25. Documents received after this deadline shall not be accepted.
5. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at Jagannath Rural Municipality on 13:00 hrs on 2081/09/25 at the office of Jagannath Rural Municipality, Bajura. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by bid security as specified below, which shall be valid for 30 days beyond the bid validity period.
6. If bidder wishes to submit the Bid Security in the form of cash, Bidder has to deposit cash in Himalayan Bank Ltd., Jagannath Branch at the Name of Jagannath Rural Municipality, Account Number 07208951850017 and submit bank deposit voucher along with the bid.
7. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
8. For purchasing Bids, Bidder has to deposit in Himalayan Bank Ltd., Jagannath Branch NRs.1000.00 Cash in deposit at the Name of Jagannath Rural Municipality and Account Number 07208951850012 and summit Bank deposit voucher along with the bid.
9. The name and identification of the contract are as follows:

Description of Work	Estimated Amount, NRs (Excluding VAT and contingencies)	Bid Security Amount (NRs.)	Bid Document Fee
Tokare Dekhi Thulachaur Luma Samma Drinking Water Supply Construction Works JRM/DW/SQ/Works/01/081/082	1461350.83	39500	1000
Odala To Dada Kharka Samma Sadak Marmat JRM/ROAD/SQ/Works/02/081/082	1668425.74	45000	1000

10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
11. All other rules and regulations should prevail according to Public Procurement Act and Regulation and Nepal Government rules.

Chief Administrative Officer

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com